# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

समाजमा महिलालाइ हृर्ने दृष्टिकोण गर्भावस्था देखि मृत्यु प्रयत्न पनि विभेद रहन्छ भन्ने विश्वब्यापीरुपमानै सर्वमान्य तथ्य भइसकेको छ ।समाजको पहिलो इकाई परिवारमा सर्वप्रथम आमाबाटनै मनोबैज्ञानिक गतिशिलता संगै लैङ्गिक असमानता शुरु हुन्छ । महिला र पुरुष बीच भएको जैवीकलिङ्गको फरकबाट समाजले लैङ्गिकविभेद गर्न शुरु गरेको हो । केहि नारीबादी विश्लेषकहरुले महिलाको सापेक्षित रुपमा आर्थिक सामर्थ्य विहिन हुनुको कारण विवाह, आमा बाबुको जिम्मेवारी तथा लैङ्गिक अभ्यासमाअसमानता निर्धारण हुन्छ भनेका छन । अन्य केहिको भनाइमालैङ्गिक रुपमा हुने श्रमको बाडफाडबाट नै घर परिवार तथा पुरा समुदायमा लैङ्गिकअसमानता निर्माण भएको हुन्छ (Sahay, 1998) ।मानवसमाजको विकास हुदैजादा उपरोक्त विश्वासका साथ एक प्रकारको धारणा विकास हुन जाने र सोहि अन्तरनिहित धारणाको आधारमा नीति नियम तथा सामाजिक मूल्य मान्यता स्थापना हुन गई सामाजमा लैङ्गिक विभेद शुरु भएकोमानिन्छ ।

यसरी हेर्दा महिला र पुरुष बीच भएको आधारभूत अधिकार, श्रोतमा पँहुच, तथा आफ्नो जीवन व्यतित गर्ने शक्तीमा भएको विभेद विश्वब्यापी रुपमानै ब्याप्त भएकोलेलैङ्गिक समानता र महिला सशक्तीकरण एक जटिल विषय बन्न गएको छ ।

समकालीन लैङ्गिक समताको समाजशास्त्रीय बहसमा पहिलो महिलाको विकास र दोश्रो महिला सशक्तीकरण गरी दुइटा दृश्टिकोणहरु देखा परेको पाइन्छ । सन १९७० भन्दा पहिले विकास कार्यक्रम तथा नीतिहरुलाइ लैङ्गिक तटष्थ रुपमा लिइ दुवै लिङ्गले बराबर प्रतिफल प्राप्त हुनेकुरा विश्वास गरिन्थ्यो । उपरोक्त विश्वास बोजेरुपले आर्थिक विकासमा महिलाको भूमिका भन्ने पुष्तक लेखे पश्चात परिवर्तन भएको पाइन्छ (Sahay, 1998)। अन्य शोधकर्ताको साथै उनले उत्पादन बृद्धि र आधुनिकरणले मात्र महिलालाइ प्रतिफल नदिएकोले विकास प्रकृयामा उनीहरुलाइ संबोधन गर्न शुरु गर्न आवश्यक छ भनि दाबी गरिन । तर महिला माथि उत्पादन र पूनर्पादनको दोहोरो भूमिका एकैसाथ गर्नु पर्दा अतिरिक्त कार्य बोझ थपिएकोले यसको असर नकारात्मक रह्यो।यहिबाट नै विकासमा महिला(WID)भन्ने अवधाराणा विकास भएको हो । विकासका योजना तथा कार्यक्रमहरुमा महिलालाइ समावेश गराउनु पर्दछ भन्ने नै यो अवधाराणको अन्तरनिहित तर्क हो । अर्को तर्फ पुरुष पनि समस्याको एक भाग भएता पनि यो अवधाराणामा सामाजिकलैङ्गिक संबन्धलाइ बेवास्ता गरेको भनि आलोचना गरेको पाइन्छ । सन १९८० देखिWID अवधाराणले महिलालाइ जनसंख्या नियन्त्रण तथा खाद्य उत्पादनको औजारको रुपमा अति केन्द्रित गरेको, तर महिलालाई दमन गर्ने संरचनाहरुलाइ संबोधन गर्न बेवास्ता गरेको भनि महशुस गरियो । यसैबाट नै विकासको केन्द्रमा लैङ्गिक संबन्धलाइ राख्नु पर्दछ भन्ने तर्कबलियो हुदै गयो ।संयूक्त राष्ट्रसंघको चौथो विश्व महिला सम्मेलन बेइजिंग १९९५ बाट सामाजिकलैङ्गिकता र विकास (

GAD)भन्ने एक नयां दृष्टिकोण तर्फ संकेत गरी यसलाइ विश्वब्यापी विकास संबन्धी बहसमा समाबेश गरियो।GADअवधाराणले महिला विकास प्रयासको एक सकृय पात्र हो भन्ने दृष्टीकोण राख्दछ र उनीहरुको सामाजमा रहेको सिमान्तकृत स्थानलाई परिवर्तन गरी महिला र पुरुष बीच समान स्थान प्राप्त गर्ने सोच राख्दछ । यसले महिलाहरुमा पूर्णरुपमा आफ्नो अबस्थाको बारेमा जानकारी नहुने कुरालाइ मान्यता दिदै उनीहरु आफ्नो राजनीतिक र आर्थिक सामर्थ्यलाइ बढाउन आफै संगठीत हुनुपर्नेमा जोड दिन्छन(Moser& Moser,2005)।

सशक्तीकरणलाई विभिन्न विद्वानहरुले फरक ढंगले परिभाषित गरेको पाइन्छ । समग्रमा हेर्दा यसले कुनै ब्यक्ति वा समुहले आफ्नो मनलागेको कार्य गरी आषातित उपलब्धी हासिल गर्न उपयूक्त बिकल्प छनौट गर्ने र रोजेको कार्यलाइ  उपलब्धीमा रुपान्तरीत गर्ने क्षमता अभिबृद्धि गर्ने भन्ने बुझिन्छ (Alsop & Heinsohn, 2005)। यसलाई अर्को अर्थमा संसाधनमा स्वनियन्त्रण तथा उपयुक्त विकल्प दिन उच्च आत्मविश्वासका साथ सामर्थ्यवान हुनु हो । सशक्तीकरणका निमित्त मूख्यतया तीन आयामहरु हुन्छन । पहिलो समाजिक आयाम जसले सामाजमा सम्मानजनक र विभेदमुक्त स्थान रहने कुरा देखाउछ । यसलाइ सामाजिकसशक्तीकरण भनिन्छ । दोश्रौ राजनीतिकसशक्तीकरणले शासकिय संगठनहरु तथा प्रशासकीय ओहदामा कुनै पछाडी पारिएका ब्यक्तिको स्थानको सुनिश्चितता हुने कुरा जनाउछ । त्यस्तै तेश्रो आर्थिकसशक्तीकरणले समान रोजगारी, उत्पादनको साधनमा अपनत्व र त्यसको प्रतिफलमा सहभागि गराउन योग्य बनाउन मद्दत गर्दछ । यसै बमोजिम महिलाको सामाजिकसशक्तीकरणको सन्दर्भमा हेर्दा महिलाको आफ्नो परिवार वा समाजको उन्नतिमा निर्धक्क रुपमा विकल्पको छनौट गर्न सामर्थ्य राख्ने, श्रोतमा पहुँच जनाउने तथा निर्णयमा सरिक हुन विभेद मुक्त रुपमा सामर्थ्य जनाउने अवस्थालाई जनाउदछ । तसर्थ सामाजिकसशक्तीकरणमा आर्थिक, राजनीतिक तथा सांस्कृतिक आयामहरुले भूमिका खेलेको हुन्छ ।

मजुरिनको  ज्याला नपाउने कार्य, लैङ्गिकश्रमको वाडफाड र महिला भएकै कारण हुने हिंसा जस्ता अनगिन्ती लैङ्गिक असमानतालाइ संवोधन गर्न सहकारी एक प्रभावकारी प्रवेश विन्दु हुने बताएका छन (Majurin, 2012)।

सहकारी संगठन आधुनिक संगठनको निश्चित सिद्धान्त, मुल्य मान्यता, घनिष्टता एवं पारस्परिकतामा आधारित भइ आफ्ना सदस्यहरुको साझा ईच्छा र चाहनाको परिपूर्तिका लागि प्रयत्नरत रहन्छ । बिद्यमान आर्थिक तथा सामाजिक परिवेश अनुकुल सहकारीको प्रयोग गर्ने गरिएकोले विभिन्न आर्थिक तथा सामाजिक परिस्थितिले सहकारीताको परिभाषामा समेत विभिन्नता ल्याउन सक्ने भएता पनि यसको विश्वब्यापी सिद्धान्त, मुल्य मान्यतालाई उत्तिकै रुपमा अंगिकार गरिदै आएको पाईन्छ ।सहकारीले महिलालाई  समुहमा मिलन गराउने, नयाँ जिम्मेवारी सम्हाल्न तथा सामाजिक बन्न योगदान पुर्याउछ । महिलाको सहभागितामा बृद्धि हुदा उनीहरुको मनोवल र स्वायत्ततामा बृद्धि भइ यी

तत्वहरुबाट महिलाहरुलाइ दिर्घकालीन रुपमा सामर्थ्यबान गराउन योगदान दिन्छ । समुहमा सहभागितामा जनाउदा सामुहिकरुपमा शक्ती आर्जन भइ महिला सशक्तीकरण हुन जान्छ ।

समुदायमा रहेको साधन/स्रोतको सङ्गठित संस्थामार्फत् पारिचालन गरी सामाजिक रूपान्तरण, समावेशी आर्थिक वृद्धि र समुदायको सशक्तीकरणमा सहकारीको भूमिका हुन्छ । सरकार उपस्थित हुननसक्ने र निजी क्षेत्र आकर्षित नहुने सामाजिक व्यवसायको मर्मअनुसार आधारभूत क्षेत्रमा वस्तु र सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहन्छ । खासगरी ग्रामीण तथा स्थानीयस्तरमा जनसमुदायलाई सङ्गठित गरी उनीहरूको आर्थिक-सामाजिक रूपान्तरण गर्न र समावेशी आर्थिक वृद्धिमा सहकारी क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । सहकारी अभियान, सञ्जाल र शक्तिलाई उद्यम विकास, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा सक्रिय गराइनेछ भनि चौधौयोजनाले उल्लेख गरेको पाइन्छ (राष्ट्रिय योजना आयोग,२०७३) । उपरोक्त वाक्यांसबाट पनिनेपालको सार्वनिक नीति तथा योजनाले महिला सशक्तीकरणमा सहकारीको भूमिकालाइ स्पष्ट रुपमा स्वीकारेको पाइन्छ ।

हालसम्म नेपालमा ३३ हजारको संख्यामा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । समग्रतामा सहकारी क्षेत्रबाट वित्तीय क्षेत्रमा सहकारीको योगदान झण्डै २१ प्रतिशत पुगेको अनुमान छ भने मुलुकको कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान क्रमशः बृद्धि हुँदै गएको छ । वि.स. २०७२ साल असार सम्म नेपाल राज्यभर संचालित विभिन्न प्रकृतिका सहकारी संघसंस्थाको शेयर पुँजी रु. ६३ अर्व पुगको छ भने बचत निक्षेप रु. २०२ अर्व र लगानी रु. १८८ अर्व पुगेको छ । आ.व. २०७१/७२ को अन्त्य सम्म यस क्षेत्रले ५७,८५४ विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेकोछ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा, उद्योग, व्यापार, सेवा र व्यवसाय मार्फत लाखौं व्यक्तिहरुलाई रोजगारी दिने र बैदेशिक रोजगारीमा समेत पहुँच विस्तार गर्ने काम गरेकोछ । विशेष गरी सामाजिक र सांस्कृतिक क्षेत्रमा जनचेतना अभिबृद्धि गर्नमा सहकारीको योगदान अतुलनीय रहँदै आएको छ (सहकारी विभाग, २०७२)।

माथि उल्लेखित सन्दर्भहरूमा दृष्टि दिँदै महिला समानताकोलागि निजहरुको सशक्तीकरणमा प्यूठान जिल्लाको भिङ्ग गा.वि.स. मा स्थापना भएकोप्रज्वलितसामाजिकउद्यमी महिला सहकारी संस्था एक माध्यम हुन सक्ने देखि यसमा आबद्ध महिलाहरूको सशक्तीकरणमा खेलेको भूमिकालाई उजागर गर्ने प्रयास गरिएको छ । साथै यस अनुसन्धानबाट उपरोक्त सहकारीमाआबद्ध महिलाहरुको सामाजिक सशक्तीकरणको मापन गर्न कबीरको एजेन्सी, श्रोत र उपलब्धी (Agency, Resources and Achievements) सम्बन्धी सिद्धान्तको आधारसमेत मानिने छ।

### *१.२ समस्याको कथन*

नेपाली समाजमा धेरै जसो महिलाहरू भासिन, २००३ ले भने जस्तैघरायसी क्रियाकलाप तथा पूनर्त्पादनको कार्यमा अधिक समय बिताएको पाइन्छ ।उनीहरुले पुरुष भन्दा कम अधिकार अभ्यास गर्ने,

कम उत्पादनका संसाधनमा नियन्त्रण रहने, पुरुष भन्दा बढी समय काम गर्ने तर उनीहरुको कामलाइ या त अपमूल्यांकन गरिन्छ या कम ज्यालादिइन्छ । महिलाहरु पुरुषहरुबाट पूर्णरुपमा हिंसा व्यहोरीरहेका हुन्छन । उनीहरुसंग सामाजिक, आर्थिक र राजनीतिक संस्थाहरुमा अति कम निर्णय गर्ने अधिकार रहेको हुन्छ (Bhasin, 2003) । उपरोक्त भासिनको भनाइ नेपाली समाजमा हुवहु लागु हुने हुदा महिला संग कम व्यक्तिगत स्वतन्त्रता र थौरैमात्र आफ्नो नियन्त्रणमा रहने उत्पादनका संसाधनहरु रहेका छन । साथै कबीरको भनाइ अनुसार उनीहरुले आफ्नो जीवन र समाज निर्माणमा हुने निर्णय प्रकृयालाइ सिमित रुपमामात्र प्रभाव पार्न सक्दछन(Kabeer, 1999)। महिला पुरुष बीच परम्परागत मूल्य, मान्यता र दृष्टिकोणलाई आधारमानी राज्यभित्र सामाजिक, आर्थिक तथा राजनैतिक दृष्टिकोणबाट समेत विभिन्न माध्यमबाट महिलाहरूलाई पुरुषहरूको तुलनामा भेदभावपूर्ण ढंगबाट हेरिने गरेकोपाइन्छ । एकातर्फ देशमा एक पछि अर्को राजनीतिक परिवर्तन भएकाले महिलाहरूको आर्थिक एवं राजनीतिक क्षेत्रमा उल्लेख्यरुपमा अधिकार प्राप्त गरेका छन भने अर्को तर्फ पचास प्रतिशतको करीव जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सदासर्वदा संलग्न रहेतापनि अशिक्षा, अस्वास्थ्यता, गरीबी तथा परम्परागत सामाजिक रुढीवादी व्यवहारले गर्दा सम्पत्ति, आय, रोजगार जस्ता आर्थिक स्रोत र समाजमा ससंमान रहन सक्ने सामाजिक तथा मनोबैज्ञानिकश्रोत तथा अवसरहरूको पहुँचबाट टाढा छन् । साथै उनीहरुमा आफ्नो हित अनुकुल विकल्प छनौट गरी निर्णय गराउन सामर्थ्य समेत रहेको पाइदैन । तथापी राजनीतिक परिवर्तनबाट महिलाहरूको आर्थिक एवं राजनीतिक क्षेत्र उल्लेख्यरुपमा अधिकार प्राप्त भएकोले उनीहरुमा एक खालको जागरण पैदा भईविभिन्न संघ संगठनमा आबद्ध भएका देखिन्छन ।साथैआफ्नोश्रमको मूल्याङकन हुने गरी रोजगारी प्राप्ती तथा आयमूलक ब्यावसाय संचालन गरी घर परिवार चलाउन श्रोतमा पँहुच तथा सिप बिकास र क्षमता अभिबृद्धि हुनु पर्नेमा आवाज उठाउदै आएका छन । यसको फलस्वरुप क्रमिकरुपमा उनीहरुको राजनीति तथा प्रशासनीक संगठनहरुकामा पँहुच बढेको,विभिन्न विकास निर्माणका र समाज सुधारका कार्यमा सहभागिता जनाएका प्रतिफलमा अपनत्व कायम गर्न उन्मुख भएको पाइन्छ ।

त्यस्तै विश्वब्यापी रुपमा भएको सहकारी आन्दोलन र त्यसको प्रभाव स्वरुप बेलवास रभिङ्गकोसामाजमा विद्यमान कुरुती तथा महिला हिंसा विरुद्ध सशक्त आवाज उठाउन तथा सामाजिक क्षेत्र तथा विकास निर्माणमा महिलाको सशक्त सहभागिता बृद्धि गर्न भनि गठन भएका विभिन्न आमा समुहहरुाको संयूक्त प्रयासबाट वि. स. २०६८ मा प्रज्वलित सामाजिक उद्यमी महिला सहकारी संस्था गठन भयो।

उल्लिखित क्षेत्रमा ब्राहमण, क्षेत्री, मगर, गुरुङ, नेवार,दलित लगायतका जातजातिहरू बसोवास गर्ने भएकाले बहुजातिय समाज रहेको छ । यहाँ सनातन हिन्दु धर्मावलम्बीकोबाहुल्यता रहेकोले समाजमा पितृ सत्तात्मक सोच विद्यमान छ । यो समाज पुरुष प्रधान समाज हो र पुरुषहरू विशेषगरी घर बाहिरको आय आर्जन र उत्पादन मूलककाममा संलग्न रहेका छन् । महिलाहरू घर भित्र र बाहिर पुरुषको तुलनामा अधिक समय काम गर्ने भएतापनि उनीहरुले गरेको उत्पादनको कामलाइ आय आर्जनमा गणना

गरिदैन। उनीहरू पूनर्उत्पादन र अधिक समय घरभित्रका काममा नै सीमित रहने भएकोलेसामाजिककार्यमा संलग्न हुने समय नै पाएका थिएनन् । उनीहरुको घरायसी एवं सामाजिक महत्वका विषयमा निर्णय गर्ने क्षमता विकास नभएको कारण समाजमा उनीहरु पुरुषको तुलनामा हरेक क्षेत्रमा पछाडी पारिएको हुदा केही अग्रणी महिलाहरूको सक्रियताएवंकेहि गैर सरकारी संस्थाहरुको सहयोगमा यस ठाउँका महिलाहरूले आमा समूहको स्थापना गरे । त्यस पछि पुन महिलाहरुले उनीहरुले आफैले आर्थिक रुपमा आफुलाइ परनिर्भर नहुन र स्वनिर्णयको आधारमा संस्था संचालन गर्न उपरोक्त सहकारी संस्था गठन गर्न पुगे ।

महिला सहकारीबाट महिलाहरुको आफनै निर्णयबाट आपसी हितको कार्यहरु हुने भएकाले नेतृत्व विकास तथा निर्णय क्षमतामा बृद्धि हुने, महिला हितको निमित्त विभिन्न रोजगारी व्यावसाय तथा उद्यमशिल कार्यमा लगानी गरी त्यसको उपलब्धीमा समेत महिलाको स्वामित्व रहने मितव्ययिता र ऋणमा पहुँच बृद्धिहुदा पूँजी निर्माण भई थप लगानीको अबसर प्राप्त गर्न सक्ने भएकोले यसलेमहिलाको सामाजिकसशक्तीकरणमाअहम भूमिका खेल्न सक्ने देखिरहेको सन्दर्भमा यो अध्ययनबाट महिलाहरूको सामाजिकसशक्तीकरणमा सहकारीले खेलेको भूमिकालाइ प्रष्ट पार्न मद्दत पुग्ने छ ।

साथै नेपालको ग्रामिण क्षेत्रमा महिला सदस्यमात्र आबद्ध सामाजिकउद्यमी सहकारी संस्थाकासदस्यहरुको सशक्तीकरण सम्बन्धी सामाजशाश्त्रीय अध्ययन त्यति नभएकोले यो अध्ययन सान्दर्भिक छ । त्यसैले सहकारी संस्थाहरुले महिलाहरुको सामाजिकसशक्तीकरणमा एक सशक्त माध्यमको रुपमा पुर्‍याएको योगदान र सदस्यहरुमा परेको प्रभावको लेखाजोखा गरी समाजमा ल्याएको परिवर्तन विश्लेषण गर्न प्रज्वलित सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडमा केन्द्रित रहने छ । यस अध्ययनबाट निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ ।

क) सहकारी संस्थामा आबद्ध महिलाहरुको सामाजिकसशक्तीकरणकालागि महत्वपूर्ण अन्तरसंबन्धित तत्वहरु श्रोत, एजेन्सी र उपलब्धीका सुचा¤x?के के हुन ? र

ख) सामाजिकसशक्तीकरणबाट उनीहरुको जीवन निर्वाह तथा सामाजिक जीवनमा के प्रभाव पारेको छ?

### *१.३. अध्ययनको उद्देश्य*

अध्ययनको सामान्य र विशिष्ट गरी दुई खालका उद्देश्य छन् ।

सामान्य उद्देश्यः

महिलाहरुको सामाजिकसशक्तीकरणमा सहकारी संस्थाको भूमिका पत्ता लगाउने ।

विशिष्ट उद्देश्यः

महिला सदस्यहरुको सहकारी संस्थामा आबद्ध भए पश्चात उनीहरुको निम्नलिखित आयाममा भएको परिवर्तनको विश्लेषण गर्ने ।

१. श्रोतमा पँहुच,

२.विकल्प दिने तथा निर्णय गर्ने क्षमता र

३. समुदायमा महिलाहरुको स्थान,

### *१.४ अध्ययनको महत्व*

नेपालमा सहकारीका सदस्यहरुको सामाजशास्त्रीय दृष्टिकोणबाट यथेष्ठ अध्ययन अनुसन्धान भएको पाइँदैन।यसै परिपेक्षमा यस अध्ययनले सहकारीमा आबद्धमहिला सदस्यहरुको सामाजिकलैङ्गिक संबन्धको सैद्धान्तिक रुपले समाजशास्त्रीय विश्लेषणसहितसहकारी संस्थालेसशक्तीकरणमा पुऱ्याएको योगदानबारे जानकारी गराउने छ। यो अध्ययन समाजशास्त्रीय रूपमा महिला सशक्तीकरणर लैङ्गिक अवधारणामा आधारित समाज परिवर्तन लाई अध्ययन गर्ने एककडीको रूपमा रहने छ। यसका साथै यो अध्ययनले सैदान्तिक र व्यवहारिक अवधारणा लाई प्रष्ट्याउने छ। यसका अतिरिक्त सरकारी वा गैरसरकारी संस्थाहरू, सामाजिककार्यकर्ताहरुलाई र भविष्यमा यस्तै विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुलाई समेत यो अध्ययन सहायक सिद्ध हुने विश्वास लिइऐ छ।

यस अध्ययनले कुन वर्गका र क्षेत्रका सदस्यहरुकोसामाजिकपरिवर्तन र त्यसकोलागि संस्थागत भूमिकाको सम्बन्धमा जानकारी दिने भएकाले नीतिर्निमातालाई उचित र उपयुक्त नीति तर्जुमा गर्न सघाउ पुऱ्याउनेछ । साथै यसै अध्ययनले सामाजिकसशक्तीकरणका विभिन्न आयामहरु, भूमिका खेल्ने प्रमुख तत्वहरु र यी तत्वहरुका सुचा¤बारे जानकारी दिने भएकाले यो अध्ययन सामाजशास्त्रका विद्यार्थिहरुकोलागि उपयोगि सन्दर्भ सामग्री हुने विश्वास गरिएको छ । यसको साथै सदस्यहरुको सहकारीप्रति धारणा बारे जानकारी दिने भएकोले सहकारी र सदस्यबीचको सम्बन्धबारे र सहकारीको सामाजिकसशक्तीकरणमा रहने भूमिकालाई आंकलन गर्न सहयोग मिल्नेछ। सामाजिकर आर्थिक पृष्ठभूमि समेतको चर्चा गर्ने भएकोले यस अध्ययनले सामाजिक र आीर्थक क्षेत्रमा चासो राख्ने व्यक्ति समुदाय, सहकारीमा अध्ययनअनुसन्धान गर्नेका लागिसमेत सहयोग पुऱ्याउन सक्छ।

### *१.५ अध्ययनको संगठन*

यो शोधपत्रमा छ अध्यायहरु रहेका छन । पहिलो अध्यायमा परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन, दोस्रो अध्यायमा साहित्य पुनरावलोकन, तेस्रो अध्यायमा अनुसन्धान ढाँचा/पद्धति, चौथो अध्यायमा अध्ययन क्षेत्र, सहकारी संस्था तथा उत्तरदाताहरुको सामन्य परिचय, पाँचौ अध्यायमा महिलाहरूको सामाजिक सशक्तीकरणमा सहकारी संस्थाको भूमिका संबन्धी विवेचना र छैटौ अध्यायमा सारांश र निष्कर्ष रहेको छ।

# अध्याय दुई

# साहित्य पुनरावलोकन

## २.१ अवधारणात्मक पुनरावलोकन

नेपालमा महिलाको सशक्तीकरणकोलागिसहकारी संस्थाबाट खेलेको भूमिका सम्बन्धित प्रयाप्त साहित्यको अभाव भएको कारण विषयसंग सम्बन्धी अन्य परिपेक्षमाभएका अनुसंधानबाट यो अनुसंधानकोलागि उपयोगि सामग्री लिने प्रयास गरेको छ। यस अनुसंधानको परिपेक्षमा सर्वप्रथम लैङ्गिक विभेद र यस संबन्धी विभिन्न अवधारणा, यसमा नारीबादी दृष्टिकोण, महिला सशक्तीकरणको अबधारणा तथा यसकोलागि सहकारी संस्थाको भूमिका संबन्धमा उपलब्ध साहित्यबाट प्रस्ट्याउने प्रयास गरेको छ।

### २.१.१ लैगिक अबधारणा र नारीबाद

हाम्रो समाजको विद्यमान अबस्था लाई वास्तविक रूपमा चित्रण र विश्लेषण गर्न महिला र पुरुष बीचको सामाजिक सम्बन्धलाई समाजशास्त्रमा विकाश भएका विभिन्न अवधारणाहरुको आधारमा गहिरिएर अध्ययन गर्नुपर्ने हुन्छ।

भारतीय समाजशास्त्री कमला भासिनका अनुसार महिलाको कार्यस्थल तथा परिवारमा हुने दमन एवं महिला र पुरुष दुवैद्वारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरुक सक्रियता नै नारीवाद हो (Bhasin, 2003)।

केहि नारीबादी विश्लेषकहरुले महिलाको सापेक्षित रुपमा आर्थिक सामर्थ्य विहिन हुनुको कारण विवाह, आमा बाबुको जिम्मेवारी तथा लैङ्गिक अभ्यासमा असमानता निर्धारण गर्दछ भनेका छन। अन्य केहिको भनाइमा लैङ्गिक रुपमा हुने श्रमको बाडफाडबाट नै घर परिवार तथा पुरा समुदायमा लैङ्गिक असमानता निर्माण भएको हुन्छ। समाजको पहिलो इकाई परिवार भएकोले आमाबाटनै मनोबैज्ञानीक गतिशिलता संगै लैङ्गिक असमानता शुरु हुन्छ (Sahay, 1998)। मानव विकासको क्रमसँगै मानव समाजको विकास हुदै जादा त्यसका सदस्यहरुको दृष्टिकोण र त्यसै दृष्टिकोणबाट बन्ने नीति नियम र कार्यहरूको महत्वपूर्ण भूमिकाको कारण हरेक सामाजमा लैङ्गिक विभेद शुरु भएको मानिन्छ।

सामाजिकलिङ्ग विभिन्न सामाजिकरण प्रकृयाबाट निर्माणहुने भएकोले महिला र पुरुषले अपनाउने बिभिन्न सामाजिक हैसियत बास्तवमा सामाजिक र सांस्कृतिक रुपमा निर्माण भएको हुन्छ। यो मानव निर्मित हुन्छ र प्रकृतिले यसलाइ अति कम मात्र परिवर्तन गर्न सक्छ।विश्वव्यापी रुपमा महिलाहरुलाइ सामुहिक रुपमानै पुरुषहरु भन्दा कमसल मान्दछन। उनीहरुले पुरुष भन्दा कम अधिकार अभ्यास गर्ने, कम उत्पादनका संसाधनमा नियन्त्रण रहने, पुरुष भन्दा बढी समय काम गर्ने तर उनीहरुको कामलाइ या त अपमूल्यांकन गरिन्छ या कम ज्याला दिइन्छ। महिलाहरु पुरुषहरुबाट पूर्णरुपमा हिंसा व्यहोरीरहेका हुन्छन। उनीहरुसंग सामाजिक, आर्थिक र राजनीतिक संस्थाहरुमा अति कम निर्णय गर्ने अधिकार रहेको हुन्छ (Bhasin, 2003).

विभिन्न समाजका बीच स्पष्ट रुपमा प्राकृतिक लैगिक संवन्धमा भिन्नता देखिएता पनि यथार्तमा महिला संग कम व्यक्तिगत स्वतन्त्रता र थौरैमात्र आफ्नो नियन्त्रणमा रहने उत्पादनका संसाधनहरु रहेका हुन्छन । उनीहरुले आफ्नो जीवन र समाज निर्माणमा हुने निर्णय प्रकृयालाइ सिमित रुपमामात्र प्रभाव पार्न सक्दछन(Kabeer, 1999)।

धेरैजसो समाजमा महिला र पुरुष बीच सामाजिम हैसियतमा रहेको फरकलाइ व्याख्या गर्दा पितृसत्ता, संस्कृति र धर्मलाइ हमेसा उल्लेख गर्ने गरिन्छ । पितृसत्ता एक पुरुषको प्रधान्तालाइ जायज ठहराउने बिचार हो जहाँ सामाजिक संगठनहरुमा परिवार, समाज, धर्म, मानव- प्रकृति बीचको अन्तरकृया लगायत मानव जीवनका हरेक आयामहरुमा पुरुष शक्तीको प्रभुत्व रहेको हुन्छ । पितृसत्तामक सोच सामाजले निर्माण गरेको लिङ्गको उपज हो जसले महिला र पुरुष बीचको सामाजिक, आर्थिक र राजनीतिक भिन्नतालाइ पुष्ट्याई गर्न मद्दत गर्दछ (Mosse, 1993) ।

समकालीन समाजशास्त्रमा महिलावादका विभिन्न सिद्धान्तहरु उदय भएका छन् । प्रमुख सिद्धान्तमा पहिलोउदार महिलाबाद १८ औ सताब्दी अगाडी देखि नै विकास भएको र यसले समाजमा महिला र पुरुषको समान अवसर र समान सहभागिताको माग गर्दछ । उदार महिलाबादीहरुले महिलाहरु पुरुषमा आश्रीत भएको सवालमा चासो राख्ने र उनीहरुको क्षमतालाइ विस्तार गर्न शिक्षा, तालिम, राजनीतिक सहभागितामा बृद्धि तथा कानुनी सुधार गर्न कोशिश गर्दछन । यसको आलोचना गर्दा पहिलो राजनीतिक सहभागितामा बृद्धिले मात्र समाजको तल्लो तहमा सशक्तीकरण गरी आर्थिक सामाजिक स्थितिमा परिवर्तन गर्न पूर्ण हुदैन भन्ने छ भने अर्को आलोचनामा यसले सामाजिक संरचनागत असमानतालाइ हेर्दैन र सामाजको यथास्थिति तथा विषेश शक्ती संवन्धलाइ उपयूक्त तरिकाले चुनौतीगर्न सक्दैन भन्ने हो ।(Maguire, 1984)।

अर्को आमुल महिलावाद २० औं सताब्दीको बीचमा देखा परेको सिद्धान्त हो । यसले समाजमा हरेक संगठन र संस्था भित्र दमन प्रणाली हुने कुरालाई स्वीकार्छ र दमनको आधारभुत प्रणाली चाहिँ पितृसत्ता हो । किन लोग्ने मान्छेले पितृसत्ता कायम राख्दछ भन्ने प्रश्नको जवाफमा यसले महिलाको भन्दा पुरुषको शारीरिक शक्ति मात्र बढी हुदैन, महिलालालाई शोषित र निरीह प्राणीका रूपमा राख्ने लोग्ने मान्छेको साँच्ची नै भित्री स्वार्थ रहने गर्छ । आमूल नारीबादका लागि पितृसत्ता केन्द्रिय अवधारणा हो । यसले विश्वव्यापी लैङ्गिक दमन साथसाथै दमन भित्र हुने अन्तर सांस्कृतिक विविधताहरू माथि समेत पनि ध्यान पुऱ्याएको छ ।यसको साथै सन् १८८४मा प्रकाशित फ्रेडरिक एङ्गेल्सको पुस्तक “परिवार निजी र स्वामित्व र राज्यको उत्पति” लाइ मार्क्सबादी महिलाबादको आधार मानिन्छ । यसले समाजका दुई परस्पर अन्तरविरोधात्मक वर्ग बीचको सम्बन्धमा जोड दिन्छ । महिला सम्बन्धी प्रश्न पनि यसै सम्बन्ध अन्तर्गत आउँछ । महिला मुक्तिका लागि गरिने सङ्घर्ष पुरुष विरुद्धको सङ्घर्ष होइन बरु यो त पूँजीबादी सम्बन्धहरूको विरुद्धको सङ्घर्ष हो । वर्ग सङ्घर्षले मात्र लैङ्गिक असमानताको अन्त्य गर्न सक्छ निजी स्वामित्वको अन्त्य हुन्छ । पुरुषद्वारा महिलामाथि हुने दमनको घनिष्ठ सम्बन्ध पुँजीसंग छ किनभने पितृसत्ता र पुँजीवाद परस्पर सहायक हुने गर्दछन् ।

समाजबादी महिलावादले आमूल नारीवाद र मार्क्सबादी नारीबादका मान्यताहरूलाई संश्लेषणात्मक रूपबाट विश्लेषण गर्दछ। समाजवादी महिलाबादले मार्क्सवादी अन्तर्गतको वर्ग दमन र आमूल नारीबाद अन्तर्गतको लैङ्गिक उत्पीडनलाई विश्लेषण गरी महिलाले भोग्नु परेको अधीनता विभिन्न ठाउँ र परिवेशमा के कति समान वा असमान छ भनी सोको मापन गर्न चाहन्छ ।

### *२.१.२ महिला समानताकोलागि विकासबादी दृष्टिकोण:*

समकालीन लैंगिक समताको समाजशाश्त्रीय बहसमा पहिलो महिलाको विकास र दोश्रो महिला सशक्तीकरण गरी दुइटा दृश्टिकोणहरु देखा परेको पाइन्छ। सन १९७० भन्दा पहिले विकास कार्यक्रम तथा नीतिहरुलाइ लैङ्गिक तटष्थ रुपमा लिइ दुवै लिङ्गले बराबर प्रतिफल लिने कुरा विश्वास गरिन्थ्यो । उपरोक्त विश्वास बोजेरुपले आर्थिक विकासमा महिलाको भूमिका भन्ने पुष्तक लेखे पश्च्यात परिवर्तन भएको पाइन्छ। अन्य शोधकर्ताको साथै उनले उत्पादन बृद्धि र आधुनिकरणले मात्र महिलालाइ प्रतिफल नदिएकोले विकास प्रकृयामा उनीहरुलाइ संवोधन गर्न शुरु गर्न आवश्यक छ भनि दाबि गरिन । तर महिला माथि उत्पादन र पुनर्उपादनको दोहोरो भूमिका एकैसाथ गर्नु पर्दा अतिरिक्त कार्य बोझ थपिएकोले यसको असर नकारात्मक रह्यो । यहिबाट नै विकासमा महिला (WID) भन्ने अवधाराणा विकास भएको हो। विकासका योजना तथा कार्यक्रमहरुमा महिलालाइ समावेश गराउनु पर्दछ भन्ने नै यो अवधाराणको अन्तरनिहित तर्क हो। अर्को तर्फ पुरुष पनि समस्याको एक भाग भएता पनि यो अवधाराणामा सामाजिकलैङ्गिक संबन्धलाइ बेवास्ता गरेको भनि आलोचना गरेको पाइन्छ। सन १९८० देखि WIDअवधाराणले महिलालाइ जनसंख्या नियन्त्रण तथा खाद्य उत्पादनको औजारको रुपमा अति केन्द्रित गरेको, जवकि महिलाको दमन गर्ने संरचनाहरुलाइ संवोधन गर्न बेवास्ता गरेको भनि सामन्यरुपमा महशुस गरियो। यसैबाट नै विकासको केन्द्रमा लैङ्गिक संबन्धलाइ राख्नु पर्दछ भन्ने तर्कले बलियो हुदै गयो। संयूक्त राट्रसंघको चौथो विश्व महिला सम्मेलन बेइजिंग १९९५ बाट लिङ्ग र विकास (GAD) भन्ने एक नयां दृष्टिकोण तर्फको बाटोलाइ संकेत गरी यसलाइ विश्वव्यापी विकास संबन्धी बहसमा समाबेश गरियो।GAD अवधाराणले महिला विकास प्रयासको एक सकृय पात्र हो भन्ने दृष्टीकोण राख्दछ र उनीहरुको सामाजमा रहेको सिमान्तकृत स्थानलाई परिवर्तन गरी महिला र पुरुष बीच समान स्थान प्राप्त गर्ने सोच राख्दछ। यसले महिलाहरुमा पूर्णरुपमा आफ्नो अबस्थाको बारेमा जानकारी नहुने कुरालाइ मान्यता दिंदै उनीहरु आफ्नो राजनीतिक र आर्थिक सामर्थ्यलाइ बढाउन आफै संगठीत हुनुपर्नेमा जोड दिन्छ (Moser, C., & Moser, A., 2005)।

महिलालाइ दमन गर्ने मूल जरो पितृसत्ताको संबोधन गर्न सघाउने उद्देश्यले सन १९८० को दशकमा विकासबादीहरुको दृष्टी महिलाबाट लैङ्गिकतार महिला कल्याण, आधारभूत आवश्यकता तथा दक्षता संबन्धी अवधारणाबाट महिलाको सशक्तीकरण अबधारणा तर्फ सऱ्यो (Bhasin,2003)।

### *२.१.३ महिला सशक्तीकरण सम्बन्धी अबधारणाः*

सशक्तीकरणलाई विभिन्न विद्वानहरुले फरक ढंगले परिभाषित गरेको पाइन्छ । समग्रमा हेर्दा यसले कुनै ब्यक्ति वा समुहले आफ्नो मनलागेको कार्य गरी आषातित उपलब्धी हासिल गर्न कुनै चिजको छनौट गर्ने र उपरोक्त रोजेको कार्यलाइ उपलब्धीमा रुपान्तरीत गर्ने क्षमता अभिबृद्धि गर्ने भन्ने बुझिन्छ (Alsop & Heinsohn, 2005_ । यसलाई अर्को अर्थमा संसाधनमा नियन्त्रण तथा उपयुक्त छनौट गर्न आफ्नो उच्च आत्मविश्वासका साथ सामर्थ्य राख्नु हो । सशक्तीकरणका निमित्त मूख्यतया तीन आयामहरु हुन्छन । पहिलो समाजिक आयाम जसले सामाजमा सम्मानजनक र विभेदमुक्त स्थान रहने कुरा देखाउछ । दोश्रो राजनीतिकसशक्तीकरणले शासकीय संगठनहरु तथा प्रशासकीय ओहदामा कुनै पछाडी पारीएका ब्यक्तिको स्थानको सुनिस्चितता हुने कुरा जनाउछ । त्यस्तै तेश्रो आर्थिकसशक्तीकरणले जस्ले समान रोजगारी, उत्पादनको साधनमा अपनत्व र त्यसको प्रतिफलमा सहभागि गराउन योग्य बनाउन मद्दत गर्दछ ।

आर्थिक, सामाजिक सांस्कृतिक, पारिवारिक वा अन्तर बैयक्तिक, कानूनी, राजनीतिक र मनोबैज्ञानिक क्षेत्रमा सशक्तीकरणआवश्यकहुने र प्रत्येक क्षेत्रलाइ घर परिवारबाट समुदाय हुदै ब्यापकरुपमा राष्ट्रीय, क्षेत्रिय र विश्वब्यापीरुपमा मापन गर्न सकिन्छ ।मलहोत्रा र स्कुलरले कबीरको परिभाषा बमोजिमको महिला सशक्तीकरण मापनकोलागि लामो सुचा¤ उपयोग गरेका थिए (Malhotra &Schuler, 2005)।

कबीरले सशक्तीकरणलाइ तीन निकट अन्तरसंबन्धित आयामहरुः एजेन्सी,श्रोत र उपलब्धी बारे खोज गरेकी छिन ।एजेन्सी वा कर्ताको अन्तरनिहित सामर्थ्यसशक्तीकरण प्रकृयाको केन्द्रमा रहेको र यसले आफ्नो छनोटलाइ कसरी लागु गर्न सक्छ भन्ने जनाउछ । एजेन्सी अभ्यास गर्ने माध्यम श्रोत हो । उपलब्धी एजेन्सीको प्रतिफल हो । कबीरको एजेन्सी,श्रोत र उपलब्धी सम्बन्धी परिभाषा ब्याकपरुपमा स्वीकारगरिको र यसले सशक्तीकरणलाइ पहिले जनताको क्षमता नकारीएको अबस्थामा उनीहरुको रणनीतिक जीवनकोलागि विकल्प दिन सक्ने क्षमताको विस्तार हुनुलाइ जनाउछ (Kabeer, 1999)।

स्वसक्षमताको सिद्धान्तले महिलाहरुको जीवन छनोट गर्न योग्य हुने गरी उनीहरुमा सचेतना सृजना गर्दछ । यी विकल्पहरुसंग विद्यमान सामाजिक असमानता जस्ता चुनौतीलाई रुपान्तरण गर्ने अर्थ राख्दछ । सबै छनोटले सामर्थ्यमा उल्लेख्यरुपमा प्रभाव पार्दैन । विवाह गर्ने नगर्ने, बच्चा जन्माउने न जन्माउने, के काम गर्ने कहा बस्ने जस्ता रणनीतिक छनोट संग जीवनको गोरेटो संगै परिभाषित परिमितिहरु हुन । असमान शक्तीलाइ चुनौतिदिने रएजेन्सीअभ्यास गर्ने कुरा जनताले आफु, आफ्नो मूल्यको भाव, उनीहरुको दमनको बैधतामा विश्वास र मूल्य प्रति कारवाहीको क्षमता आदिमा परिबर्तन संलग्न भएको हुन्छ । महिलाको एजेन्सीलाई अबरोध गर्ने परिबर्तित लैङ्गिक मूल्य र सम्बन्धहरुको क्षेत्रहरुः सम्पत्तिको अधिकार, वित्तिय श्रोतमा पँहुच, महिला समुह निर्माण, समुदायमा प्रभावकारी सहभागिता, महिला हिंसा, महिला ओसारपसार, पौष्टिक खाना, स्वास्थ्य र शिक्षामा वालीकामा हुने विभेद जस्ता क्षेत्र

लैगिक सम्बन्धका रुपान्तरणका पक्षहरु हुन र महिलाको एजेनसिमा सुधारल्याउन महिलाहरुलाइ श्रोतमा पँहुच दिनु पर्दछ । विभिन्न सामाजिक संयन्त्रबाट वितरित श्रोतेमा पहुँचबाट एजेन्सी परिचालन भएको हुन्छ । श्रोतमा पहुँच भएबाट सामाजमानियम र मान्यता विकास हुन यहि नियम र मान्यताबाट विभिन्न संस्थागत परिधिभित्र श्रोतको वितरण र विनिमय गर्ने कार्यलाइ नियमन गरिने भएको हुदानिश्चित समुह श्रोतको पहुँचमा अधिकार प्राप्त गरेका हुन्छन भने कतिपयलाइ उक्तश्रोतमा दावी गर्न समेत बन्चित गरिएको हुन्छ । यसैले श्रोत उपलब्ध भन्दा कसरी पहिले बन्चितीमा परेकाले श्रोतमा पहुँच पाउन सफल भए भन्ने कुरा सशक्तीकरण प्रकृयाको महत्वपरुर्ण पाटो हो । उदाहरणकोलागि रोजगारीलाइ दिन सकिन्छ । यसमा महिलालाइ श्रोतमा पँहुचदिई पारिवारिक संरचनागत प्राधिकरणबाट स्वतन्त्रता दिन्छ । यसले महिलाको सौदाबाजीगर्ने शक्तीमा प्रभाव पारी समुदायमा उनीहरुको उपस्थितिलाइ विस्तार गर्दछ।श्रोत र एजेन्सीले जनतालाइ सकृयरुपमा आफुले चाहेको विकल्प छनोट गर्ने क्षमता उपलब्ध गराउछ । उनीहरुको क्षमता महुशुस भइ वा नभइ उनीहरुको प्रयासको प्रतिफललाइ उपलब्धीको रुपमा व्याख्या गरिन्छ । सशक्तीकरणको सम्बन्धमा उपलब्धीलाइ अभ्यास भएको कर्ताको र छनोटको मूल्यको रुपमा हेरिन्छ (Kabeer, 1999)।

सशक्तीकरण भन्ने शब्द सामन्यतया प्रकृया (समुह वा व्यक्तिलाई सशक्तीकरण गराउने) र उपलब्धी अर्थात व्यक्ति वा समुह सशक्तीकरण हुनुलाई जनाउछ। कुनै व्यक्ति या समुह सशक्तीकरण भएमा उनीहरुले प्रभावकारी रुपमा विकल्प दिन सक्ने र उक्त बिकल्पलाई सोचेको उपलब्धी वा प्रकृयामा रुपान्तरण गर्न सक्ने क्षमता राख्दछन् (Alsop & Heinson, 2005_ ।

महिला सशक्तीकणका सम्बन्धमा म्याकविल्टर (१९९१) ले फराकिलो व्याख्या गरेका छन् । जस अनुसार :

सशक्तीकरण यस्तो प्रकृया हो जसबाट व्यक्ति, संस्था र समूह जो शक्तिहिन छन् :

क) आफ्नो काम र जीवनमा शक्तिको गतशिलिताबारे जानकार हुन्छन् ।

ख) आफ्नो जीवनलाई आवश्यक सुविधाजनक बनाउन सिप र क्षमताको विकास गर्न सक्छन्।

ग) अरुलाई हानी नपुर्‍याइकन आफ्नो सुविधाको उपभोग गर्न अभ्यस्त हुनेछन् ।

घ) अन्य समूहलाई पनि सशक्त बन्न सहयोग गर्छन् ।

महिला सशक्तीकरण संबन्धी सन्धर्भ साहित्यमा साधारणत चार तर्कहरुलाइ स्वीकारीएको छ । पहिलो, सशक्तीकरण गर्न कुनै ब्यक्ति कमजोर पारीएको हुनु पर्दछ । महिलाको सशक्तीकरणको सर्न्धवमा हेर्दा पुरुषको सापेक्षमा महिलालाइ अधिनस्त वनाएको देखिन्छ । दोश्रो, सशक्तीकरण संवन्धित ब्यक्तिले दावी गर्नु पर्दछ । यसलाइ कसैले कसैलाइ दिन सक्दैन । उदाहरणकोलागि विकासे संस्थाहरुले प्रकृयालाइ सहजीकरण गर्न सक्दछन तर एक्लैले महिलालाइ सशक्तीकरण गर्न सक्दैनन । तेश्रो सशक्तीकरण भन्नाले महिलाले उनीहरुको जीवनमा जरुरी हुने चिजको छनौट गर्दा त्यसको महशुश गर्न, विश्लेषण गर्न र

छनोट गर्न क्षमता र योग्यता बृद्धि गर्ने भन्ने बुझिन्छ । अन्त्यमा सशक्तीकरण एक प्रकृया हो जसलाइ पूर्ण अर्थमा नहेरी पहिलेको अबस्था वा अर्कोको अवस्थाको संवन्धमा हेरिनु पर्दछ । परिश्थितिअनुरुपसशक्तीकरण मापन गर्न अनगिन्ति अध्ययन भएका छन (Kabeer, 1999)।

### २.१.४ महिला सशक्तीकरणमा सहकारी संस्थाहरु:

एउटा सहकारी संस्थालाइ आफ्नो सदस्यहरुको बृहत्तर आर्थिक हितको संबर्धनको लागि संगठित गरिएको संस्थाको रुपमा ब्याख्या गरिन्छ । तथापी सहकारी संस्थाहरु आर्थिककार्य मात्र सिमित नभई सामाजिक क्षेत्रको आवश्यकता पुरा गर्न लोकतान्त्रिक र समान ब्यबहारको आधारमा एकताकायम गरेका हुन्छन(Warman & Kenedy, 1998)।महिलाको स्थान तथा सशक्तीकरणको स्तरलैङ्गिक पहिचान, लैङ्गिक भूमिका तथा लैङ्गिक सम्बन्धलाई घर, परिवार, समुदाय तथा सामाजिक स्तरमा जुन रुपमा आत्मसात गएिको हुन्छ त्यहि रुपमा निर्धारण गरिन्छ । महिलालाइ सहकारीका सगंठीत गर्दा उनीहरुको सशक्तीकरण प्रकृया शुरु हुन सक्छ र यसले लैङ्गिक संबन्ध तथा महिलामा सामाजिक स्थानलाइ समेत प्रभाव पार्न सक्छ (Sen, 1993)।

अन्तराष्ट्रिय सहकारी एलायंसको परिभाषा अनुसार सहकारी संगठन साझा सामाजिक, आर्थिक, तथा सांस्कृतिकआवश्यकता तथा आकांक्षाहरु एक संयूक्त स्वामित्व भएको र लोकतान्त्रिक नियन्त्रण भएको उद्यमद्धारा परिपूर्ति गर्न स्वइच्छाले एकिकृत भएको एक स्वायत्त संगठन हो । सहकारीले विश्वभर नै उल्लेख्निय परिमाणमा रोजगारी सृजना गरेको र अधिक मुलुकहरुको अर्थतन्त्रको खाद्य आपूर्ति, बासस्थान र बित्तिय सेवामा अति महत्वपूर्ण भूमिका खेल्ने भएकोले राष्ट्रिय उत्पादन बृद्धिमा योगदान पुऱ्याउछ । यसले आम्दानीको न्यायोचित बितरण गर्न मूल्य तथा मान्यताको विकास गर्दछ । यसको सवल पक्ष हेर्दा सहकारी स्वावलम्वन, स्वजिम्मेवारी, लोकतन्त्र, समानता, समता र पारस्परिता जस्ता मूल्यमा आधारित हुन्छ । यसको परम्परागत निर्माताका अनुसार यसका सदस्यहरु इमान्दार, खुला, सामाजिक जिम्मेवारी लिने र अरुलाइ भलो चिताउने नैतिक मूल्यमा विश्वास गर्दछन (McPherson, 1996)।

महिलाको बढ्दो आर्थिक योगदानबाट आर्थिक बृद्धि तथा आर्थिक स्थिरताकायम गर्न सहयोग पुर्याउने भएता पनि उनीहरुको ऋण, संपती, प्रविधि र प्राविधिकसिपमा पँहुच नहुनुको कारण महिलाहरुले ठूलो चुनौती सामना गर्नु परेको हुन्छ । परम्परागतरुपमा महिलाको रोजगारी घर परिवार भित्र सिमित थियो । केहि समय अघि देखि विश्वब्यापीकरण र जनसंख्यामा भएको बृद्धिबाट उनीहरुमा परेको आर्थिक दवावका कारण सामाजको सामाजिक सांस्कृतिक सोचमा परिवर्तन आई महिलाको सहभागिता श्रम वजारमा पनि आवश्यक देखियो ।मजुरिनको अध्ययनबाट ज्याला नपाउने कार्य, लैङ्गिकश्रमको वाडफाड र महिला भएकै कारण हुने हिंसा जस्ता अनगिन्ती लैङ्गिक असमानतालाइ संवोधन गर्न सहकारी एक प्रभावकारी प्रवेश विन्दु हुने देखिएको छ (Majurin, 2012)।

सहकारी संगठन आधुनिक संगठनको निश्चित सिद्धान्त, मुल्य मान्यता, घनिष्टता एवं पारस्परिकतामा आधारित भइ आफ्ना सदस्यहरुको साझा ईच्छा र चाहनाको परिपूर्तिका लागि प्रयत्नरत रहन्छ । बिद्यमान आर्थिक तथा सामाजिक परिवेश अनुकुल सहकारीको प्रयोग गर्ने गरिएकोले विभिन्न आर्थिक तथा सामाजिक परिस्थितिले सहकारीताको परिभाषामा समेत विभिन्नता ल्याउन सक्ने भएता पनि यसको विश्वव्यापी सिद्धान्त, मुल्य मान्यतालाई उत्तिकै रुपमा अंगिकार गरिदै आएको पाईन्छ (Birchall & Ketilson, 2009)।

सहकारी संस्थाको विभिन्न ढाचाको बारेमा हुपी र फेडरले उल्लेख गरेका छन । पहिलो ऋण तथा बचत सहकारी संस्था सहकारी आन्दोलन भित्र सहरी र ग्रामिण क्षेत्रमा सबै भन्दा बढी देखिने ढाचाँमा पर्दछ । यस्ता प्रकारका सहकारीहरुले निजि बैंकमा सहज पँहुच हुन नसकेका साना उत्पादक, कालीगड  तथा साना बिक्रेताहरुलाइ ऋणमा पँहुच बढाउछ । दोश्रो प्रकारको ढाचामा उपभोक्ता तथा खरिद सहकारी पर्दछ । यसका सदस्यहरु स्वतन्त्र उत्पादकहरु पर्दछन तथा उत्पादन खरिद गर्दा संयूक्त रुपमा निर्णय गर्दछन । अर्को अन्तिम ढाचामा उत्पादक सहकारी पर्दछ । यसमा यसका सदस्यहरुले सहकारीकोलागि निश्चित समय काम गर्दछन वा निश्चित परिमाणको पूर्ण उत्पान सहकारीलाइ उपलब्ध गराउने गरी योगदान दिन्छन । यसमा सहकारीकोलागि आवश्यककच्चा पदार्थ, औजार तथा मेसिन सहकारीले नै उपलब्ध गराउछ (Huppi & Feder, 1990)।

सहकारीसंग उस्को सदस्यहरुलाइ बिपदमा आउन सक्ने झटकालाइ अल्पिकरण गर्न, र सामाजिक र आर्थिक बाताबरण स्थिर गर्न भूमिका खेल्न सक्ने सामर्थ्यहुन्छ। यो विशेष गरेर महिलालाइ आर्थिक सुरक्षा र समान सहभागिताले आत्म विश्वास, निर्णय सिप र क्षमता बढाइ जोखिमको चुनौति सामना गर्न र त्यसको ब्यबस्थापन गर्न सहयोग गर्दछ (Dash, 2011)। परिणाम स्वरुप महिला सामर्थ्यबान भइ परिवर्तनका संबाहक बन्दछन ।.

सहकारीबाट कसरी महिलालाइ सशक्तीकरण यर्दछ भन्ने सोधकार्यबाट चारवटा दृष्टिकोटमा विभाजन गरेको पाइन्छ । पहिलो दृष्टिकोण अनुसार आर्थिक तत्वलाइ महत्व दिएको पाइन्छ किनभने उनीहरुले सामाजिक तथा राजनीतिकशक्तीलाइ आर्थिकश्रोत र आय आर्जन क्रियाकलाप संग जोडेका हुन्छन । सहकारी सदस्य भए पछि उनीहरुलाइ आर्थिकश्रोतमा पँहुच दिने, रोजगारी लगायत बित्तिय सेवा, संपत्ती र अन्य उत्पादनशिल पूजि, सिप विकास र बजारको सूचना दिइसशक्तीकरण गर्दछ (Eyben, Kabeer & Cornwall, 2008)।

दोश्रो दृष्टिको राख्ने सोधकर्ताको पैरवीमा सामाजिक र सांस्कृतिक पक्षमा सशक्तीकरणलाइ जोड दिइएको हुन्छ । उनीहरुको अनुसार सहकारीले उस्को सदस्यहरुलाइ सामाजिकरण हुन, समुहमा भेला हुने र नयाँ जिम्मेवारीको सामना गर्न योगदान पुर्याइ सामर्थ्यवान बनाउनछ । सहभागिताले महिलाको सशक्तीकरणमा दिर्घकालीन रुपमा योगदान पुरुयाउने तत्वहरु आत्मसंमान र स्वायत्ततामा बृद्धि हुन्छ(Hofmann & Marius-Gnanou, 2005)।

तेश्रो दृष्टिकोण राख्ने सोधकर्ताहरुले सहकारी एक पदानुक्रमित संगठनको रुपमा हेरी यस्ता संगठनहरुले महिलाहरुको विशेष चुनौती नबुझ्ने र उनीहरुको आबश्यता पूर्ति गर्न विफल हुन्छ भन्ने मान्यता राख्दछन । यी संगठनहरुले हमेसा महिलाहरुको सक्रिय सहभागिताकोलागि बाधक बनी महिलाको परम्परागत लैगिक भूमिका र लैङ्गिकश्रम विभाजनलाइ कायम राख्दछन । अर्को शब्दमा भन्दा पदानुक्रमित सहकारीले महिलाको व्यबहारीक र रणनीतिकआवश्यकता पुरा गर्न अबरोध गर्ने भएकाले उनीहरुको सशक्तीकरण गर्न सक्दैन । हाल सहकारीमा देखिएको प्रमुख मुद्धा भनेको महिलाको न्यून सकृय सहभागिता,र निर्णय प्रकृया र नेतृत्व संरचनामा कम प्रतिनिधित्व हुनु हो (Nippierd, 1999)।

अर्को धारका अनुसार विशुद्ध महिला समुह महिला सशक्तीकरणकोलागि लाभदायक हुने बताउछन । यसमा महिलाबादी बिज्ञहरुको तर्क अनुसार महिला समुह महिलाहरुको श्रोत साधनमा नियन्त्रण र निर्णय क्षमतामा अभिबृद्धि गर्न सघाउने महत्वपूर्ण साधन हुन । यस परिपेक्षमा जहा पुरुष र महिला एक साथ काम गर्दा सामाजिक र सांस्कृतिक अडचनहरु बढी हुन्छन त्यहा एकल लिङ्ग समुह महिलाको विशेष आवश्यकता महशुस गर्न बढी उपयूक्त हुन सक्दछ (Pandolfelli, MeinzenDick, & Dohrn, 2008) ।

समुदायमा रहेको साधन/स्रोतको सङ्गठित संस्थामार्फत् पारिचालन गरी सामाजिक रूपान्तरण, समावेशी आर्थिक वृद्धि र समुदायको सशक्तीकरणमा सहकारीको भूमिका हुन्छ । सरकार उपस्थित हुन नसक्ने र निजी क्षेत्र आकर्षित नहुने सामाजिक व्यवसायको मर्मअनुसार आधारभूत क्षेत्रमा वस्तु र सेवा प्रवाहलाई सुनिश्चित गर्न सहकारी क्षेत्रको भूमिका मह□वपूर्ण रहन्छ । खासगरी ग्रामीण तथा स्थानीयस्तरमा जनसमुदायलाई सङ्गठित गरी उनीहरूको आर्थिक-सामाजिक रूपान्तरण गर्न र समावेशी आर्थिक वृद्धिमा सहकारी क्षेत्रले मह□वपूर्ण भूमिका निर्वाह गर्छ । सहकारी अभियान, सञ्जाल र शक्तिलाई उद्यम विकास, समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, सामाजिक सुरक्षा र समुदायको विकासमा सक्रिय गराइनेछ (योजना आयोग, २०७३) ।

सहकारीले महिलालाई  समुहमा मिलन गराउने, नयाँ जिम्मेवारी सम्हाल्न तथा सामाजिक बन्न योगदान पुर्‍याउछ । महिलाको सहभागितामा बृद्धि हुदा उनीहरुको मनोवल र स्वायत्ततामा बृद्धि भइ यी तत्वहरुबाट महिलाहरुलाइ दिर्घकालीन रुपमा सामर्थ्यबान गराउन योगदान दिन्छ । समुहमा सहभागितामा जनाउदा सामुहिकरुपमा शक्ती आर्जन भइ महिला सशक्तीकरणहुन्छ ।

ग्रामिण क्षेत्रहरुमा लैङ्गिक सम्बन्धलाई बदल्ने सबैभन्दा ठूलो कारक चाहिं महिला समूहहरुको संख्यामा भएको अभूतपूर्व वृद्धि हो । नेपालमा सञ्चालित महिला समूहहरुको निश्चित संख्या एकिन गर्न कठिन छ । पररम्परागत वचत समूह वा महिलाहरु आफैंले गठन गरेका कार्य समूहहरुदेखि लिएर स्थानिय स्तरमा गैसस, सरकारी कार्यक्रम तथा भर्खरैका महिलाका समूहहरु स्वयंद्वारा गठित र सञ्चालित विकासमूखी गरी अनेक किसिमका महिला समूहहरु देशभर सञ्चालित छन् । यी समूहहरु

शुरुतिर विकासका विभिन्नखाले उद्देश्यहरु बोकेर गठन भएता पनि धेरै जसो बचत तथा ऋण साथ साथै पानी तथा सरसफाई स्वास्थ्य, साधरता, कृषि तथा महिला अधिकार सम्बन्धी विषय हुने गर्दछन् ।
अझ राष्ट्रियस्तरमा महासंघको हैसियतमा सङ्गठित भएका छन् । त्यसैगरी संगठित हुने कामलाई विभिन्न दातृसंस्था तथा सरकारी निकायहरुले प्रोत्साहित पनि गरेका छन् ।

पछिल्ला ३० वर्षमा कसरी समूहमा सहभागिताले ग्रामिण महिलाका स्व-दृष्टिकोण तथा सामाजिक अवस्थितमा परिवर्तन ल्याउन सकेको छ त ?

१) आफ्ना घरबाट बाहिर निस्कन छलफलमा भाग लिन तथा सार्वजनिक ठाउँमा बोल्नमा आत्मविश्वासको प्राप्ती ,

२) आफ्ना निम्ति आफैं कमाउदै,

३) वयस्क साक्षारतासम्मको पहुँच,

४) घरेलु हिसाँसँग जुध्न सहायता लिने,

५) महिलाले हानिकारक वा अपमानजनक ठानेका परम्पराहरु छोड्दै जाने,

६) समुदायको लाभका निम्ति र सामुदायिक विकास निर्णयहरुलाई प्रभावित गर्न सामुहिक पहलकदमी सक्षमता (बेनेट, सिजापती र थापा, २०१३) ।

हालसम्म नेपालमा ३३ हजारको संख्यामा विभिन्न प्रकृतिका सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् । समग्रतामा सहकारी क्षेत्रबाट वित्तीय क्षेत्रमा सहकारीको योगदान २१ प्रतिशत पुगेको अनुमान छ भने मुलुकको कुल ग्राहस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान क्रमशः बृद्धि हुँदै गएको छ । वि.स. २०७२ साल असार सम्म नेपाल राज्यभर संचालित विभिन्न प्रकृतिका सहकारी संघसंस्थाको शेयर पुँजी रु. ६३ अर्व पुगको छ भने बचत निक्षेप रु. २०२ अर्व र लगानी रु. १८८ अर्व पुगेको छ । आ.व. २०७१/७२ को अन्त्य सम्म यस क्षेत्रले ५७,८५४ विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेकोछ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा, उद्योग, व्यापार, सेवा र व्यवसाय मार्फत लाखौं व्यक्तिहरुलाई रोजगारी दिने र बैदेशिक रोजगारीमा समेत पहुँच विस्तार गर्ने काम गरेकोछ । विशेष गरी सामाजिक र सांस्कृतिक क्षेत्रमा जनचेतना अभिबृद्धि गर्नमा सहकारीको योगदान अतुलनीय रहँदै आएको छ (सहकारी तथ्याङ्क, २०७२) ।

### *२.१.५ महिलासशक्तीकरणमा सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय घोषणहरु :*

विभिन्न समयमा भएका अन्तराष्ट्रिय भेला, शिखर सम्मेलन र घोषणपत्रहरू महिला सशक्तीकरण तर्फ सचेत छन् र केही कार्यक्रमहरूले महिलाको हैसियतको घोषणा पनि गरेको पाइन्छ । जस मध्ये केही महत्वपूर्ण प्रयासहरू निम्नानुसार रहेका छन् :

क) विशेष शब्दमा समानताको सिद्धान्तको पहिलो अन्तराष्ट्रिय सन्धि संयुक्त राष्ट्रसंद्धको बडापत्र थियो । यसले आधारभूत मानव अधिकार, मानवीय मूल्य र मर्यादा, महिला र पुरुषलाईसमान अधिकार, धर्म, वर्ण, लिङ्ग र भाषाको बिना भेदभाव मौलिक स्वतन्त्रतालाई पनि पुष्टि गऱ्यो ।

ख) मानव अधिकार विश्वव्यापी घोषणपत्र(१९४८) मा भेदभाव रहित समानताको सिद्धान्तलाई घोषणापत्रको सारमा सूत्रवद्ध गरियो ।

ग) आधारभूत महिला अधिकार सम्बन्धी केही विशिष्ट दस्तावेजहरू :

अ) समान ज्याला सम्बन्धी (१९५१) :

सन् १९५१ मा महिला र पुरुषबीच भेदभाव नराखी बराबर कामका लागि बराबर ज्याला दिइनुपर्छ भन्ने महासन्धि अन्तराष्ट्रिय श्रम संगठनले पारित गऱ्यो र सोही अनुरूपको व्यवस्था लागू गर्न सम्बन्धित सबै राष्ट्रहरूलाई आह्वान गरियो र तदनुरुपको व्यवस्था लागू गर्न जोड दिइयो ।

आ) पेशागत भेदभाव उन्मूलन (१९६०) :

महिला र पुरुषबीच विद्यमान रोजगारी एवं पेशागत विभेदलाई विचार गरी सन् १९६०मा अन्तर्राष्ट्रिय श्रम संगठनले महिला उपर भएको रोजगारी र पेशागत भेदभाव उन्मूलन सम्बन्धी महासन्धि पारित गरी यसलाई लागू गर्न जोड दियो । सन् १९६२ मा संयुक्त राष्ट्रसङ्घको महाधिवेशनले विवाह, विवाहका लागि न्यूनतम उमेर, विवाह दर्ता सम्बन्धी महासन्धि पारित गऱ्यो ।

इ) अन्तर्राष्ट्रिय महिला सम्मेलन :

सन् १९७२ मा संयुक्त राष्ट्रको महासभाले १९७५मा मनाउन लागिएको अन्तर्राष्ट्रिय नारी वर्षलाई दृष्टिगत गरी त्यसलाई प्रवर्द्धन गर्न महिलाको समान समर्पण, सम्पूर्ण विकास प्रयासहरूमा महिला पूर्ण समायोजनको सुनिश्चितता र विश्वशान्तिको सुदृढीकरणमा योगदान बृद्धि गर्ने घोषणा गर्दै प्रस्ताव ग्रहण गरेको थियो । अन्तराष्ट्रिय नारी वर्ष, महिला दशक र चारवटा अन्तराष्ट्रिय महिला सम्मेलनहरू मेक्सिको १९७५, नौरोवी १९८०, कोपेनहेगेन १९८५, र वेइजिङ्ग १९९५ सबै महिला माथि हुने भेदभावको अन्त्य गरी समाजमा समान सहभागितामा जोड दिने प्रतिबद्धताका साथ सम्पन्न भएका थिए । (राष्ट्रिय मानव अधिकार आयोग, २०६१)

ई) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (१९७९) :

सन् १९७९ मा संयुक्त राष्ट्रसङ्घले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न महासन्धि पारित गऱ्यो । यो यस्तो ऐतिहासिक दस्तावेज हो जसले घर बाहिर र घर भित्र दुवै क्षेत्रमा महिलाका जीवनमा हुने प्रत्यक्ष, अपत्यक्ष सबै खाले भेदभावलाई सम्बोधन गर्ने लक्ष्य राखेको छ र यस्तो भेदभाव अन्त्य गर्ने उपायहरू अवलम्बन गर्न सबै राज्यहरूलाई बाध्य पारेको छ । यसले मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणामा निहित लैङ्गिक संवेदनशीलतालाई पनि सम्बोधन गरेको छ । यसले महिलामाथि गरिने भेदभावलाई लिङ्गका आधारमा गरिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक अथवा अन्य कुनै क्षेत्रमा भेदभाव, बहिष्कार अथवा प्रतिबन्ध भन्दै परिभाषित गरेको छ । यो सन्धि सन् १९८१ मा लागू भएको छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६१) ।


आफ्नो अधिकार स्थापनाकालागि विश्वभरका महिलाले विभिन्न समयमा ठूला ठूला आन्दोलन अन्तराष्ट्रिय स्तरमै सञ्चालन गरे । त्यस्ता आन्दोलनको सफलताको कारण महिला अधिकारको सवाल पनि मानव अधिकारकै अभिन्न पाटो बनेर राष्ट्रसंघीय प्रकृयामा स्थापित हुन सफल भयो । महिलाहरु स्वयंको निरन्तरको संघर्ष र राष्ट्रसंघयि निकायहरुको सहयोगात्मक सक्रियता, यी दुवैका कारण विगतको तुलनामा प्रायः सबै देशका महिलाको अबस्थामा निरन्तर सुधार आइरहेको छ । तर पुरुष सरह महिला पनि समान हैसियतका हिस्सेदार छन भन्ने सवाल भने अति विपन्न देखि अति समृदशाली देशका नागरिकमा समेत थुप्रै दृष्टिदोष रहेको पाइन्छ । नेपाली महिलाले अघि बढाएको स्वतन्त्रता र सह-अस्तित्वको संघर्षले लामो इतिहास तय गरिसकेको छ । यिनै संघर्षका कारण महिला हक-अधिकारका पक्ष धेरै हदसम्म संस्थागत भइसकेका छन । यी उपलब्धि हासिल हुन महिलाहरुको कमबद्ध आन्दोलनले जति महत्वपूर्ण भूमिका निर्वाह गरेको छ, महिला सशक्तीकरणका लागि साजनीतिक दल तथा सरकाारी तवरबाट भएका प्रयासले पनि उत्ति नै भूमिका निर्वाह गरेको छ (थपलिया, २०१६) ।

यहि महिला अन्दोलनको फलस्वरुप नेपालमा जन आन्दोलन २०४६ पछि कानुनी रूपले महिलाहरू सशक्त र सबल बनाउने दिसा तर्फ सकारात्मक मोड लिएको देखिन्छ । त्यस पछि २०६३ को दोश्रो ऐतिहाशिक जनआन्दोलन पश्च्यात बनेकौ नेपालको अन्तरिम संविधान, २०६३ मा मौलिक हक अन्तरगत समानताको हक समावेश गरेको र यसलाइ नेपालको संविधान २०७२ मा थप परिमार्जन गरी धारा १८ मा समानताको हक, धारा ३८ मा महिलाको हकलाई छुट्टै मौलिक हकको रूपमा व्यवस्था गरिएको छ ( नेपालकौ संविधान, २०७२) ।

## २.२ विश्लेषणात्मकरुपरेखा

कबीरको (२००३)सशक्तीकरणको अवधारणा ब्यापकरुपमा स्वीकार्य अवधारणा हो । कबीरको भाव अनुसार सशक्तीकरणकुनै पूर्व निर्धारित आधारबाट मापन गर्न सकिने भन्दा पनि यो एक निरन्तर चलिरहने प्रकृया हो । सशक्तीकरण भन्ने शब्द सामन्यतया प्रकृया (समुह वा व्यक्तिलाई सशक्तीकरण गराउने) र उपलब्धी अर्थात व्यक्ति वा समुह सशक्तीकरण हुनुलाई जनाउछ। कुनै व्यक्ति या समुह सशक्तीकरण भएमा उनीहरुले प्रभावकारी रुपमा विकल्प दिन सक्ने र उक्त बिकल्पलाई सोचेको उपलब्धी वा प्रकृयामा रुपान्तरण गर्न सक्ने क्षमता राख्दछन् । विकल्पको छनोट प्रभावकारी बनाउन प्रारम्भिक रुपमा दुई प्रकारका तत्वहरुले प्रभाव पारेको छ । पहिलो कर्ताको एजेन्सी र दोस्रो अवसर दिने संरचना । एजेन्सी भएमाकर्ता विकल्प सोच्न र कुनै एक विकल्प छनौट गर्न योग्य हुन्छ । अवसर दिने संरचना भन्नाले कर्ताले कुनै औपचारिकवा अनौपचारिक परिवेशलाई काम गर्ने संरचनालाइ जनाउछ । सशक्तीकरणको स्तर विकल्पको उपलब्धता, चाहेको विकल्पको उपयोग र छानेको विकल्पबाट हुने उपलब्धीबाट निर्धारण गर्न सकिनछ (Alsop, R., Heinson, N. 2005)।

कबीर (२००३) को अवधारणा अनुसार विकल्पछनोट कार्यमा अभ्यास गर्ने क्षमता निम्न चित्र नं. १ मा प्रस्तुत गरे अनुसार तीन अन्तरसम्बन्धित आयाम र सो आयाम अन्तरगतका उपआयामहरुबाट सोच्न सकिन्छ ।




चित्र नं. २.१: सशक्तीकरण प्रकृयाको अवधाराणात्मक रेखाचित्र

उपरोक्त चार्टमा देखाइएको स्रोतले समेट्ने विषयवस्तु भौतिक सामग्री जस्तो परम्परागत आर्थिकश्रोतको भावलाई मात्र नजनाई कुनै व्यक्तिको आफ्नो जीवन प्रयत्न आइपर्ने समस्या समाधान, अबसर प्राप्त गर्न र निर्णय प्रकृयामा विकल्प छनोटको अभ्यास गर्दा मद्दत गर्ने अन्य पक्षहरु जस्ता मानव स्रोत, सामाजिक स्रोत जस्ता स्रोतहरु समेतलाइ जनाउछ । त्यस्ता स्रोत बर्तमान अबस्थामा वास्तविक रुपमा विनियोजित हुनुको साथै भविश्यको आशा र आवश्यकतामासमेत कर्ताले दाबी गर्न सकिने खालको हुन्छन् ।

दोश्रो आयाम कर्ता(Agency)लेकर्ताकोलक्ष्यलाई परिभाषित गर्ने र त्यसलाई कार्यान्वयन गर्ने क्षमतालाई जनाउछ। एजेन्सी अवलोकन गर्ने काममा मात्र सिमित नभई त्यसभन्दा बढीकुनै व्यक्तिको उद्देश्य हासिल गर्नको लागिब्यक्तिको लक्ष्यलाइ परिभाषित गर्ने, उसलाइ सो काम प्रति उत्प्रेरित गर्ने र उसको क्रियाकलापलाइ समेत सघाउने कारक तत्व हो । तसर्थ एजेन्सी भावार्थआफैभित्र अन्तरनिहित सामर्थ पनि हो । यसले सौदाबाजी, वार्ता, हेरफेर, धोकाधाडी, अवरोध, तोडफोडको साथै अन्य अमुर्त, प्रकृयालाईसमेत अवलम्वन गर्ने सामर्थ्य राख्दछ ।एजेन्सीलाई सकारात्मक अर्थमा हेर्दा यसले आफ्नो जीवनको विकल्प छनोट गर्ने व्यक्तिको सामर्थ्यलाई जनाउछन् । अर्को तर्फ आफ्नो लक्ष्य पछ्याउने एजेन्सीको अन्य ब्यक्तिको एजेन्सीमा दंगा त्रास वा स्वविवेकी शक्तिबाट हस्तक्षेप गर्न सक्ने क्षमतालाई नकरात्मकएजेन्सीको रुपमा लिइन्छ ।स्रोत र एजेन्सीको संयुक्तताबाटब्यक्तिलाई चाहे अनुसार जीवन ब्यतित गर्न सक्ने क्षमता निर्माण गर्न सहयोग गर्दछन र कुनै ब्यक्ति वा समुहले प्राप्त गर्ने परिणाम उपलब्धी हो ।

प्रस्तुत तथ्याङ्क बिश्लेषणको मनसाय सशक्तीकरणलाई पूर्णरुपमा मापन गर्नु भन्दा पनि यसको रुपरेखा पहिचान गरी विशेष सन्दर्भमा सहकारीसंस्थाले सहजीकरण गरेका महिलाहरुको सशक्तीकरण प्रकृया बारे जानकारी लिनु हो । प्रस्तुत सोधकार्यले सशक्तीकरणको क्षेत्र एकब्यापकआयाम भएको र प्रत्येक आयाम भित्र बिद्यमान उपआयामहरुभित्रमहिलाहरुलाइ सशक्तीकरण गरिन्छ भन्नेस्वीकार गर्दछ । स्थलगत संकलित तथ्याङ्कको अबलोकनबाट प्राप्त नतिजामा आधारित भएर गरिने विश्लेषणको मूख्य विषय कबीरको अबधारणा अनुसार विकल्प दिने र निर्णय गर्ने, स्वनिसक्षमता, सिप विकास, सामाजिक संजाल र महिला हित जस्ता विषयमाकेन्द्रित रहने छ ।

# अध्याय तीन

# अनुसन्धान ढाँचा/विधि/पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनोट र औचित्यता

यस अनुन्धानको लागि क्षेत्र छनोट गर्दा प्रज्वलित सामाजिकउद्यमी महिला सहकारी संस्था लिमिटेडभिङ्ग प्यूठानलाइ चयन गरिएको छ । उक्त सहकारी संस्था छनोट गर्नुको कारणउक्त सहकारी संस्थाको सदस्यहरु संपूर्ण महिला रहेको, शोधकर्ता स्वयं सहकारिको कार्य क्षेत्रमा बस्ने भएकोले उनीहरुको सामाजिक, आर्थिक अवस्थामा भएको परिवर्तन सामिप्यताबाट अवलोकन गर्न, तथा स्थानीय समस्या थाहा पाउन र संस्थामा पटक–पटक सम्पर्क गर्न, संस्थासंग अन्तरकिया गर्न सुलभ हुने देखिएको हुनाले उक्तसहकारी संस्थाबाट त्यसका सदस्यहरुकोसशक्तीकरणमापारेकोप्रभावलाइअध्ययन गर्न वान्छनीय देखि अध्ययन क्षेत्र छनोट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । यस अनुसन्धानमा सहकारी संस्थाले संचालन गरेको सचेतना तालिम, सदस्यहरुले संस्थाका लागि दिने समय, संस्थाको विधिबाट शिक्षा, पेशा, परिवारको प्रकृति, ऋणको प्रकृति, पँहुच र उपयोग आदि विश्लेषणात्मक विधिबाट अध्ययन गरिएको छ ।

## ३.३ अध्ययनको समग्रता र नमुना छनोट

प्रज्वलित सामाजिकउद्यमी महिला सहकारी संस्था लिमिटेड भिङ्ग प्यूठान ५७ वटा महिला समुह शेयर सदस्यहरुबाट प्रारम्भ गरिएको छ । प्रत्येक समुहको सदस्यहरु जोड्दा यसका जम्मा सदस्य संख्या १०६८कायम रहेको छ । जसमध्ये यस अध्ययनलाई पुर्णता दिनको लागि प्रत्येक समुहमादोहोरो नपर्ने गरी चिट्ठा प्रथाद्धारा ५६जनालाई नै नमुना छनोटको रुपमा लिने लक्ष्यका साथ अध्ययन कार्य शुरु गरिएको भएतापनि सहकारी संस्थामा प्रतिनिधित्व गर्ने ५७ वटा महिला समुह मध्ये ४२ वटा महिला समुहको मात्र प्रतिनिधित्व हुन सकेको छ । तथ्याङ्क संकलन छोटो समयमा संपन्न गर्नु पर्ने बाद्यताको कारण सबै समुहलाइ पायक पर्ने स्थानमा सामुहिक रुपमा प्रश्नाबली, अन्तरवार्ता तथा सामुहिक छलफल गर्ने योजना अनुरुप सबै समुहलाइ सूचना गरिएकोमा भौगोलिक जटिलता र समयको अभावको कारणले बाँकी १५ वटा समुहको प्रतिनिधित्व हुन सकेन ।

## ३.४ तथ्याङ्कको प्रकृति तथा श्रोतहरु

यस अध्ययनका लागि आवस्यकतथ्याङ्क संख्यात्मक र गुणात्मक दुबै प्रकृतिबाट संकलन गरिएको छ ।

### *३.४.१ प्राथमिकतथ्याङ्कश्रोत*

प्राथमिकतथ्याङ्कहरुशोधकर्ता स्वयंले लिने प्रश्नावली, अन्तरवार्ता, क्षेत्र अवलोकन, समूह छलफलमा आधारित छन् । यस श्रोतबाट महिलाको सामाजिक आर्थिक परिवर्तन देखिने गरी सहभागी महिला सदस्यको पेशा, शिक्षा, परिवारको आकार, ऋण लिएको शीर्षक, जग्गाको स्वामित्व, आम्दानी इत्यादि तथ्याङ्क हासिल गरिएको छ।

### *३.४.२ द्धितीय तथ्याङ्कको श्रोत*

यस विधिमा विभिन्न पुस्तकहरुबाट विभिन्न लेखकका प्रकाशित लेखहरु संकलन गरिएका छन् । यसैगरि संस्थाको प्रतिवेदन, पत्रिका, नेपाल सरकार सहकारी तथा गरिवी निवारण मन्त्रालय तथा सहकारी विभाग, तथ्याँक विभाग, महिला, वालबालीका तथा समाज कल्यानमन्त्रालय, सहकारी प्रशिक्षण केन्द्र जस्ता निकायहरुबाट संकलन गरिएको छ । त्यसका सहकारीको विधान, ब्रोसरको साथै गा.वि.स., जि.वि.स. आदिका पुस्तक, जर्नलहरु, अनुसंधान प्रतिवेदन तथा पत्रपत्रिकाबाट द्धितीय तथ्याङ्क संकलन गरिएको छ ।

### *३.५ तथ्याङ्क संकलन बिधि*

कुनै पनि अध्ययन अनुसन्धान कार्य सम्पन्न गर्दा विभिन्न किसिमका तथ्याङ्कका सङ्कलन विधिहरू अवलम्वन गरिनु पर्दछ। यसमा प्राथमिक र द्वितीय स्रोतलाई आधार मानिएको छ। प्राथमिक तथ्याङ्क अर्न्तगत, बन्द तथा खुला प्रश्नाबली, सर्वेक्षण, सामुहिक छलफल तथा मूख्य सूचनादाता संगको अन्तरवार्ताद्वारा सूचना सङ्कलन गरिएको छ ।

### *३.५.१ अन्तर्वार्ता*

यस अध्ययनका लागि संरचितअन्तरवार्ता सूची तयार पारिएको थियो । अनुसन्धानको प्रकृति अनुसार अन्तरवार्ता सूचीमा बन्द र खुला दुबै प्रकारका प्रश्नहरु राखिएका थिए । बन्द प्रश्नहरु राख्नुको उद्देश्य उत्तरदाताहरुको पूर्ण जानकारीमा नभएको उनीहरुसहकारीमा आबद्ध भए पश्चात भएको सामाजिक सशक्तीकरण प्रकृया र उपलब्धी सम्बन्धी सूचनालाई स्मरण गराइ उत्तरमा एक रुपता कायम गर्नु गर्नु थियो भने अन्तरबार्तामा प्रयोग गरिएको खुला प्रश्नाबलीले उत्तरदाताहरुबाट उनीहरुमा भएको सामाजिक( आर्थिक परिबर्तनलाइ मौलिक उत्तर मार्फत सूचनाहरु संकलन गर्न मद्दत गरयो । यी दुबै विधिबाट सहकारीमा आबद्ध महिलाहरुको सामाजिक र आर्थिक सूचनाहरु संकलन गर्न मद्दत गरेको थियो ।यो अनुसन्धानको मुख्य हतियारको रूपमा आवश्यक पर्ने आर्थिक सामाजिक सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू सङ्कलन गर्ने गरी वैज्ञानिक तरिकाको प्रश्नहरू तयार पारिएको थियो। प्रश्न निर्माण गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै खालको तथ्याङ्कहरू लिन सक्ने गरी गरिएको थियो ।

### ३.५.२ समूहगत छलफल

सहकारीमा आबद्ध महिलाहरूको विद्धमान सामाजिक आर्थिक अवस्था, सहकारीमा आबद्ध भए पश्चात उनीहरुको विभिन्न क्रियाकलापहरू तथा उनीहरूको क्रियाकलापमा सहकारी संस्थाले पारेको प्रभावका सम्बन्धमा एउटा समुहमा कार्यकारिणी समतिका पदाधिकारीहरू समेत रहने गरी १०।१० जनाको सहकारीमा आबद्ध महिलाहरुको दुई समुह बनाइएको थियो । उक्त समुहहरुमा उमेर समुह, जातजाति तथा क्षेत्रको समानुपातिक प्रतिनिधित्व गराई उनीहरुको सहकारी संस्थामा आबद्ध भए पछि तुलनात्मक रुपमा भएको सामाजिक आर्थिक परिबर्तनका सूचनाहरु समुह छलफलकोबाट ठोस निष्कर्षक निकाल्ने गरी चेकलिष्ट अनुसार प्रश्नाबली तथार गरीएको र शोधकर्ता स्वयंले समुहगत छलफलबाट सकारात्मक परिणाम प्राप्त गर्न सहजीकरण गरिएको थियो ।

### ३.५.३ वैयक्तिक अध्ययन

समूहमा आबद्ध सदस्य महिलाहरू मध्ये मूख्य सूचनादाताको रुपमा सहकारी संस्थाको अध्यक्ष एक जनाको वैयक्तिक अध्ययन गरिएको छ । यसमा निजले आफ्नै शब्दमा आमा समूहमा आबद्ध हुनु अघिदेखि सहकारी संस्था गठन गर्नुको कारण र स्थापना पछिसम्मको अनुभव प्रस्तुत गरिएको छ । यसकोलागि शोधकर्ताले संरचित प्रनावली उपलब्ध गराईआवश्यक तथ्यांक लिने प्रयास गरिएको छ । यस अध्ययनले सहकारी संस्थाको गतिविधिलाई सूक्ष्म अध्ययन गर्न साथै अध्ययनको वैधता र विश्वसनीयता कायम गराउन मद्दत गरेको छ ।

### ३.५.४ स्थलगत अवलोकन

शोधकर्ता स्वयं अध्ययन क्षेत्रसंग पूर्व जानकार समेत भएकोले त्यस क्षेत्रको सामाजिक आर्थिक अवस्था, भौगोलिक बनावट तथा जनजीवन सम्बन्धमा नजिकबाट परिचित भएको अबस्था छ । स्थलगत अबलोकनमा सहकारी संस्थामा आबद्ध महिला सदस्यहरुको आवास सुविधा, सरसफाइ, खानपीन, पहिरनको साथसाथै विभिन्न सामाजिककार्यमा हुने गरेको सहभागिता र उनीहरुको क्रियाकलापलाइ थप नजीकबाट अवलोकन गरी सूचनाहरु लिइएको छ । यसको अलवा सहकारीमा आबद्ध सदस्यहरुमध्ये सहकारीबाट विभिन्न उद्यम संचालन गर्न ऋण लिएका महिलाहरुको ब्यावसायको स्थिति र ऋणको सदुपयोग भए नभएको बारेमा समेत अबलोकन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका गुणात्मक र संरचनात्मक तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र अन्वेषणात्म रूपमा विश्लेषण गरिएको छ । सामन्यतया प्राप्त तथ्याङ्कहरूलाईतालिकीकरण, स्तम्भ चित्र तथा बृतचित्रको माध्यमबाट तथ्याङ्कव्याख्या र विश्लेषण गरिएको छ ।

### *३.७ अध्ययनको सिमा*

यो अध्ययन नितान्तरुपमा विश्वविद्यालयको स्नात्तोतर तहकोलागि निदिष्ट गरे अनुसारको शोधकार्य भएको हुदा यसकोलागि आवश्यकश्रोत, समय र साधनको अभावको कारण सिमित परिधिमा गरिएको अध्ययन हो । तसर्थ यसले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने भएकोले यसको सिमा निम्नअनुसार निर्धारण गरिएको छ ।

- यो अध्ययन प्यूठान जिल्लाको भिङ्गमा रहेको प्रज्वलित सामाजिक उद्यमी सहकारी संस्थाको र यसको कार्यक्षेत्रमा मात्र सिमित रहेको छ ।
- यसमा उपलब्ध तथ्याङ्क नमुना छनोटमा परेका सहकारी संस्थाका सदस्यहरुमा आधारित रहेको छ ।

## अध्याय चार

## अध्ययन क्षेत्रको परिचय र सामाजिकविशेषताहरु

### ४.१ अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१.१ अध्ययन क्षेत्रको भौगोलिक अबस्था र अवस्थिति

प्यूठानजिल्ला प्रस्तावित ५ नं. प्रदेश अन्तरगतरहेको जिल्ला हो। जिल्लाको कुल क्षेत्रफल १३०९ वर्ग किलोमिटर रहेको छ। अध्ययनकोलागि छानिएको प्रज्वलित सामाजिक उद्यमी सहकारी संस्था लिमिटेडले आफ्नो कार्यक्षेत्रमा जिल्ला सदरमुकाम खलंगा देखि १९ कि. मि. देखि ३२ कि. मि. पश्चिम दुरीमाडीखोला उपत्यकामा८२ डिग्री ४२ मिनेट देखि ८२ डिग्री ४७ मिनेट पूर्वी देशान्तर र २८ डिग्री ०५ मिनेट देखि २८ डिग्री ०९ मिनेट उत्तरी अक्षांशमा रहेकातत्कालिन बर्जिबाङ्ग, गोठीबाङ्ग, बेलवास र भिङ्ग गा.वि.स.हरुलाइ समेटेको देखिन्छ (Wikipedia, 2017)। अत उक्त क्षेत्र स्वर्गद्धारी नगरपालिका अन्तरगतका वार्ड नं. ३, ४ र ६ देखि ९ मा सहकारी संस्थाको कार्यक्षेत्र रहेको र यो क्षेत्रकोकुल क्षेत्रफल ११५.६१ बर्ग किलोमिटर भएकोले (Wikipedia.org, 2017)कुल जिल्लाको क्षेत्रफलको तुलनामा ८.८ प्रतिशत भूभाग ओगटेको छ।

भालुवाङ्ग रोल्पा सडक खण्ड गोठीबांङ्ग र भिङ्गभएर जाने तथा अन्य दुई गा. वि. स. हरु समेत यी गा.वि.स. संग माडी नदी सिमा भई जोडिएका र माडी नदीमा रहेको बेली ब्रीजबाटसबैजसो क्षेत्र हिउदमा संचालनमा आउने कच्ची सडकबाट सडक पँहुचमा रहेका छन। भिङ्ग बजार यस क्षेत्रको मूख्य ब्यापारीककेन्द्र रहेको र प्रसिद्ध धार्मिक पर्यटकीय स्थल स्वर्ग–ारी भिङ्ग बजार देखि करीब १३ कि.मि. दुरीमा रहेको छ।

अध्ययन क्षेत्र समुद्र सतहदेखि ५९० मीटर देखि १८५७ मीटर सम्मको भूभागमा रहेकोले ( wikipedia, 2017)लेक, बेसी फाँट तथा भिरालो बस्ती जस्ता भौगोलिक बिविधता यस क्षेत्रको विशेषता हो। यस क्षेत्रमा रातो, फुश्रो, पहेलो तथा बलौटे दोमट माटो पाइने हुदा विभिन्न प्रकारको बालीनाली उत्पादन हुन्छन। यँहाको मूख्यबाली मकै, धान तथा गहु हुन भने चना केराउ, रहर मसुरो, मास, मेथी, बदाम जस्ता दलहन तथा नगदे बाली समेत यस क्षेत्रमा उत्पादन हुन्छ। यस क्षेत्रमा मध्यम खालको हावापानी पाइने हुनाले आप, सुन्तला, बेलौती, केरा, मेवा, आरु आदि फलफूलको उत्पादन हुन्छ। यस क्षेत्रमा साल, शिशौ, खयर, सिमल, सल्लो जस्ता बनस्पती पाइन्छन। माडीखोला, दंगालखोला, कागपाती खोला, घन्तीखोला, जारीखोला, तापाखोला, भालुखोला, धनवाङ्ग खोला घोडाखोला जस्ता खोलाको जलश्रोत यस क्षेत्रमा सिंचाइ, जलविद्युत तथा खानेपानीकालागि उपयोग गर्नकालागिप्रचुर संभावना देखिएता पनि खानेपानी तथा सिचाइको न्युन सुविधा बाहेक अन्य लाभदायक क्षेत्रमा जलश्रोतको समुचित उपयोग हुन सकेको छैन।

### ४.१.२ अध्ययन क्षेत्रको सामाजिक परिचय

प्यूठान जिल्लाको २०६८ को जनगणना अनुसार ४७,७३० घर धुरी र २,२८,१०२ जनसंख्या रहेको पाइन्छ । उक्त जनसंख्या मध्य पुरुष र महिलाको अनुपात ७८.१४ रहेको र औषत घरधुरीको आकार ४.७८ रहेको छ । अध्ययन क्षेत्र रहेको गा.वि.स.हरुकोको जनसंख्या वितरण निम्न तालिका नं. ४.१ मा देखाइएको छ ।

तालिका नं. ४. १: अध्ययन क्षेत्रको जनसंख्या

| तत्कालिन गा.वि.स. | घरधुरी संख्या | जनसंख्या | | | औसत घरधुरीको आकार | पुरुष महिला अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| जम्मा जिल्लाको | ४७,७३० | २२८,१० | १००,०५३ | १२८,०४९ | ४.७८ | ७८.१४ |
| बर्जिबाङ्ग | ५९६ | २,४२३ | ९७८ | १,४४५ | ४.०७ | ६७.६८ |
| बेलवास | १,३१८ | ५,७४८ | २,३२३ | ३,४२५ | ४.३६ | ६७.८२ |
| भिङ्ग | १,३०१ | ५,३८९ | २,२४० | ३,१४९ | ४.१४ | ७१.१३ |
| गोठीबाङ्ग | १,१९० | ५,४६० | २,२२८ | ३,२३२ | ४.५९ | ६८.९४ |
| जम्मा गा.वि.स | ४,४०५ | १९,०२० | ७,७६९ | ११,२५१ | ४.३२ | ६९.०५ |
| जिल्लाको तुलनामा प्रतिशत | ९.२ | ८.३ | ७.८ | ८.८ | | |

श्रोत: केन्द्रीय तथ्याङ्कविभाग, जन गणना २०६८

तालिका अनुसार अध्ययन क्षेत्रमा जम्मा ४४०५ घर धुरी र १९,०२० जनसंख्या रहेको छ । पुरुष र महिलाको अनुपात ६९.०५ रहेको र औषत घरधुरीको आकार ४.३२ रहेको छ (राष्ट्रिय जनगणना, २०६८) ।कुल जिल्लाको जनसंख्याको तुलनामा अध्ययन क्षेत्रमा घरधुरी ९.२ प्रतिशत र जनसंख्या ८.३ प्रतिशत रहेको छ । यस क्षेत्रमा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी देखिनुमा पुरुषहरु देश बाहिर विशेष रुपमा भारतमा कमाउन जाने परम्परा विद्यमान हुनुको साथै हाल आएर खाडी क्षेत्र, मलेसिया, कोरीया आदि देशहरुमा काम गर्न काम गर्न जाने चलन रहेको देखिन्छ ।

अध्ययन क्षेत्र अन्तरगतको समग्र जातिगत वसोवासका दृष्टिले पहाडी ब्राह्मण, क्षेत्री, मगर, कामी, सार्की, दमाई, गुरुङ, नेवार, बादी, गाइने, कुमाल आदि रहेका छन् । अध्ययन क्षेत्रको जातिगत जनसंख्याको बनावट तालिका नं. ४.२ मा देखाइएको छ । यहाको सामाजिक जनजीवनलाइ हेर्दा सबै जातजातिहरु एक आपसमा मिलेर बसेको पाइन्छ ।

तालिका नं. ४.२:: अध्ययन क्षेत्रको जनसंख्याको जातिगत संरचना

| जतजाति | जनसंख्या | जनसंख्या प्रतिशत |
|---|---|---|
| दलीत (कामी, सार्की, दमाइ, गाइने, बादी आदि) | ४१५२ | २१.८ |
| क्षेत्री | ४८४४ | २५.५ |
| पहाडी ब्राहमण | २७३६ | १४.४ |
| मगर | ६२८४ | ३३.० |
| नेवार | ३५० | १.८ |
| गुरुङ | १५७ | ०.८ |
| अन्य (कुमाल, योगी, ठकुरी) | ४९७ | २.६ |
| जम्मा | १९०२० | १०० |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग, जन गणना २०६८

उपरोक्त तालिका अनुसार यस क्षेत्रमा सबभन्दा बढी मगर ३३ प्रतिशत रहेका छन भने क्षेत्री २५.५ प्रतिशत, दलीत २१.८ प्रतिशत, पहाडी ब्राहमण १४.४ प्रतिशत र बाकी अन्य नेवार, गुरुङ्ग, कुमाल आदि जातिको बसोबास रहेको पाइन्छ । यसबाट उक्त क्षेत्रको जनसंख्याको सबभन्दा ठूलो हिस्सा पहाडी बाहुन क्षेत्रीको, दोश्रो ठूलो हिस्सा जनजातिको र तेश्रो ठूलो हिस्सा दलित समुदायको देखिन्छ । तसर्थ उक्त क्षेत्रमा जातिय विविधता रहेको कुरा स्पष्ट देखिन्छ ।

यहाका सबै जातजातिहरुको मातृभाषा नेपाली हो ।धार्मिक हिसावले हेर्दा यँहा हिन्दु धर्माबलम्बीको बाहुल्यता रहेको पाइन्छ । हिन्दु धर्माबलम्विले मान्ने सबै चाड पर्वहरु जस्तो दशै, तिहार, फागु, तिज, बैसाख पूर्णिमा, माघे सक्रान्ती, साउने सक्रान्ती, शिवरात्री आदि चाडहरु मनाउने चलन छ । उल्लेख्य रुपमा हेर्दा बेलबास र भिङ्गकोटमा दशै घरमा घटष्थापना गरी कालरात्री र नवमीमा पशुबली दिने र नवमीमा प्रसिद्ध सरायनाच देखाउने यहाँको मौलिकप्रचलन छ । यस क्षेत्रमा रहेको प्रसिद्ध धार्मिक स्थल स्वर्गद्धारी दर्शनकोलागि बाह्रै महिना आन्तरिक र बाह्य पर्यटक आउने गर्दछन । यहाँको मूख्य पेशा खेतीपाती र पशुपालन हो । यस क्षेत्रमा चार वटा स्वास्थ्य चौकी, एक स्वास्थ्य केन्द्र र एक आयुर्बेदिक अस्पताल रहेका छन । यँहा चार वटा माध्यमिक, एक उच्च माध्यमिक र एकक्याम्पस रहेका छन ।

### *४.२ सहकारी संस्थाको संक्षिप्त परिचय:*

प्रज्वलित सामाजिक उद्यमी सहकारी संस्था लिमिटेड विक्रम संवत २०६८।१२।२८मा सहकारी ऐन २०४८ बमोजिम डिभिजन सहकारी कार्यालय दाङमा दर्ता भएको सहकारी संस्था हो । यस संस्थाको गठनको मूख्य उद्देश्य अन्तराष्ट्रिय सहकारीको मूल्य, मान्यता र सिद्धान्तहरुका आधारमा सदस्यहरुमा छरिएर रहेको श्रोत, साधन, ज्ञान, सिप, क्षमता र सूचनाहरुलाइ एकिकृत गरी निर्वाचित प्रतिनिधिहरु –

ारा संचालित एवं सदस्यहरुको प्रजातान्त्रिक पद्धतिबाट नियन्त्रित सहकारी संस्थाको माध्यम —ारा प्रत्येकसदस्यहरुको मूल्यमा आधारित सर्वाङ्गिण विकासका सिद्धान्तहरुमा आधारित रहि सामाजिक उद्यमको माध्यमबाट सदस्यहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक विकास गर्दै स्वच्छ सबृद्ध र न्यायोचित सामाजको निर्माण गर्न योगदान पुरायाउने गरी सहकारी ब्यावसाय संचालन गर्ने रहको छ भने यसको खास उद्देश्यहरु देहाय बमोजिम छन ।

- सुशाशन कायम गरी सदस्यहरुको सर्वोपरी हित प्रवर्धन गर्ने ।
- कृषि तथा गैह्र कृषिसामाजिक उद्यमहरुको ब्यावसायीक रुपमा प्रबर्धन गरी उत्पादनहरुको बजारीकरण गर्ने ।
- सदस्यहरुमा स्वावलम्बन, पारस्परिक सहयोग एवं मितब्ययीताको भावना जागृत गर्ने
- बचत गर्ने बानीको विकास गर्ने ।
- सदस्यहरुको आवश्यकता, क्षमता र संभावनाहरु पहिचान गर्ने ।
- आम्दानीमा बृद्धिगरी जीवनस्तरमा सुधार गर्ने
- बहु आयामिक सामाजिक उद्यमहरुमा ऋण लगानी गर्ने
- सामाजिक उद्यम प्रबर्धन गर्नकालागि अन्य वित्तिय संस्थाहरुबाट कर्जा प्राप्त गर्न मध्यस्थताको काम गर्ने ।
- दश्यहरुको जीवनको विविध क्षेत्रमा आवश्यक पर्ने ब्यावसायीक तथा सेवामूलककार्यक्रम संचालन गरी उनीहरुको सर्वाङ्गिण विकासमा टेवा पुरयाउने ।
- अन्य सहकारीहरु संग ब्यावसायीक तथा प्राविधिक अन्तर संबन्ध र सहयोग बिस्तार गर्ने ।
- सदस्यहरुको दैनिक उपभोग्य सामग्री आपूर्ति गर्न टेवा पूरयाउने (प्रज्वलित सहकारी संस्था, २०६८) ।

उपरोक्त उद्देश्यहरु हाशिल गर्न सहकारीले निम्न कार्यहरु गर्द छ ।

- सदस्यहरुको सामाजिक उद्यम सम्बन्धी चेतना जगाई बजारमूखी कृषि तथा कृषिजन्य सामाजिक उद्यम संचालन गर्न उत्प्ररित गर्न प्रचार प्रसार तथा चेतनामूलककार्यक्रमहरु संचालन गर्ने ।
- कृषिजन्य सामाजिक उद्यम संचालनमा टेवा पुराउने गरी उत्पादित सामग्री आपूर्ति गर्ने ।
- कृषि, पशुपालन तथा कृषिजन्य उद्यमबाट उत्पादित बस्तु वा सेवाको बजार ब्यबस्था गर्ने ।
- सदस्यहरुको बचत गर्ने संस्कृतिको विकास गर्ने ।
- सदस्यहरुको बहुआयामिक उद्यमहरु संचालन गर्न ऋण लगानी गर्ने ।
- सामाजिक उद्यमहरुमा दगानी प्रबर्द्धन गर्न वित्तिय मध्यस्थता गर्ने ।
- कृषि तथा पशुजन्य पसल संचान गरी दैनिक उपभोग्य सामग्री आपूर्ति गर्न टेवा पुराउने ।
- सामुदायीक शिक्षा, स्वास्थ्य, सरसफाइ, पोषण, स्वच्छ खानेपानी जस्ता कार्यक्रम संचालन गर्ने ।
- प्राकृतिकश्रोतहरुको संरक्षण र संबर्धन सम्बन्धी कार्य गर्ने ।

- सहकारी नेतृत्व, कर्मचारी तथा सदस्यहरुको व्यबस्थापकिय क्षमता विकास गर्ने (प्रज्वलित सहकारी संस्था, २०६८) ।

यस संस्थाको स्थापना गर्दा सहकारी संस्थाको कार्यक्षेत्र तत्कालिन २ वटा गा.वि.स.हरु भिङगृ र बेलबासलाई मात्र समेटिएको थियो भने यसमा आवद्ध सदस्यहरु ७२ जना थिए । अहिले आएर सहकारीको सिद्धान्त अनुसारस्वच्छिक तथा खुला सदस्यता अनुसार यसको कार्यक्षेत्र फराकिलो बनेको छ। २ वटा गा.वि.स. बाट अरु थप २ वटा गा.वि.स. वर्जीबाङ्ग र गाठिबाङ्गलाई समेटिए पश्चात यस संस्थामा १०६८महिला सदस्यहरुलाई आबद्ध रहेको देखिन्छ ।यो संस्था हेफर इन्टरनेशनल नेपालको महिला सहयोग मञ्च सहयोगमा स्थापना भएको र, सेभ द चिल्ड्रेन, कालिका विकास केन्द्र, जिल्ला कृषिकार्यालय, गा. वि. स. आदिसँग सहकारी संस्थाले समन्वय गर्दै विभिन्न तालिम तथा कार्यक्रमहरु संचालन गर्दै आएको छ । यसमा विशेष गरी तरकारी खेती, कुखुरा पालन, व्यवस्थित वाख्रा पालन महिला नेतृत्व विकास सम्वन्धी, सहकारी शिक्षा सम्वन्धी, महिला हिंसा विरुद्ध, बालबिवाह न्यूनिकरण सम्वन्धी, सरसफाई सम्वन्धी तालिम दिने गरिन्छ(स्थलगत तथ्याङ्क, २०७३) ।

सहकारी संस्थामा भिङ्गृ र बेलवास गा.वि.स. मा क्रियाशिल भएका महिला समुहको सदस्यहरुको सकृयतामा गठन भएको र बर्जिबाङ्ग र गोठीबाङ्ग गा.वि.सहरुलाइ समेत पछि थप गरी देहायअनुसारको महिला समुहहरुको प्रतिनिधित्व भएको देखिन्छ (स्थलगत तथ्याङ्क, २०७३) ।

१. जाग्रिती समुह, २. संघर्षसिल समुह, ३. चौतारी समुह, ४. मिलिजुली समुह, ५. नमुना समुह, ६. आषा समुह, ७. फुलबारी समुह ( क) ८. स्वर्गद्वारी समुह, ९. प्रतिभा समुह, १०. प्रगति समुह, ११. सचेतना समुह, १२. दोभान समुह, १३. स्वावलम्बी समुह, १४. कलष समुह १५. हरियाली समुह, १६ सिमाना समुह, १७. भालुखोला समुह, १८. फुलवारी समुह (ख) १९. लाली गुरास समुह (क), २०. उनधारा समुह, २१. माइको थान समुह, २२. सुशान्ति समुह, २३. मनकामना समुह, २४. नौलापानी समुह, २५. जनजागरण समुह, २६.श्रृष्टी समुह, २७. कामना समुह, २८. सयपत्री समुह, २९. देउराली समुह, ३०. दुर्गादेवी समुह, ३१. उन्नती समुह, ३२. लालीगुरास (ख) समुह, ३३. माण्डवी समुह, ३४. दीयो समुह, ३५. आस्था समुह, ३६. नयाँ पोखरी समुह, ३७. सूर्यमूखी समुह, ३८. गंगा जमूना समुह, ३९. संतोषीमाता समुह, ४०. सहनशील समुह, ४१. हिमाल समुह, ४२. विहानी समुह, ४३. नमुना समुह, ४४. परिवर्तन समुह, ४५. लालीगुरास (ग) समुह, मिलन समुह, ४७. रानीटार समुह, ४८. अन्जुली समुह, ४९. सूर्यआराधन समुह, ५०. चुच्चे भीर समुह, ५१. हजारी समुह, ५२. शिवशक्ती समुह, ५३. पशुपति समुह, ५४., बर्जिवाङ्ग समुह ५५. चत्तुर्भूज समुह, ५६. मिलन समुह र ५७. सगरमाथा समुह ।

सहकारी संस्थाले सामुहिक बचत, ऐक्षिक बचत, दैनिक बचत र बाल बचत गरी चार किसिमको बचत सेवाहरु संचालन गरेको छ भने आकस्मिक ऋण, ब्यावसायीक ऋण र सामाजिक ऋण गरी तीन

किसिमबाट ऋण प्रवाह गर्ने गरेको छ । यस संस्थाको आ.व. २०७२।७३सम्म कारोबार भएको रकमको शिर्षकहरु निम्न अनुसार रहेको छ (स्थलगत तथ्याङ्क, २०७३) ।

| | |
|---|---|
| शेयर पूँजी | रु. ८, ८५, ८०० |
| निक्षप बचत | रु. ३०, ६०, ५०५ |
| कोष रकम | रु. ४, ११, ७२७ |
| हेफर संस्थाबाट अनुदान हिसाव रु. | ३, ४२, ५५८ |
| संस्थामा सामुहिक मासिक बचत | रु. १, ६८, ००० (प्रतिब्यक्ति रु १०० प्रति महिना) |
| वार्षिक मुनाफा | रु. २, ५५, ३०० |


यस सहकारी संस्थाले आफ्ना सदस्यहरुले स्थानीय स्तरमा उत्पादन गरेका बस्तुहरुलाई खरिद बिक्री गर्नकोलागि कोशेली घरको स्थापना गरी उक्तकोशेली घरमा स्थानीय स्थरमा उत्पादन भएका चना, केराउ, मासको दाल, बेसार, टिमुर, भट्टमास, भांगो, सिस्नोको धुलो खरिद बिक्री हुने गरेको छ । साथै कृषि उद्यमीको लागि चाहिने मल, बीउ आदि कृषि सामग्रीको समेत बिक्रि गर्ने गरेको छ ।

प्रज्वलित सामाजिक उद्यमी महिला सहकारी संस्थामा आवद्ध महिलाहरूको जीविकोपार्जनमा सघाउ पुर्‍याउन यस संस्थाले महिलाहरुलाइ उद्यम संचालन, उत्पादनको बजारीकरण, वचत सङ्कलन, ऋण लगानी आसुलीको नेतृत्व गर्दै महिला सशक्तीकरण लगायत समसामायिक चेतनामूलम र सिपमूलकतालिमहरु संचालन गर्दै आएको छ । यस संस्थामा आवद्ध महिलाहरूमा केही उद्यम गर्नुपर्दछ भन्ने भावनाको विकास भई सदस्यहरूको संभावित व्यवसायहरू जस्तै तरकारी खेती, पशुपालन, किनारा पसल स्थापना हुने क्रम बढेको छ ।

### *४.३ उत्तरदाताहरूको परिचय*

#### *४.३.१ उत्तरदाताहरूको पारिवारिक संरचना*

प्रत्येक व्यक्ति परिवारमा वस्दछन् परिवारनै प्रत्येक व्यक्तिको पाठशाला हो। परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ। परिवारबाट व्यक्तिले मायाममता सुरक्षा प्रदान गर्दछ। परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। सासु, सुसुरा, श्रीमान्, श्रीमती र तिनका बच्चा, देवर, जेठाजु, नन्द, आमाजु सबै एकै ठाउँमा भएको परिवारलाई संयुक्त परिवार तथा श्रीमान् श्रीमती र उनीहरूको बच्चा मात्र तथाभएको परिवारलाई एकात्मक परिवार भनिन्छ। तलको बृतचित्रले अध्ययन क्षेत्रका महिलाको पारिवारिक अवस्था जनाउँछ।




*चित्र नं. ४.१: उत्तरदाताको पारिवारिक संरचना*

उपरोक्त वृतचित्र अनुसार कुल ४२ जना उत्तरदाता महिलाहरू मध्ये ५५ प्रतिशत संयुक्त परिवारमा र ४५ प्रतिशत एकल परिवार रहेका देखिन्छ। जसमा संयुक्त परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ।

### *४.३.२ उत्तरदाताहरूको जातिय संरचना*

जातजाति जनसङ्ख्याको महत्वपूर्ण विशेषता हो। समाजमा जातका आधारमा पेशा, सामाजिक सम्वन्ध, हैसियत र भूमिका निर्धारण भएको हुन्छ।यस अध्ययन क्षेत्रमा विभिन्न जात र जातिको संलग्नता रहेको पाइन्छ। नमुना छनौटमा परेका उत्तरदातहरुलाई तपाईकुन जातजातिको भन्न रुचाउनुहुन्छ भनि सोधिएको प्रश्नमाबाट प्राप्त तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.३ मा उत्तरदाताहरुको जातजातिगत संरचना देखाइएको छ। उक्ततथ्याङ्क हेर्दा पहाडी ब्राहमण, क्षेत्री, ८३ प्रतिशत, आदीबासी जनजातिहरु मगर, गुरुङ, नेवार, कुमाल आदि १२ प्रतिशत र दलित ५ प्रतिशत रहेको पाइयो।

तालिका नं.४.३: उत्तरदाताहरूको जातजातिगत विवरण

| जात | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पहाडी बाहुन, क्षत्री | 35 | 83 |
| जनजाति (मगर, गरुङ्ग, नेवार, कुमाल आदि) | 5 | 12 |
| दलित -कामी, सार्की, दमाइ, गाइने र बादी) | 2 | 5 |
| जम्मा | 42 | 100 |

स्रोत: स्थलगत तथ्याङ्क, २०७३

यसबाट के देखिन्छ भने अध्ययन क्षेत्रमा जातिगत रुपमा २१. ८ प्रतिशत जनसंख्या रहेको दलितको सहकारीमा केवल ५ प्रतिशत सहभागिता रहेको र ४० प्रतिशत जनसंख्या रहेको ब्राहमण क्षेत्री ८३ प्रतिशत सहकारी सदस्य रहेको देखिन्छ। यस तथ्याङ्कले सहकारीमा परम्परागत रुपमा प्रभुत्व रहेका जातजातिको तुलनामा दलित र जनजातिको सहभागिता अझै न्युन रहेको देखाउछ।

### *४.३.३ उत्तरदाताहरूको शैक्षिक स्थिति*

शिक्षाले महिलाको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउँछ र यसले आफ्नो जीवनमा आइपरेका समस्या समाधान तथा भविश्यको आवश्यकतामा आफ्नो दावी गर्ने क्षमता बढाउछ। शिक्षाले व्यक्तिको सिप र सामर्थ्य वढाउन अहम भूमिका खेल्दछ। शिक्षित महिलामा आत्मविश्वास र आत्मसंमान वढी हुन्छ। उत्तरदाताहरूको शैक्षिक स्थिति निम्न तालिका बाट स्पष्ट पारिएको छ।

तालिका ४.४ : उत्तरदाताहरूको शैक्षिक स्थितिको विवरण

| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | 8 | 19 |
| साक्षर | 28 | 67 |
| उच्च शिक्षा (उच्च माद्यमिक तह भन्दा माथि) | 6 | 14 |
| जम्मा | 42 | 100 |

स्रोत : स्थलगत तथ्याङ्क,२०७३।

अन्तरवार्ताको क्रममा प्रत्यक्ष रुपमा सोधिएका प्रश्नको प्रतिकृयामा १४ प्रतिशत महिलाले आफुलाई शिक्षित(उच्च माद्यमिक तह भन्दा माथि),६७ प्रतिशतले आफु साक्षर र १९ प्रतिशत महिला निरक्षर रहेको प्रतिकृया दिएका छन्। यस मध्ये १० जना अर्थात करीब २५ प्रतिशत उत्तरदाता मात्रले एस. एल. सी. भन्दा माथिको शिक्षा अध्ययन गरेको प्राप्त तथ्याङ्कले देखाउछ।

### *४.३.४ उत्तरदाताको पेशा*

पेशाले व्यक्तिको जीवनमा ठूलो प्रभाव पारेको हुन्छ। यही पेशाको आधारमा नै महिलाहरूको सामाजिक आर्थिक अवस्थामा विविधता ल्याउने गर्दछ। तालिका ४.५ मा मूख्य पेशाको आधारमा उत्तरदाताहरूको संरचनाको विवरण प्रस्तुत गरिएको छ। खेतीपातीमा लागेका उत्तरदाता सङ्ख्या ३३ जना वा ७९ प्रतिशत, नोकरी ६ जना वा १४ प्रतिशत , व्यापार २ जना वा ५ प्रतिशत र ज्यालामजदुर १ जना वा २ प्रतिशत रहेको पाइयो।

तालिका ४.५ उत्तरदाताको मुख्य पेशाको विवरण


| सिं नं | मूख्य पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | 33 | 79 |
| २ | नोकरी | 6 | 14 |
| ३ | व्यापार | 2 | 5 |
| ४ | ज्यालामजदुरी | 1 | 2 |
| | जम्मा | ४२ | १०० |

स्रोतः स्थलगत तथ्याङ्क, २०७३।

तालिकामा उल्लिखित तथ्याङ्कबाट सहकारीमा आबद्ध अधिकांस महिलाहरू कृषि तथा पशुपालन जस्ता ब्यावसायमा संलग्न रहेको देखिन्छ ।

### *४.३.५ उत्तरदाताको सार्वजनिक क्षेत्रमा पँहुचको अवस्था*

महिलाहरुको सार्वजनिक क्षेत्रमा पहुँच हुन राजनीति संस्था, प्रशासनीक संस्था लगायत विभिन्न सामाजिक संघ संस्थामा आबद्धताको स्तर हेर्नु पर्ने हुन्छ ।उत्तरदाता महिलाहरु सहकारी संस्थाको अलवा अन्य सामाजिक समुहमा आबद्धता छ वा छैन भन्ने प्रश्नमा ९० प्रतिशत उत्तरदाताले भएको स्वीकार्दछन भने १० प्रतिशत नभएको बताउ छन ।




*चित्र नं. ४.२: उत्तरदाताको सहकारी बाहेक अन्य सामाजिक समुहमा आबद्धता*

राजनीतिमा संलग्नता हेर्दा ९८ प्रतिशत उत्तरदाता महिलामहरु राजनीतिक संगठनमा आबद्ध नभएको र मात्र २ प्रतिशत महिला मात्र संलग्न भएको देखाउछ । त्यस्तै उत्तरदाता महिलाहरु मध्ये ८६ प्रतिशत महिला अन्य जागिरमा आवद्ध नभएका तथा १४ प्रतिशत जागिरमा आबद्ध मध्ये ६७% मध्यम तह र ३३% सहयोगीको रुपमा सार्बजनिक क्षत्रमा कार्यरत रहेको स्थलगत तथ्यांकले देखाउछ ।

## *अध्याय पाँच*

## *महिलाको सामाजिकसशक्तीकरणमा सहकारी संस्थाको भूमिका संबन्धी विबेचना*

### *५.१श्रोतको उपब्धता*

कुनै व्यक्तिलाइ सशक्तीकरण गर्न सघाउने तत्व श्रोतको उपलब्धता हो ।सहकारीका महिला सदस्यहरुलाइ कसरी श्रोतमा पँहुच बृद्धि भयो र ती श्रोत महिलाले भविश्यमा समेत दावि गर्ने हैसियतका छन या छैनन भन्ने कुराले महिलाहरुको जीवनको रणनीतिक छनोटमा प्रभाव पार्ने गर्दछ र यसको उपयूक्त सुचांकको मापनबाट नै सशक्तीकरणको स्तर निर्धारण संभव हुन्छ । यी श्रोतहरु मनोवैज्ञानिक, सूचना, संगठन, भौतिक समाग्री, सामाजिक, वित्तिय तथा मानव श्रोत हुन सक्छन् । मनोबैज्ञानिक र सामाजिक संपत्ती भौतिक संपत्ती तुलनामा सजिलै मापन गर्न सकिदैन ।

प्रस्तुत अध्ययनमा महिलाहरुको सिप विकास, भौतिक संपत्ति र समाजिक संजाल जस्ता सुचांकमा भएको परिबर्तनलाइ सशक्तीकरण संग आबद्ध गर्ने प्रयास गरिएको छ । यसको लागि सहकारी संस्थाका महिला सदस्यहरुलाई प्रत्यक्ष अन्तरबार्ताको क्रममा उनीहरु सहकारीमा आबद्धता हुदा विभिन्न प्रश्नहरु मार्फत स्रोतमा पहुँच बढेको नबढेको जानकारी लिइएको थियो ।श्रोतमा पँहुच बृद्धिहुदा व्यक्तिको सिपमा परिमार्जन हुने, सम्पतिमा स्वामित्व बृद्धि हुने र सामाजिक संपत्तिको रुपमा व्यक्तिको सामाजिक संजालमा उपस्थिति बिस्तार भएको हुन्छ । उपरोक्त श्रोतहरुमा सहकारीले महिला सदस्यहरुको कुन हदसम्म पँहुच भयो भन्ने संधर्भमा निम्न अनुसार विवेचना गरिएको छ ।

### *५.१.१सिप विकास*

कुनै पनि व्यक्तिको सिप विकासमा शिक्षा तथा तालिमको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षाले महिलाको सामाजिक र आर्थिक स्थितिमा सुधार ल्याउँछ र यसले आफ्नो जीवनमा आइपरेका समस्या समाधान तथा भविश्यको आवश्यकतामा आफ्नो  दावी गर्ने क्षमता बढाउछ । शिक्षाले ब्यक्तिको सिप र सामर्थ्य वढाउन अहम भूमिका खेल्दछ । शिक्षित महिलामा आत्मविश्वास र आत्मसंमान वढी हुन्छ । उत्तरदाताहरूको शैक्षिक स्थिति हेर्दा १४ प्रतिशत महिलाले आफुलाई शिक्षित, ६७ प्रतिशतले आफु साक्षर र १९ प्रतिशत महिला निरक्षर रहेको प्रतिकृया दिएका छन् (तालिका नं. ४. ४) । साथै उनीहरुले उच्च शिक्षा नलिनुमा ४२ जना उत्तरदाता मध्ये ५५ प्रतिशतले छिटो विवाह भएकोले निरन्तरता दिन नसकेको बताएका छन् भने २४ प्रतिशतले घर परिवारबाट सहयोग नपाएर र १९ प्रतिशतले आर्थिक अभावको कारण उल्लेख गरेका छन ।

साथै उत्तरदाता ४२ महिलाहरुको ५६ जना छोरा र ४० जना छोरीगरी ९६ जना स्कुलजाने उमेर समुहमा रहेकामा छोरा र छोरीको जम्मा जनसंख्यालाइ आधारमान्दा ५८ प्रतिशत छोरा र ४२ प्रतिशत छोरी स्कुल जाने समुहमा पर्दछन । उपरोक्त जनसंख्यामा सरकारी विद्यालयमा छोरा २५

प्रतिशत र छोरी ११ अध्ययन गर्न पठाउने गरेको देखिन्छ । त्यस्तै ३३ प्रतिशत छोरा र ३० प्रतिशत छोरीलाइ निजी विद्यालयमा पढन पठाउने गरेको पाइन्छ ।

तालिका नं. ५.१ उत्तरदाताहरूको सन्ततीको सामुदायीक तथा निजी विद्यालयमा अध्ययनको विबरण

| क.स. | विद्यालयको प्रकार | छोरा संख्या | छोरा प्रतिशत | छोरी संख्या | छोरी प्रतिशत | जम्मा संख्या | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सरकारी विद्यालय | 24 | 25 | 11 | 12 | 35 | 37 |
| २ | निजी विद्यालय | 32 | 33 | 29 | 30 | 61 | 63 |
| | जम्मा | 56 | 58 | 40 | 42 | 96 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

उत्तरदाता महिलाहरु ४२ जनाले नै छोरीलाइ शिक्षा दिनु पर्दछ भन्ने धारणा राख्दछन । छोरीलाइ शिक्षा किन दिनु पर्दछ भनि गरिएको प्रश्नमा ६३ प्रतिशतले आत्म निर्भर वन्न, १७ प्रतिशतले भविश्यको जीवन यापन गर्न,७७ प्रतिशतले परिवार, समाज र देशलाइ अगाडी बढाउन तथा भविश्यमा राम्रो काम गर्न भनेका छन र ५ प्रतिशत उत्तरदाताले कुनै काममा पछाडी नपरोस भनि भनेका छन । उनीहरु मध्ये घरमा आफ्नो छोरीलाइ प्रयाप्त पढने समय दिनुहुन्छ भनि सोध्दा ८३ प्रतिशतले दिन्छु र १७ पतिशतले आफै समय मिलाउछन भन्ने प्रतिकृया दिएको देखिन्छ ।

तालिका नं. ५.२ः उत्तरदाताहरूको छोरीलाई शिक्षा दिनुपर्ने कारणहरु

| छोरीलाइ शिक्षा दिनुको कारणहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क. आत्मनिर्भर बन्न | 26 | 63 |
| ख. भविश्यमा जीवन यापन गर्न | 7 | 17 |
| ग. परिवार, समाज र देशलाइ अगाडी बढाउन | 3 | 7 |
| घ. भविश्यमा राम्रोकाम गर्न | 3 | 7 |
| ङ. कुनैपनि काममा पछि नपरोश भनेर | 2 | 5 |
| च. छोरा वा छोरी मा विभेद नगर्न | 1 | 2 |
| जम्मा | 42 | 100 |


श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

छोरीलाइ शिक्षा दिनु पर्छ भन्ने कुरामा तपाईहरुको के धारणा छ भन्ने प्रश्नमा समुहगत छलफलमा सहभागि महिला सदस्यहरुयसरी बताउनुहुन्छः

'विगतमा छोरीलाइ खासै नपढाउने र छिट्टै विवाह गरिदिने चलनले हामीले पढन पाएनौ । अहिले हामीले हाम्रा छोरीहरुलाइ भेदभावको नराखि उनीहरुलाइ प्रश्स्त पढने समय दिएका छौ । हामीहरु मध्ये केहिले यसै संस्था मार्फत प्रौढ शिक्षा लिइ साक्षर सम्म हुन सक्यौ ।'

साक्षात्कार गरिएको महिलाहरु प्रणालीगत रुपमा नै लैङ्गिक विभेदमा परेको कारण न्यून संख्यामा उच्च शिक्षामा पहुँच भएको देखिन्छ । यसरी पहुँच नहुनुमा चाँडो विवाह भएकोले बुहारीले घर परिवारबाट पढ्न सहयोग नहुनु हो भन्ने तथ्याङ्कले पुष्टि गर्दछ । यसबाट महिलाहरु औपचारिक शिक्षा र सिपमूलक तालिम नभएको कारण महिलालाई जागिरमा पहुँच हुन सकेन । उनीहरुमा औपचारिकसिप र आधारभूत ज्ञानको कमीले गर्दा सानोतिनो स्वरोजगार मुलक व्यवसाय समेत संचालन गर्न सक्षम भएका थिएनन् । सहकारीमा आबद्ध भए पछि उनीहरुमा जनचेतनामा उल्लेख्यरुपमा बृद्धि भएको तथा आर्थिक रुपमा सवल भएकोले छोरीलाइ पनि छोरा सरह शिक्षा दिनु पर्दछ भन्ने कुरामा निर्णय क्षमता समेत बढेको पुष्टि हुन्छ । उपरोक्त तथ्याङ्क अनुसार उत्तरदाताहरुले आपनो हैसियत अनुसार समानरुपमा छोरा छोरीलाइ एकै प्रकारको स्कुलमा पढाउने गरेकोले समान ब्यबहार देखाएको पुष्टि हुन्छ ।

उत्तरदाता महिलाहरुलाइ सहकारी संस्थामा लागेर तपाइले ब्यावसायीकसिप सिक्ने मौका पाउनुभयो भनि प्रश्न सोधेकोमा ४२ जना मध्ये ७१ प्रतिशतले मौका पाएको र २९ प्रतिशतले नपाएको भनि प्रतिकृया दिएका छन जुन निम्न अनुसार वृत चित्रमा देखाइएको छ (स्थलगत तथ्याङ्क, २०७३)।




*चित्र नं. ५.१: उत्तरदाताको सिपमूलकतालिममा सहभागिताको स्थिति*

उत्तरदाता महिलाहरुले निम्न तालिका नं. ५.३ मा देखाए अनुसार विभिन्न प्रकारका विशेषसिप सिक्ने मौका पाएको प्रतिकृया दिएका छन । उपरोक्त सिप शिक्ने मौका पाउने उत्तरदाताहरु मध्ये ८६ प्रतिशतले सहकारीमा आवद्ध भए पश्चात महिला साक्षरता सम्बन्धी सिप सिकेको, ६२ प्रतिशतले नेतृत्व विकास, ७१ प्रतिशतले कृषि सम्बन्धी सिप सिकेको बताएका छन् । यसबाट के देखिन्छ भने सहकारीमा आवद्ध भए पश्चात अधिकांस महिलाहरु एक भन्दा बढी सिप सिक्ने मौका प्राप्त गरी साक्षरता, व्यवसायीक खेती, मल बनाउने, प्राङ्गारिक किटनासक औषधी बनाउने, व्यवसायीक पशुपालन जस्ता विषयमा दक्षता प्राप्त गरेको पाइन्छ । साथै उनीहरुले कसरी बचत गर्ने, उनीहरुको रुपैंया कसरी प्रभावकारी रुपमा उपयोग गर्ने र कसरी आफ्नो समस्या समाधाान गर्न कसरी बल प्रयोग गर्ने जस्ता सिपको विकास भएको देखिन्छ । यसरी सहकारीले  विशेष सिप विकासमा योगदान दिएको हुदा

महिलाहरु घर बाहिर काम गर्न योग्य हुनुको साथै निजहरुको नेतृत्व क्षमता र सामर्थ्य समेत बढेको प्रष्ट हुन्छ र यी सिपहरु उनीहरुको बाँकी जीवनमा मुल्यवान हुन्छन ।


तालिका नं. ५.३: उत्तरदाताहरुको सिप विकास तालिममा पहुँच सम्बन्धी विवरण

| क्र.स. | सिप विकास तालिमको विवरण | मौका प्राप्त गर्नेको | प्रतिशत |
|---|---|---|---|
| १ | महिला साक्षरता | 36 | 86 |
| २ | नेतृत्व विकास | 26 | 62 |
| ३ | कृषि | 30 | 71 |
| ४ | अर्गानिक बिषादी बनाउने | 22 | 52 |
| ५ | घास खेति | 20 | 48 |
| ६ | अर्गानिक तरकारी खेति | 17 | 40 |
| ७ | पशुपालन | 15 | 36 |
| ८ | कुखुरा पालन | 18 | 43 |
| ९ | सहकारी शिक्षा | 15 | 36 |
| १० | बाखा पालन | 16 | 38 |
| | जम्मा उत्तरदातकहरुको संख्या | 42 | 100 |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

### *५.१.२ उत्तरदाताको सम्पत्तिको स्वामित्व*

घर परिवारमा सम्पतिको स्वामित्व र संपत्ति संचालनमा निर्णयक भूमिका कस्को छ भन्ने कुराले निर्णय क्षमता, विकल्प छनोट तथा सहि अर्थमा भौतिक र आर्थिकश्रोतमा कस्को पँहुच रहेको छ भन्ने बुझ्न सकिन्छ । यसकोलागि ४२ जना उत्तरदाता मध्ये १७ प्रतिशत (७ जना) महिलासँग जमीनको स्वामीत्व आफु संग रहेको,१० प्रतिशत (४ जना) उत्तरदाताको सम्पत्तिको सासुको नाममा रहेको र २ प्रतिशत ( १ जना ) संग श्रीमान संग संयुक्त स्वामित्व भएको तथ्याङ्कबाट देखिन्छ । यसरी हेर्दा उत्तरदाताहरु १९ प्रतिशत संग मात्र आफुसंग जमिनको स्वामित्व रहेकोले बाँकी ८१ प्रतिशत उत्तरदातामहिला संग जमिनको स्वामित्व भएको पाइएन । बाँकी मध्ये ३९ प्रतिशत जमिनको स्वामित्व उनका श्रीमानको नाममा भएको र ४२ प्रतिशत जमीनको स्वामित्व सासु र ससुरा संग रहेको देखिन्छ ( स्थलगत तथ्याङ्क, २०७३)। यसको विवरण निम्नलिखित स्तम्भचार्टबाट समेत स्पष्ट बुझ्न सकिन्छ ।




*चित्र नं. ५.२ जमिनको स्वामित्व प्रतिशत*

उत्तरदाता मध्ये आफ्नो नाममा जमिनको स्वामित्व रहेकालाइ तपाइको आफ्नो नाममा वा श्रीमान संग संयूक्त स्वामित्व कसरी भयो भन्ने संबन्धमा सोधिएको प्रश्नबाट प्राप्त उत्तर तालिका नं. ५.४ मा देखाइएको छ ।

तालिका ५.४: उत्तरदाताको जमिनको जग्गाको स्वामित्य कायमहुनुको कारण

| स्वामित्व कायम भएको विवरण | ;+Vof | k\|ltzt |
|---|---|---|
| क) दाइजो | 1 | 11 |
| ख) अंश बन्डा | 1 | 11 |
| ग) नाम सारी | 1 | 11 |
| घ) तपाइको आम्दानीबाट खरिद | 4 | 44 |
| ङ) श्रीमानको कमाइबाट | 2 | 22 |
| जम्मा | 9 | 100 |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

उपरोक्त तालिकामा देखाए अनुसार ४४ प्रतिशत महिलाले स्वआर्जनबाट जमिन खरिद गरेको देखिन्छ । २२ प्रतिशत अबस्थामा श्रीमानको कमाइबाट खरिद भएको ११ प्रतिशत दाइजोबाट प्राप्त भएको र ११ प्रसितशत अंशबण्डाबाट प्राप्त भएको देखिन्छ । अर्को तर्फ परिवारमा जमिन वा चल संपति संचालनमा स्वामित्व नभए पनि त्यसमा महिलाहरुको ब्यबहारिकपँहुच भएबाट विकल्प दिने काम र निर्णय क्षमता बढने हुन्छ । यसकोलागि परिवारको संपत्ति संचालन को वाट हुन्छ भन्दा ३५ प्रतिशतले श्रीमान, सासु र ससुराबाट हुने बताए भने ६५ प्रतिशतले आफुले गर्ने बताएका छन (स्थलगत तथ्याङ्क, २०७३)।

उपरोक्त उत्तरदाताहरुको प्रतिकृया तथा मूख्य सूचनादाताको भनाइ हेर्दा सहकारीमा आवद्ध भए पश्चात महिलाहरुको पहिलेको तुलनामा आर्थिक र भौतिकश्रोतमा बृद्धि भएको मान्न सकिन्छ । पुरुष प्रधान नेपाली समाजमा बैधानिक रुपमा छोरा र छोरी बीच विभेद नगरिए पनि परम्परागत विधि अनुसार

माइतबाट अंशबण्डाबाट सम्पति लिन सक्दैनन र विवाह भएर गएको घरको सम्पति आफ्नो पतिको नाममा आउने भएकोले सहकारीमा आबद्ध महिलाहरु ५५ प्रतिशत संयूक्त परिवारमा रहने भएकोले सम्पत्तिको स्वामित्व पनि ससुरा वा पतिको नाममा देखिन्छ । थोरै मात्रामा (१९ प्रतिशत) महिलाले आपत्कालमा दावि गर्न सक्ने गरी आफु संग जमिनको स्वामित्व रहेको देखिन्छ । महिलाहरु संग भएको सामुहिक छलफलको निष्कर्ष हेर्दा बहुसंख्यक महिलाहरुले आफ्नो नाममा कानुनी रुपमा सम्पत्तिको स्वामित्व नभएता पनि ब्यवहारिक रुपमा आफुलेसहकारी मार्फत ऋण प्राप्त गरी जमिनमा ब्यबसायीक उपयोग गर्न पँहुच भएको बताउछन । साथै केहि महिला सदस्यहरुमा बैधानिक रुपमा आफ्नो नाममा नभए पनि परिवारमा चल अचल संपत्तिको ब्यबस्थापन र नियन्त्रण गरी उक्त जग्गाबाट आम्दानी गर्ने र आवश्यक परेको बेला खर्च गर्ने क्षमता भएका समेत बताएका छन ।यसबाट सहकारीमा आबद्ध हुदाजनचेतना बृद्धि भई यसको सकारात्मक प्रभाव परिवारमा पर्दा महिलाहरुको सम्पत्तिमा पँहुच बृद्धि भएको प्रष्ट हुन्छ ।

### *५.१.३ उत्तरदाताको बचत संकलन तथा ऋणमा पँहुच*

बचतबाट पूँजी निर्माण भई आर्थिकश्रोतमा पँहुच भइ लगानी गर्न महिलाहरुमा आत्म विश्वास बढाउछ । ४२ जना उत्तरदाता मध्ये अधिकाम्स (९८%) महिला सदस्य सामुहिक बचत र ऋण लगानी कार्यक्रममा सहभागि रहेको र २ प्रतिशत सो कार्यक्रममा सहभागि नभएको बताउछन । यसरु २ जना उत्तरदाताहरु माशिक बचत तथा ऋण लगानी कार्यक्रममा त्यति चासो नदिएकोले उक्त बचत गर्नु पर्ने रकम अन्य सहकारी सदस्य तथा कर्मचारीहरु संग पठाउने गरेको बताउछन । सबचतकार्यक्रममा सहभागि मध्ये ७१% उत्तरदाताले मासिक बचत गर्ने बताएका छन (स्थलगत तथ्याङ्क, २०७३)। बचत गर्ने प्रयोजन सम्बन्धमा प्रश्न राख्दा निजहरुबाट तालिका नं. ५.६ मा खेखाइए अनुसार उत्तर आएको थियो । उनीहरु मध्ये २४ प्रतिशतले भविष्यमा परिवारको आवश्यकता पुरा गर्न काम लाग्छ भनेका छन भने ५ प्रतिशतले भविष्यमा ब्यक्तिगत आवश्यकता पुरा गर्न काम लाग्छ भनि बचत गरेको बताएका छन ।७१ प्रतिशत उत्तरदाताले उपरोक्त दुवै प्रयोजनको लागि बचत गर्ने गरेको बताउछन ।

तालिका ५.६: उत्तरदाताको सहकारीको बचत कार्यक्रममा सहभागि हुने प्रयोजन

| बचत गर्नुको प्रयोजन | संख्या | प्रतिशत |
|---|---|---|
| क) भविष्यमा परिवारको आवश्यकता पुरा गर्न काम लाग्छ भनेर | 10 | 24 |
| ख) भविष्यमा ब्यक्तिगत आवश्यकता पुरा गर्न काम लाग्छ भनेर | 2 | 5 |
| ग) ख र ग दुबैकोलागि | 30 | 71 |
| जम्मा | 42 | 100 |

स्रोत : स्थलगत तथ्याङ्क, २०७३ ।

यसबाट के प्रष्ट हुन्छ भने महिलाहरुलाई बचत गर्नुको प्रयोजन थाहा भएर सो कार्यक्रमका सहभागि भएका छन । उनीहरुको भनाइलाई विबेचना गर्दा महिलाहरुले बर्तमानलाइ मात्र नहेरी आफ्नो

तथा आफ्नो परिवारको भविश्यको आवश्यकता पुरा गर्न तथा आफुलाइ आर्थिक रुपमा सुरक्षित राख्न सहकारी संस्थामा बचत गर्ने गरेको देखिन्छ ।

कुनै पनि उद्देश्य नलिई मानिसले यतिकै ऋण लिन चाहदैन । विना योजना पनि ऋण लिदैनन् । मानिसको आवश्यकताहरू फरक -फरक हुन्छन् । ती आवश्यकताहरू र उद्देश्यहरू पूरा गर्नको लागि ऋण लिएको हुन्छ । समूहबाट कुन उद्देश्यको लागि ऋण लिनु भएको भनि प्रश्न गर्दा उत्तरदाताहरूबाट आएको उत्तरको विवरण तल तालिका प्रस्तुत गरिएको छ । तालिका नं. ५.७ अनुसार अध्ययन गरिएका उत्तरदाताहरूले ऋण लिने र नलिने साथै ऋण लिने उद्देश्यको विवरणलाई हेर्दा ऋण नलिने भन्दा ऋण लिनेको बाहुल्यता पाइयो ।

तालिका ५.७: ऋण नलिने र उद्देश्यको आधारमा ऋण लिने उत्तरदाताहरूको विवरण

| उद्देश्यहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ऋण नलिने | १४ | ३३ |
| ऋण लिने | २८ | ६७ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत तथ्याङ्क, २०७३ ।

ऋण नलिने उत्तरदाताहरू ३३ प्रतिशत (१४ जना) रहेको पाइयो भने विभिन्न उद्देश्य लिएर ऋण लिने उत्तरदाताहरू ६७ प्रतिशत अर्थात २८ जना ) रहेको पाइयो । उनीहरूले ऋण लिने उद्देश्य निम्नअनुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका ५.८ उद्देश्यको आधारमा ऋण लिने उत्तरदाताहरूको विवरण

| उद्देश्यहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) घरायसी खर्चको लागि | 3 | 11 |
| ख) सन्ततीको पढाइको लागि | 10 | 36 |
| ग) व्यापार तथा व्यवसायको लागि | 15 | 54 |
| जम्म्मा | 28 | 100 |

स्रोत : स्थलगत तथ्याङ्क, २०७३ ।

उपरोक्त तथ्याङ्क हेर्दा उत्तरदाता महिलाहरू मध्ये ११ प्रतिशत घरायसी खर्चमा लगानी गर्ने , ३६ प्रतिशत महिलाले बालबच्चाको पढाई खर्च र ५४ प्रतिशतले व्यापार व्यवसायकालागि लगानी लगानी गर्न ऋृण लिएको पाइयो ।

साथै ४२ जना उत्तरदाता मध्ये १५ जनाले ब्यापार ब्याबसाय गर्न ऋण लिएकोमा ४० प्रतिशतले किराना पसलकोलागि, २० प्रतिशतले होटल र ४० प्रतिशतले ब्यावसायीक कृर्षिकोलागि ऋण लिएको निम्नलिखित तालिका नं. ५.९ मा उल्लिखित ब्यापार गरेको देखिन्छ ।

तालिका ५.९ उत्तरदाताहरूले लगानी गरेको ब्यापारिक क्षेत्र

| ब्यापारको प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) किराना पसल | 6 | 40 |
| ख) होटल | 3 | 20 |
| ग) व्यवसायिककृषि | 6 | 40 |
| जम्मा | 15 | 100 |

स्रोत : स्थलगत तथ्याङ्क, २०७३ ।

त्यस्तै २६ जना उत्तरदाताले ब्यावसायी कृषिको लगानी गरेको बताएको र उनीहरुलाइ कस्तो ब्याबसायीककृषिमा लगानी गर्नू भयो भनि सोध्दा पशुपालनमा ३८ प्रतिशत, तरकारी खेती ४६ प्रतिशत र बाखापालनमा १५ प्रतिशत उत्तरदाताशरुले लगानी गरेको बताउछन । उनीशरुले लगानी गरेको क्षेत्र तालिका नं. ५.१० मा देखाइएको छ ।

तालिका ५.१०: उत्तरदाताहरूले लगानी ब्यावसायीककृषि क्षेत्र

| ब्यावसायीककृषि क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) पशुपालन व्यवसाय | 10 | 38 |
| ख) तरकारी खेती | 12 | 46 |
| ग) बाख्रा पालना | 4 | 15 |
| जम्मा | 26 | 100 |

स्रोत : स्थलगत तथ्याङ्क, २०७३ ।

यसबाट उत्तरदाताहरु मूख्यतया तरकारी खेति र पशुपालनमा लगानी गरेको देखिन्छ । यसबाट के प्रष्ट हुन आउँछ भने महिलाहरु सहकारीबाट आर्थिकश्रोतमा सहज पँहुच भएको कारण आफ्ना घरायसी खर्च, बालबच्चाको शिक्षा दिक्षा लगायत परम्परागत कृषि प्रणालीलाई परिवर्तन गर्दै आम्दानी हुने व्यवसाय तर्फ अग्रसर हुन महिलाहरु लगानीको विकल्प छनोट गर्न समेत सक्षम भएको पाईन्छ ।

सहकारी संस्थामा आबद्ध भए पछि ४२ जना उत्तरदाता मध्ये ९८ प्रतिशत महिलाले ५ प्रतिशत देखि ७५ प्रतिशत सम्म आम्दानीको स्रोतमा वृद्धि भएको बताएका छन् र कति प्रतिशत बृद्धि भएको छ भनि प्रश्न गर्दा निम्नअनुसार भएको बताउछन ।

तालिका ५.११ उत्तरदाताहरूले आम्दानिमा बृद्धि प्रतिशत

| आम्दानीमा भएको बृद्धि प्रतिशत | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५ % | 14 | 33 |
| १० % | 6 | 14 |
| २० % | 9 | 21 |
| २५ % | 4 | 10 |
| ५० % | 7 | 17 |
| ७० % | 1 | 2 |
| ७५ % | 1 | 2 |
| जम्मा | 42 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

सहकारी संस्थामा त्यसका सदस्यहरुको लगानी कम भएता पनि महिलाको आम्दानीमा यसले ७५ प्रतिशत सम्म बृद्धि गराएको बताउछन । सहकारीमा लगानीबाट हुने प्रतिफलको लेखाजोखा गर्न अन्तरवार्ताकोक्रममा सोधिएको प्रश्नमा ६२ प्रतिशत उत्तरदाताले व्यापार व्यावसायबाट हुने आम्दानी संस्थालाई ब्याज तिरी थप रकम बचत हुने बताएका छन् भने २८ प्रतिशत उत्तरदाताले अतिरिक्त बचत गर्न नपुग्ने बताएका छन (स्थलगत तथ्याङ्क, २०७३ ।) ।

मूख्य सूचनादाता बाली खडकालाइ सहकारी संस्थाको उद्देश्य अनुरुप महिलाको आय आर्जनमा यसले भूमिका खेलेको देख्नुहुन्छ ? भनि सोधिएको प्रश्नमा उँहाको भनाइ यस प्रकार रहेको छ :

' यो संस्थाको उद्देश्य महिला सदस्यहरुले यस संस्थामा बचत गर्ने पैसा स्वयं आफ्नो आय आर्जनबाट गर्न सक्ने बनाउने भन्ने थियो । धेरै जसो दिदीबहिनीहरु यो उद्देश्यमा पुगीसक्नु भएको छ । धेरैलाई व्यवसायी र उद्यमी बन्नको लागि विभिन्न अभिमुखीकरणका तालिमहरु विभिन्न संघ संस्था मार्फत दिइएको छ । धेरै दिदीबहिनीहरुले आफ्नो व्यवसायलाई अगाडी बढाइरहनु भएको छ । हरेक व्यक्ति अगाडी आउनका लागि त सर्वप्रथम आर्थिक रुपमा सबल हुनु पर्दो रहेछ । हामीले यस संस्थामा आवद्ध महिला साथीहरुलाई आर्थिक रुपमा सबल बनाउन यस संस्थाबाट पाउने साधन स्रोतमा उहाँहरुको पहुँच प्रशस्त पुगेको छ । उहाँहरुलाई कुनै पनि व्यवसाय गर्नु पर्‍यो भने यहाँबाट सरल र सहज रुपमा ऋण पाउनु हुन्छ । '

उपरोक्त भनाइले समेत सहकारीमा आबद्ध महिलाहरुको बचत गर्ने रकम उनीहरुको अन्य ब्याबसायबाट हुने आयबाट ब्यबस्था गर्न सक्षम भएका छन । उपरोक्त तथ्यले महिलाहरुको बचत तथा

ऋणमा पँहुच हुदा उद्यमशिलता विकास भई उन्नतखेति तथा ब्यापार ब्याबसायमा भएको उन्नतीले गर्दा संभव भएको अनुमान गर्न सकिन्छ ।

### ५.१.४ उत्तरदाताको सामाजिक संजालमा विस्तार

महिलाहरु सहकारी संस्थाको अलवा अन्य सामाजिक समुहमा आबद्धता छ वा छैन भन्ने प्रश्नमा ९० प्रतिशत उत्तरदाताले भएको स्वीकार्दछन भने १० प्रतिशत नभएको देखाउछन । उनीहरु मध्ये कुन कुन समुहमा कहिले देखि हुनुहुन्छ भन्दा उनीहरुको संलग्नता भएको अन्य समुहको नाम तालिका नं. ५.१२ मा देखाइएको छ । तालिकामा देखाइएको तथ्याङ्क अनुसार सहकारीमा आबद्ध भएका महिलाहरु अन्य सामाजिक समुहमा पनि आबद्ध भएको देखियो ।सहकारी संस्थामा आम्दानीको राम्रो स्रोत नभए पनि यसलाई आपसी हित र ऐकबद्धता पर्दशन गर्ने वैद्य थलोको रुपमा लिइन्छ । सहकारीमा महिलाले आफ्नो व्यवसायको सम्बन्धित अनुभव तथा सूचना एक अर्कामा साटासाट गर्ने गर्दछन् ।

तालिका ५.१२ उत्तरदाताहरूको अन्य सामाजिक समुहमा आबद्धता

| आबद्ध भएको सामाजिक समुह | सङ्ख्या | प्रतिशत | आबद्ध भएको मिति |
|---|---|---|---|
| नेपाल सामुदायीक | 3 | 7 | kl% 1, klxn] 3 |
| मिर्मिरे | 2 | 5 | klxn] 2 |
| अन्जुली | 1 | 2 | Klxn] 1 |
| त्रीशक्ती सहकारी | 2 | 5 | klxn] 1 |
| पन्चकन्या महिला बहुमुखी | 10 | 24 | kl% 4, klxn] 6 |
| सामुदायीक वन | 2 | 5 | kl% 1, klxn] 1 |
| गरीवी निबारण | 10 | 24 | kl% 7, klxn] 3 |
| कृषि समुह | 14 | 33 | kl% 10, klxn] 4 |
| महिला सामुदायीक | 1 | 2 | kl% 1 |
| बचत तथा ऋण | 4 | 10 | kl% 4 |
| निर्धन उत्थान | 11 | 26 | kl% 5, klxn] 6 |
| लघुवित्त | 4 | 10 | kl% 3, klxn] 1 |
| छिमेकी बैंक | 7 | 17 | kl% 7 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 | |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

सहकारीमा आबद्ध महिलाहरु एक भन्दा बढी सामाजिक समुहमा संलग्न भएकोरउनीहरुलाइ यी समुहहरुमा आबद्ध भइसके पछि अन्य सदस्यहरुसंगको संबन्द्ध कस्तो पाउनु हुन्छ भन्दा ९८ प्रतिशतले सहयोगि र २ प्रतिशतले जस्ताको तस्तै भनेका छन । सहयोगि संबन्ध भए एक आपसमा के के सहयोग गर्नु हुन्छ  भनि प्रश्न गर्दा उत्तरदाताहरुले एक आपसमा सरसापटी, दुख सुखको सहयोग, ब्यापार ब्यावसायमा तथा सिप र ज्ञानको साटासाट गर्ने जस्ता सहयोग  हुने बताउछन (तालिका नं. ५.१३)

तालिका ५.१३ सामाजिक संजालबाट आदान प्रदान हुने सहयोग

| सहयोगको क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) सरसापटी | 23 | 56 |
| ख) दुख सुखमा सहयोग | 36 | 88 |
| ग) ब्यापार ब्याबसायमा | 5 | 12 |
| घ) सिप र ज्ञानको बाडफाड | 21 | 51 |
| जम्मा | 42 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

सामाजिकसंजालमा भएको विस्तारलाइ थप पुष्टि गर्ने सम्बन्धमा संस्थाकी अध्यक्ष स्वयं निम्न अनुसार धारणा राख्नुहुन्छ (स्थलगत तथ्याङ्क, २०७३ ।):

'हिजो म एक्लो महिला थिए । म ५००/१००० को लागि साहुको घर दैलो चाहार्थे तर आज म सँग १०६८ दिदि बहिनीहरु हुनुहुन्छ । म आफै मेरो घर परिवार चलाउन तथा छोरा छोरी पढाउन पुग्ने गरी कमाउन सफल भएकी छु । यस्तो गर्नेमा म मात्रै नभएर यस संस्थामा आवद्ध धेरै दिदि बहिनीहरु आत्मनिर्भर हुनु भएको छ । '

उपरोक्त तथ्याङ्कहरुतथा मूख्य सूचनादाताको भनाईलाई दृष्टिगत गर्दा सहकारीमा आबद्ध भए पछि महिलाहरु एक भन्दा बढी सामाजिकसमुह निर्माण गरी त्यसमा आबद्ध रहेको तथा सार्वजनिककृयाकलापमा समेत नेतृत्वदायी भूमिकामा केहि हद सम्म भए पनि परिचालितहुने क्रम बढेको देखिन्छ । अधिकतम महिलाहरु सहकारी संस्थामा गठन भए पछि अन्य समुहमा आबद्ध भएको देखिदा समुहमा आबद्ध हुन सहकारी संस्थाको भूमिका समेत आकलन गर्न सकिन्छ । यसबाट सहकारी संस्थाका सदस्यहरुको सामाजिक संबन्ध विस्तार भएको, सहकारीमा आबद्ध भए पछि संबन्धको विस्तारबाट अन्य सामाजिक समुहहरुमा संलग्न हुने अबसर प्राप्त भएको र भएका समेत देखिन्छ । सहकारीमा आबद्ध हुदा उनीहरुको निकट सम्बन्धबाट विश्वाशिलो सम्बन्ध स्थापना गर्ने र स्थिर सम्बन्धको संजाल निर्माण हुने अवसर प्राप्त भएको छ । सहकारी भित्र उनीहरुले सुरक्षाको अनुभूति पाउने भएकोले संयुक्त रुपमा कार्य गर्न सुरक्षित कार्य वातावरण सृजना र जोखिम बहन गर्न सक्ने क्षमता विकास हुन सहकारीले मद्दत गरेको देखिन्छ ।

## ५.२ सशक्तीकरणको माध्यम वा एजेन्सी

व्यक्तिको उपलब्ध बाताबरणीय अबस्थामा लक्ष्यलाई परिभाषित गर्ने र त्यसलाई कार्यान्वयन गर्ने अन्तरनिहित क्षमता लाई सशक्तीकरणको माध्यम (एजेन्सी) रुपमा लिइएको छ । यो सशक्तीकरणकालागि आवश्यक प्रकृया हो ।सहकारी संस्थामा आवद्ध महिलाहरुको एजेन्सीलाइ बढावादिन सहकारीले कस्तो भूमिका खेल्यो भन्ने सम्बन्धमा उत्तरदाता महिलाहरुले उनीहरुको रणनीतिक छनोटमा सकारात्मक प्रभाव

पार्ने गरी उनीहरुको सामाजिक जीवन ब्यतित गर्दा वा आफ्नो वा परिवार तथा पुरा समाजको भलाइकोलागि विकल्प दिन सक्ने क्षमता बद्धि भए नभएको, सार्वजनिक क्षेत्रमा परिचालीत भए नभएको, महिला हिंसाको घटनामा आवाज उठाउने गरे नगरेको र व्यक्तिगत, पारिवारिक वा छर छिमेकमा हुने सामाजिक निर्णय प्रकृयामा उनीहरुको भुमिका समेत मापन गर्ने गरी प्रश्नहरु सोधिएको छ ।

### *५.२.१ विकल्प छनोट र निर्णय क्षमता*

सशक्तीकरण हुनमा महिलाले आफ्नो चाहानाकोलक्ष्यलाइ परिभाषित गर्न र विकल्पहरु महशुस गर्न सक्षम हुनु पर्दछ । तपाईको व्यक्तिगत जीवन सम्बन्धी निर्णय दिन के तपाइ सक्षम हुनुहुन्छ भनि प्रश्न गर्दा उत्तरदाता ४२ जना महिला मध्ये ९० प्रतिशतले सक्षम भएको र १० प्रतिशतले छैन अरुको सहयोग चाहिन्छ भनेका छन ।

तालिका ५.१४ उत्तरदाता महिलाहरुको व्यक्तिगत निर्णय सम्बन्धी विवरण

| व्यक्तिगत निर्णय क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) आफ्ना आम्दानीको लगानी गर्ने | 38 | 90 |
| ख) व्यक्तिगत चाहानाको बस्तु प्राप्त गर्ने | 11 | 29 |
| ग) आफुले चाहेको साथिलाइ सहयोग गर्ने | 17 | 45 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

तालिका नं. ५.१४ मा देखाए अनुसार ९० प्रतिशत महिलाहरु आफ्ना आम्दानीको लगानी गर्ने, ब्यक्तिगत चाहानाको बस्तु प्राप्त गर्ने तथा आफुले चाहेको साथिलाइ सहयोग गर्ने जस्ता व्यक्तिगत जीवन संबन्धी निर्णय गर्न सक्षम भएको देखिन्छ । उनीहरु व्यक्तिगत एक भन्दा बढी निर्णय गर्न समेत सक्षम रहेको देखिन्छ (स्थलगत तथ्याङ्क, २०७३ ।) ।

परिवारिक निर्णयमा महिलाको सामर्थ्य सम्बन्धमा तालिका नं. ५.१५ मा देखाइएको छ ।

तालिका ५.१५ उत्तरदाता महिलाहरुको पारिवारिक निर्णय सम्बन्धी विवरण

| निर्णय क्षेत्र | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) दैनिक खान पीन सम्बन्धी | 19 | 50 |
| ख) बाल बच्चाको हेरचाह र शिक्षा दिक्षा | 24 | 63 |
| ग) लेन देन | 15 | 39 |
| घ) ब्यापार ब्यबसायको छनौट सम्बन्धी | 4 | 11 |
| ङ) सबै जसो महत्वपूर्ण काममा | 28 | 74 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

तलिकामा देखाइए अनुसार दैनिक खान पीनमा निर्णयमा ५० प्रतिशत, बालबच्चाको हेरचाहमा ६३ प्रतिशत, घरायसी लेनदेनमा ३९ प्रतिशत, ब्यापार ब्याबसायको छनोटमा ११ प्रतिशत र सबै जसो महत्वपूण घरायसी कुराहरुको निर्णयमा ७४ प्रतिशत महिलाहरुको भूमिका रहेको बताउछन ।

घरायसी कुराहरुको निर्णयमा तपाइको भूमिका कस्तो रहनेछ भन्ने प्रश्नमा ४२ जना उत्तरदाता मध्ये ५५ प्रतिशतले सकृय सहभागिता रहेको, ३६ प्रतिशतले मध्यम सहभागिता रहेको र १० प्रतिशतले निष्कृय सहभागिता रहेको बताएका छन (स्थलगत तथ्याङ्क, २०७३ ।)।

त्यस्तै छर छिमेकमा हुने सामाजिककुराहरूको निर्णय प्रकियामा ६९ प्रतिशत महिलाको मध्यम र ३१ प्रतिशत महिलाको सकृय भूमिका देखिन आएको छ । यसरी निर्णय प्रकृयामा सहभागि हुने बानी ४० प्रतिशतको पहिले देखि नै रहेको ६० प्रतिशत को सहकारीमा आवद्ध भए पश्चात विकास भएको देखिन्छ । छर छिमेकमा हुने समाजिककुराको निर्णय प्रकृयामा तपाइको भूमिका सकृय वा मध्यम हुने भए कस्तो कस्तो भूमिका निभाउनु हन्छ भन्दा ५ प्रतिशतले नेतृत्वदायी र ९५ प्रतिशतले सहयोगि भूमिका निभाउने बताउछन (स्थलगत तथ्याङ्क, २०७३) ।

उत्तरदाता ४२ जना महिला मध्ये ९५% महिला सहकारी संस्थाको नियमित बैठकमा उपस्थित हुने गरेको र उनीहरु मध्ये ८६% ले बैठकमा नयाँ कुरा सिकेको बताएका छन् । संस्थाको नीति नियम कार्यक्रम बनाउने कुरामा ८३% ले सरसल्लाह र सुझाव दिने गरेको बताएका छन् । बैठकमा कस्ता किसिमका सुझाव दिनु हुन्छ भन्दा तालिका नं. ५.१६ मा देखाए अनुसार उनीहरुले नीति नियम लागु गराउने, सदस्यको हकहित, संस्थाको दिगो व्यवस्थापन, महिला उद्यमीको हीत, बचत बढाउने र ऋण लागनी गर्ने जस्ता विषयमा सुझाव दिने गरेको कुरा व्यक्त गरेका छन् र बैठकमा उनीहरुले एक भन्दा बढी सुझावहरु समेत दिएको देखिन्छ । यस बाट महिलाहरु निर्णयको बेला विभिन्न विकल्पहरु प्रस्तुत गर्न सक्षम भएको प्रष्ट हुन्छ ।

तालिका ५.१६ उत्तरदाता महिलाहरुको संस्थाको बैठकमा दिने सुझावहरु

| सुझावहरु | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नीति नियम लागु गराउन | 20 | 48 |
| महिला सदस्यको हक हीत सम्बन्धी | 25 | 60 |
| संस्थालाइ दिगो रुपमा अगाडी बढाउन | 38 | 90 |
| महिला उद्यमीको बढावा दिने सम्बन्धी | 32 | 76 |
| महिलाको जीवनस्तर बृद्धि गर्ने सम्बन्धी | 36 | 86 |
| बचत बढाउने र ऋण लगानी गर्ने समबन्धी | 22 | 52 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

विगतमा गरिवी, बेरोजगार, अशिक्षा आदिले महिलालाइ अन्तरनिहित विकल्प छनोटको क्षमतामा अबरोध गरेको हुँदा उनीहरु सिमान्तकृत हुन पुगेको भएता पनि सहकारीमा आबद्ध भए पछि महिलाहरुको विकल्प छनोटको क्षमता उल्लेखिय रुपमा बृद्धि भएको देखियो । निर्णय जस्तो सक्रिय विकल्प दिने कामले व्यक्तिलाई उत्प्रेरणा र कार्यवाहीको उद्देश्य प्राप्त गर्ने तर्फ सहयोग गर्ने भए तापनि पनि निर्णय प्रकृयामा महिलाको नेतृत्वदायी भूमिका देखिएन । सहकारीको हिस्सा हुनुको कारण महिलाहरु निर्णय प्रकृयाको श्रृंखलामा सामेल हुने मौका पाएको देखिन्छ ।सहकारीमा रहदा त्यसको सदस्यको रुपमा महिलाहरु लामो समयसम्म निर्णय प्रकृयामा संलग्न हुँदा महिलाहरुले कसरी निर्णय गरिन्छ भन्ने जानकारी प्राप्त गर्नुको साथै यसलाइ कसरी नियन्त्रण गर्ने भन्ने समेत सामर्थ्य राख्ने भएकोले सहकारीले महिलाको निर्णय क्षमता विस्तारै बृद्धि हुदै जाने प्रष्ट देखिन्छ ।

### ५.२.२ महिलाहरुको सार्वजनिक क्षेत्रमा पँहुचको अबस्था

उत्तरदाता महिलाहरु उनीहरुको सामाजिक जीवन ब्यतित गर्दा सार्वजनिक क्षेत्रमा परिचालीत भए नभएका सम्बन्धमा मापन गर्ने गरी प्रश्नहरु सोधिएको छ । प्रथमत सहकारीमा आबद्ध महिला उत्तरदाताहरु मध्ये ९५ प्रतिशत महिला राजनीतिक दलसँग आवद्ध नभएको वताएका छन भने ५ प्रतिशत मात्र पेशागत संगठनको जिल्ला समिति सम्मको पदाधिकारी भएको बताउछन । यसरी राजनीतिमा दलमा आबद्ध नहुनुमा ७१% ले इच्छा नभएर आबद्ध नभएको भन्ने उत्तर दिएका छन् भने २ प्रतिशतले थाहा नभएर तथा २६ प्रतिशतले पुरुषको प्रभुत्वको कारण आफ्नो आवाज राख्न नपाउने भएकोले संलग्न नभएको बताएका छन ।

तालिका ५.१७ उत्तरदाताहरूले राजनीतिमा संलग्न नहुनुको कारण

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| थाहा नभएर | 1 | 2 |
| इच्छा नभएर | 30 | 71 |
| पुरुषको प्रभुत्व हुने भएकोले आबाज राख्न नपाउने भएकोले | 11 | 26 |
| जम्मा | 42 | 100 |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

यसरी राजनीतिमा संलग्न नभएको संबन्धमा संस्थाको अध्यक्ष बाली खडका संग राजनीति संस्थामा आबद्ध नहुको कारण केहो भनि प्रश्न राख्दा उहाको भनाइ यस प्रकार रहेको छ ।

> 'अहिले सम्म आफुहरु कुनै पनि राजनीतिक दल संग आबद्ध नभएको र भविश्यमा आफुहरुले महिलाहरुको प्रयासमा छुट्टै दल गठन गर्ने सोच राखेका छौ । राजनीतिमा आबद्ध नहुनुको अर्को कारणमा अझै पनि हाम्रो समाजमा पुरुष दाजु भाइ हरुले महिलाहरुलाइ निर्णयक तहमा जान नदिनु हो ।'


त्यस्तै ४२ उत्तरदाता मध्ये ३६ जना अर्थात ८६ प्रतिशत उत्तरदातााामहिला अन्य जागिरमा आवद्ध नभएका तथा भएका १४ प्रतिशत जागिरमा आबद्ध भएको त्रताएका र आबद्ध भएका मध्ये ६७% मध्यम तह र ३३% सहयोगीको रुपमा सार्बजनिक क्षत्रमा कार्यरत रहेको देखिन्छ । यसरी जागिरमा संलग्न नभएका ३६ जना मध्येसंलग्न नहुनुको कारण तालिका नं. ५.१८ मा देखाइएको छ । यसमा अधिकांस ८३ प्रतिशतले योग्यता नभएर भन्ने प्रतिकृया दिएको देखिन्छ । यसरी जागिरमा संलग्न नहुनुको कारण योग्यता नभएर भन्ने भनाइलाइ पुरुष प्रदान समाजमा विगतमा महिलालाइ शिक्षाबाट बंचित गरेको र अर्काको घरमा जाने भएकोले किन पढाउने भन्ने सोचले प्रभाव पारेको देखिन्छ ।

तालिका ५.१८ उत्तरदाताहरूले सार्वजनिक जागिरमा संलग्न नहुनुको कारण

| कारण | सङ्ख्या | प्रतिशत |
|---|---:|---:|
| क) योग्यता नभएर | 30 | 83 |
| ख) आवश्यकता नदेखेर | 2 | 6 |
| ग) जानकारी नभएर | 3 | 8 |
| घ) घरायसी कामले समय नपाएर | 1 | 3 |
| जम्मा | 36 | 100 |

श्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।

उत्तरदाता ४२ जना महिलाहरु मध्ये ६७ प्रतिशत महिला स्थापनाकाल देखि नै सहकारी संस्थामा आबद्ध भएको बताउछन भने ३३ प्रतिशत स्थापना पछि आबद्ध भएको बताउछन । उनीहरु मध्ये ८८ प्रतिशत महिला स्वइच्छाले सहकारीमा आबद्ध भएको बताउछन भने १२ प्रतिशतले सहकारीका अन्य साथिहरुको प्रेरणाले यसमा लागेको बताउछन ।




*चित्र नं. ५.३: सहकारीमा आबद्ध हुदा प्रेरित गर्ने तत्व*

यस संस्थाको स्थापना भएपछि कुन कुन कार्यक्रमहरूमा तपाई सहभागि हुन भयो भयो भन्ने प्रश्नमा उत्तरदाताहरु तालिका ५.१९ मा उल्लेखित कार्यक्रममा संलग्न भएको बताउछन । उत्तरदाताहरु मध्ये बचत संकलन र लगानी कार्यक्रममा सत प्रतिशत, महिला आय आर्जनको काममा ६७ प्रतिशत,


जनचेतना अभिबृद्धिमा ६४ प्रतिशत जस्ता कार्यक्रमा सहभागिता भएको बताउछन । साथै उनीहरु एक भन्दा बढी कार्यक्रममा समेत सहभागिता भएको तथ्याङ्कले देखाउछ ।

तालिका ५.१९  उत्तरदाता महिलाहरुको सार्बजनिक क्रियाकलापमा सहभागिता

| सामाजिक क्रियाकलाप | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| क) सामाजिक समस्याको समाधान | 24 | 57 |
| ख) विकास निर्माणको काम | 16 | 38 |
| ग) जनचेतना अभिवृद्धि | 27 | 64 |
| घ) महिला साक्षरता कार्यक्रम | 26 | 62 |
| ङ) महिलाहरूको नेतृत्व विकास | 25 | 60 |
| च) महिलाहरूको आय आर्जनको काम | 28 | 67 |
| छ) वचन संकलन र लगानी | 42 | 100 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

सहकारी संग समन्वय गर्दै विभिन्न संघ संस्थाहरुले चलाएका कार्यक्रमहरुमा महिलाहरुको उपस्तिति राम्रै भएको देखिन्छ । उनीहरु यस्ता अभिमूखिकरणका कार्यक्रमहरुमा नयाँ नयाँ कुरा सिक्न र आफुको निजी जीवनमा लागु गर्न अगाडी बढेको देखिन्छ । उक्तकार्यक्रमहरुमा उँहाहरुको भूमिका कस्तो रह्यो भन्ने सम्बन्धमा निम्न स्तम्भ चित्रबाट स्पष्ट हुन्छ ।




*चित्र नं. ५.४ : सामाजिक क्रियाकलापमा महिलाको संलग्नताको क्षेत्र*

उपरोक्त स्तम्भचित्रमा देखाए बमोजिम अधिकतम महिलाहरुको सामाजिककृयाकलापमा सहयोगि भूमिकामा संलग्न भएको र १४ प्रतिशत समुहको नेता तथा ७ प्रतिशतले मूख्य आयोजकको भूमिकामा रहेको देखिदा २१ प्रतिशत महिलाहरु नेतृत्वदायी भूमिकामा सामाजिककृयाकलापमा संलग्न भएको देखिन्छ

(स्थलगत तथ्याङ्क, २०७३)।यसबाट महिलाहरु परम्परागत कार्यमा मात्र सिमित नभई घर बाहिरको सामाजिककार्यमा समेत यथेष्ट रुपमा परिचालति भएको प्रष्ट हुन्छ ।

उपरोक्त प्रतिक्रियाहरुलाइ बिश्लेषण गर्दा सहकारीमा आबद्ध भएतापनि महिलाहरु राजनीति र उच्च प्रशासनीक तहमा पहुँच हुन सकेको देखिदैन । यसबाट महिला हितका क्षेत्रमा नीतिगत तहमा प्रभाव पार्न सक्ने अबस्था न्युन देखिन्छ । तथापी उनीहरुले स्थानीय स्तरमा महिला विरुद्ध हुने हिंसा तथा सामाजिक भेदभावको विषयमा आवाज उठाउने र सो आवाज सुनिने भएकोले महिलाको आत्म सन्मान र निर्णय क्षमतामा विकास भएको देखिन्छ । त्यस्तै महिलाहरुको सार्वजनिक क्षेत्रमा परिचालन बढेको समेत पुष्टि हुन्छ । घरायसी अनुत्पादककार्यमा सिमित महिलाहरुलाइ सहकारीमा आबद्ध भए पश्चात घरपरिवारबाट घरायसी काममा सहयोग गर्ने गरेको र उनीहरुको कामलाइ घर परिवार तथा छरछिमेकमा उच्च मूल्यांकन सहित सकारात्मक रुपमा लिएका र घरायसी तथा सामाजिक निर्णय प्रकृयामा संलग्न समेत हुने गरेको देखिदा महिलाहरुमा आत्म सम्मानमा बृद्धि भएको प्रष्ट हुन्छ ।

### ५.२.३ महिलाहरुको सार्वजनिक चासोमा आबाज उठाउने क्षमता

समाजमा हुने थिचो मिचो र अन्यायको विरोधमा आवाज उठाउनु हुन्छ कि हुँदैन भन्ने प्रश्नमा९५% महिलाले समाजमा हुने लैगिंक विभेद, महिला हिंसा, कुरुती, सामाजिक अन्याय विरुद्ध आवाज उठाउने गरेको बताएका छन् । उनीहरुले उठाएको आवाज ५७ प्रतिशत अबस्थामा सुनिने गरेको र ३८ प्रतिशत अबस्थामा कहिलेकाहीँ सुनिने गरेको देखिन्छ (स्थलगत तथ्याङ्क, २०७३ ।) । महिलाहरुले उठाएकामध्ये निम्न तालिकामा उल्लेख भएका आबाजहरु सुनिने गरेको उत्तरदाताहर बताउछन ।

तालिका ५.२० उत्तरदाता महिलाहरुको सामाजिक अन्याय विरुद्धको आवाज

| सामाजिक अन्याय विरुद्धको आवाज | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| कुरुती विरुद्ध | 4 | 10 |
| महिला विभेद | 20 | 50 |
| महिला न्याय | 22 | 55 |
| लैङ्गिक विभेद र दमन | 30 | 75 |
| सामाजिक अन्याय | 33 | 83 |
| महिला हिंसा र बाल बिवाह | 36 | 90 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

श्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

मूख्य सूचनादाता बाली खडका संग सामाजिक अन्याय र लैगिक हिंसा संबन्धी आबाज उठाउने सम्बन्धमा यो संस्था स्थापना पछि महिलाहरुमा के परिबर्तन पाउनु भयो भन्ने सन्धर्भमा उँहा भन्नु हुन्छ :

'हाम्रो यो संस्थाले अन्य संस्था संग मिलेर महिला हिंसा विरुद्ध, बालबिबाह न्यूनीकरण सम्बन्धमा तथा लैङ्गिकर जातिय बिभेद सम्बन्धमा विभिन्न तालिम दिने गरेको छ । हिजो सम्म कुनै पनि आवाज उठाउन नसक्ने महिलाहरु अहिले आएर यी बिभेदका विरुद्ध आफना आवाजहरु एठाउन थालेका छन र यसबाट पहिलेको तुलनामा लैङ्गिक र जातिय विभेद घटदै गरेको अनुभूति हुन्छ । '

उपरोक्ततथ्याङ्कबाट सहकारीमा आबद्ध भए पछि परम्परागतमा प्रभुत्व रहदै आएका र महिला दमन तथा हिंसालाइ जायज ठहराउने पितृसत्तात्मक सोच भएका समाजमा रहेका प्रभावशाली व्यक्तिको निर्णयमा समेत महिलाहरुले प्रभाव पार्ने क्षमता विकास भएको पाइयो । यसको साथै महिलाहरु रणनीतिक लक्ष्य पुरा गर्न अगाडी बढेको देखिन्छ ।

### *५.३ उपलब्धी*

सशक्तीकरणको अर्को आयामको रुपमा रहेको उपलब्धीलाई कस्तो सूचाङ्कबाट मापन गरी सशक्तीकरण सँग सम्बन्ध रहेको देखाउन कुन कुन सुचाङ्कबाट मापन गर्ने भन्ने सम्बन्धमा स्पष्टता हुन जरुरी छ । यसको लागि महिलाको छनोटमा पहिलेको अबस्था र पछिको अबस्थामा  रहेको फरक तथा छनोट गर्ने क्षमतामा रहेको असमानताबाट उपलब्धीलाइ मापन गर्न सकिन्छ । बंचितिमा परेका महिलाहरुले श्रोतमा पँहुच भएमा विकल्प छनोट र निर्णय क्षमता विकास हुन गई त्यसको परिणाम स्वरुप उपलब्धी हाशिल हुन जान्छ । तसर्थ उपलब्धीलाइ मापन गर्न महिलाको स्वसक्षमता(Self efficacy) मा भएको विकास रमहिला हितका कार्यहरुलाई आधार लिइएको छ ।

#### *५.३.१महिला स्वसक्षमतामा विकास*

हामी आफै आफ्नो जीवनको हरेककामकारवाहीमा क्षमताबान छौ भन्ने विचार तथा हामीनै हाम्रो जीवन परिवर्तनका संवाहक हौ भन्ने महशुस हुनु सशक्तीकरणकमा एक ठूलो योगदान हो । सहकारी संस्थामा आबद्ध भए पश्चात महिलाहरुको पेशामा निम्न अनुसार तालिका नं. ५.२१ मा उल्लेख भए बमोजिम परिवर्तन भएको उत्तरदाताहरु आाफनो आबाजमा आफै बताउछन । उत्तरदाताको भनाइमा सहकारी स्थापना पूर्व महिलाहरु परम्परागत खेती प्रणालीमा आबद्ध भएकोमा सहकारी संस्थामा आबद्ध भए पश्चात उनीहरुमा सहकारीको माध्यमबाट सिपको विकास भएको, वित्तिय श्रोतमा पँहुच भएको, निर्णय क्षमता विकास भएको र उत्पादनका साधनमा समेत सहज पँहुच हुदा  पछि उक्त खेति प्रणालीलाइ ब्यावसायीक तर्फ परिवर्तन गरेको तर्क गर्दछन । जागिरमा रहेका महिलाहरुले जागिरको साथै उन्नत ब्यावसायिक खेती गर्न थालेको र खेतीपाती गर्दा साहु महाजनकहा ऋण लिनु पर्ने अबस्था नरहेकोले सहकारीमा ऋणको पँहुच भइ ब्यावसायीक खेति गर्न समेत सहज भएको अबस्था देखिन्छ ।


तालिका ५.२१: सहकारीमा आबद्ध भए पश्चात उत्तरदाताको पेशामा भएको फरक

| क.स. | पेशाको विवरण | उत्तरदाता | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत खेती प्रणालीलाइ फेर्दै ब्यावसायीक तरकारी खेतीमा परिणत भएको | 10 | 20 |
| २ | तरकारी खेती र पशुपालनलाइ प्राथमिकता दिईएको | 26 | 53 |
| ३ | ब्यावसायीक रुपमा बाखापालन तर्फ लागियो | 6 | 12 |
| ४ | ऋृण चाहिएमा ब्यक्तिको घरमा जान नपरेको | 2 | 4 |
| ५ | उन्नत खेतीपातीको साथै जागिर समेत खाइ आत्मनिर्भर भएको | 5 | 10 |
| | जम्मा | 42 | 100 |

स्रोतः स्थलगत तथ्याङ्क, २०७३ ।


त्यस्तै उत्तरदाताहरुलाइ के तपाइ आर्थिक एवं भौतिक रुपमा सुरक्षित देख्नुहुन्छ भन्दा ८६ प्रतिशतले आफुलाइ सुरक्षित भएको महशुस गरेका छन भने १४ प्रतिशतले सुरक्षित भएको देख्दैनन् ।

आर्थिक एवं भौतिक रुपमा सुरक्षित देख्नुको अर्थ महिलाहरुमा आत्मवल बढन ुहो । यसरी सुरक्षित देख्नुमा उत्तरदाता महिलाहरु मध्ये ५६% महिलाले आर्थिक स्रोतमा पहुँच भएकोले परिवार चलाउन सकिने र ३१% ले सिपमुलक क्षमता वृद्धि भएको रोजगारीमा समस्या नरहेको र ४४ प्रतिशतले साथीसंगी सँग सम्बन्ध विस्तार भएकोले सहयोग प्राप्त हुने भएको हुँदा आर्थिक र भौतिक रुपमा आफुलाई सुरक्षित देख्दछन् ।





*चित्र नं. ५.५: उत्तरदाताको आर्थिक एवं भौतिक रुपमा सुरक्षाको स्थिति*

त्यस्तै तपाई यो संस्थामा आबद्ध भइसकेपछि समाजमा आफ्नो हैसियत कस्तो भएको महशुस गर्नुभएको छ भन्ने प्रश्नमा उत्तरदाता मध्ये ८८ प्रतिशतले राम्रो हुदै गएको र १२ प्रतिशतले धेरै राम्रो भएको महशुस गरेको देखिन्छ । यसबाट महिलाको सामाजिक हैसियत र प्रतिष्ठामा समेत बृद्धि भएको देखिन्छ ।




*चित्र नं. ५.६: उत्तरदाताको सहकारीबाट सामाजिक जीवनमा भएको परिवर्तन*

तपाईको संस्था गठन भए पछि समाजमा महिला सशक्तीकरणका लागि कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ भन्ने प्रश्नको उत्तरदाताको प्रतिकृया अनुसार महिला साक्षरताको अबसर प्राप्त भएको ७१ प्रतिशत, स्वास्थ्य र सरसफाइमा बृद्धि ७९ प्रतिशत, समाजिक बिकृतिहरुको अन्त्य ४५ प्रतिशत, विकास निर्माणमा महिला सहभागिता ७४ प्रतिशत नेतृत्व विकासमा ८१ प्रतिशत र आय आर्जन विकासमा ८६ प्रतिशत मत प्राप्त भएको छ ।




*चित्र नं. ५.७: उत्तरदाताको बुझाइमा सशक्तीकरण भएको क्षेत्र*

उपरोक्त तथ्याङ्क बाट सहकारी संस्थाले महिलाहरुलाई आफ्नो परिवार तथा समाजमा केहि योगदान गर्न सक्ने गरी सामर्थ्यवान गराएको छ । महिलाहरु आफ्नो व्यापार व्याबसाय संचालन गरी परिवारलाइ असल जीवन दिन सकेकोमा गौरवान्तितित भएको देखिन्छ । उनीहरुको आर्जनमा बृद्धि भएकोले खानपीन, लत्ताकपडा तथा अधिक महिलाहरुले सिप विकास भएको तथा क्षमतामा समेत बृद्धि भएकोले आफ्नो र आफ्नो परिवारको जीवन उल्लेखीय रुपमा परिवर्तन भएको महशुश गरेका छन ।

### *५.३.२ महिलाहीत संबन्धी कार्य*

महिला सशक्तीकरणकोलागि महिला कल्याणले गहिरो प्रभाव पार्दछ र यसैबाट नै माथि उल्लिखित सबै महुशुस गर्न सकिन्छ । कुनैपनि महिलाले सहकारीमा आबद्ध भए पछि उनीहरुको जीवन नराम्रो भएको महशुस गरेको देखिदैन । सहकारीमा आबद्ध भएपछि सबैले आफ्नो जीवन सुबिधाजनक रुपमा रहेको पाएका छन । यसबाट सहकारीको प्रतिनिधि हुनु एक संवेगात्मक महिला कल्याण भएको प्रष्ट देखाउछ । महिलाले स्वआर्जन गर्न सफल भएको, सिप विकास भएको, आत्मसंमान प्राप्त भएको, अन्य संस्थाहरु संग अन्तरक्रिया गर्ने अबसर तथा आत्मबिश्वास प्राप्त भएको तथ्यले उनीहरुलाइ सहकारीबाट महिला हित संबन्धी कार्ययोगदान पुरुयाएको देखिन्छ ।

समाजमा महिलाहरूको सम्मानजनक उपस्थिति रहनु, महिलाहरूले पुरुषहरू सरह आफ्नो बुद्धि विवेक प्रयोग गर्न पाउनु, महिलाहरू निरक्षरबाट साक्षरता तर्फ अग्रसर हुनु, आय मूलकसिपको विकास गरी आयश्रोत बृद्धि गर्नु आदिले महिलाहरू सशक्तीकरण तर्फ उन्मुख भएको जनाउँदछ ।


समाजमा परम्परा देखिनै महिलाहरु चुलो चौको र घर धन्दामा सिमित भएको र सामाजिक क्षेत्रका कामहरुमा पुरुषको उपश्थिति निर्णायक हुने गर्दछ । महिलाका सरोकारका विषयमा समेत पुरुषको निर्णय मान्य हुन्थ्यो । उत्तरदाताहरुलाइ सहकारी संस्थामा आबद्ध भए पछि छर छिमेक तथा समुदायमा केहि परिवर्तन भएको पाउनु भएको छ भन्ने प्रश्नमा ४२ जना उत्तरदाताहरुले नै पहिला भन्दा अहिले परिवर्तन महशुश भएको बताउनु हुन्छ । यसमा उत्तरदाताहरुले फरक किसिमका उत्तर दिनु भएको र एकै उत्तरदाताले ६।७ किसिमका परिबर्तन महशुश गर्नुहुन्छ । यसलाइ निम्नलिखित तालिका नं. ५.२२ मा देखाइएको छ ।

तालिका ५.२२: सहकारीबाट छरछिमेक तथा समुदायमा भएको परिबर्तन

| सामाजिक परिबर्तनका क्षेत्र | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| जनचेतना बढेको | 34 | 81 |
| बोल्ने बानीको बिकास भएको | 35 | 83 |
| बचत तथा लगानी गर्ने बानीको विबास भएको | 42 | 100 |
| मिलि जुली बस्ने र एक अर्काको सहयोग गर्ने गरेको | 25 | 60 |
| आफ्ना सपना आफै समाधान गर्ने बानीको विकास भएको | 24 | 57 |
| समुदायमा संगठीत हुन प्रेणा दिएको | 28 | 67 |
| सामुदायीककाममा अग्रसरता | 30 | 71 |
| सरसफाइमा ध्यान | 34 | 81 |
| ब्यावसायीकमूखी बनेको | 32 | 76 |
| जम्मा उत्तरदाता संख्या | 42 | 100 |

स्रोत: स्थलगत तथ्याङ्क, २०७३ ।

महिलाको सहकारी संस्थामा आबद्ध भएपछि भएको सकारात्मक परिवर्तनले सशक्तीकरणको मापन गर्दछ । यस सम्बन्धमा सहकारी सदस्य भए पछि आफ्नो जीवनस्तरलाइ कसरी तुलना गर्नु भएको छ भन्ने प्रश्नमा उत्तरदाता महिलाहरु देहायअनुसार उत्तर दिन्छन ।




*चित्र नं. ५.८: उत्तरदाताको जीवनस्तरमा भएको परिवर्तन*

उपरोक्त स्तम्भचार्टबाट के स्पष्ट हुन्छ भने सहकारी संस्थाको आबद्ध भए पछि महिला सदस्यहरुको जीवनस्तरमा उल्लेखिय विकास भएको छ । त्यस्तै उत्तरदाताहरु यस संस्थामा आबद्ध भए पछि उँहाहरुको सामाजिक हैसियत समेत राम्रो भएको स्पष्ट हुन्छ ।

सहकारी संस्थाको स्थापना पश्चात महिला सशक्तीकरण संबन्धमा मुख्य सूचनादाता बाली खडकाले अन्तरबार्ताको क्रमका सहकारी स्थापना पूर्व र हालको अबस्थाबारे यस्तो बताउनुहुन्छ :

'हिजो म एक्लो महिला थिए । म ५००/१००० को लागि साहुको घर दैलो चाहार्थे तर आज म सँग १०६८ दिदि बहिनीहरु हुनुहुन्छ । म आफै कमाउन सफल भएकी छु र यही कमाईबाट मेरो घर परिवार तथा छोराछोरीहरु पढाइ चलेको छ । यस्तो गर्नेमा म मात्रै नभएर यस संस्थामा आवद्ध धेरै दिदि बहिनीहरु आत्मनिर्भर हुनु भएको छ । उहाँहरुलाई कुनै पनि व्यवसाय गर्नु पऱ्यो भने यहाँ बाट सरल र सहज रुपमा ऋण पाउनु हुन्छ । पहिला उहाँहरु घरभित्रकै काम र परम्परा गत खेती प्रणालीमा मात्र सिमित हुनुहुन्थ्यो । तर अहिले आएर धेरै जसो सदस्यहरु केही न केही तालिम प्राप्त हुनुहुन्छ र उहाँहरुले खेतिप्रणालीमा पनि परिवर्तन गर्नुभएको छ । विभिन्न व्यवसायहरु जस्तै व्यापार, होटल, बाखापालन, कुखुरापालन, तरकारी खेती जस्ता व्यवसायहरु अपनाउनु भएको छ । उहाँहरुले आफुले यस सहकारीमा बचत गर्ने पैसा आफैं कमाउन सक्षम हुनुभएको छ । समाज र समुहमा बोल्न क्षमताको विकास भएको छ । घरमा हुने अधिकांश निर्णयमा सहभागी मात्र नभएर सक्रिय सहभागीत जनाउन सफल भएका छन् । सर-सफाईमा बढी सजग देखिएको पाइन्छ । लैङ्गिक हिंसा र सामाजिक भेदाभाव विरुदमा क्षेत्रमा निर्णय क्षमता बढेको छ । आफ्नो स्थापनिय विभिन्न क्षेत्रमा सहभागीता बढेको छ । जस्तै अस्पताल, विद्यालय, बन, खानेपानी, सर-सफाई, सांस्कृतिककार्यक्रममा महिलाको पहुँच बढेको देखिन्छ । महिला साक्षरता दर निकै बढेको देखिन्छ ।'

त्यस्तै सामुहिक छलफलको क्रममा तपाइहरुले सहकारीको सदस्य भए पछि महिला सशक्तीकरणकोलागि के प्राप्त गर्नु भएको महशुश गर्नू भएको छ भन्ने विषयमा छलफ गदा् उँहाहरुको निष्कर्ष यस प्रकार रहेको छ ।

> '२०६४ साल भन्दा अगाडीको हाम्रो दिन चर्यालाई हेर्दा हामीलाई नै अनौठो लाग्दछ । हाम्रो सबै समय भनेको घाँस, दाउरा, मेलापात र घरभित्रको काममा व्यतित हुन्थ्यो । हामीहरु १ भारी घाँस ल्याउनका लागि दैनि ५, ६ घण्टा साय खर्च गर्दथ्यौं । कँही गएर १, २ शब्द बोल्नका लाीग सार्है गाह्रो हुन्थ्यो ।  आर्थिक रुपमा हेर्दा हामी ५ रुपैंयाको लागि पनि श्रीमानको आश गर्नु पर्ने थियो । कही कतै आफ्नो मनको दुख सुख पोख्ने ठाउँ पनि थिएन् । खेतिपाति त गरिन्थ्यो तर घरमा खान पनि धौ धौ पर्दथ्यो । घरमा हुने कुनै पनि निर्णय प्रक्रियामा नत सहभागी गराइन्थ्यो नत कुनै सल्लाह सुझाव लिइन्थ्यो । गाँउ समाजमा हुने निर्णयमा महिलाको सहभागिता न्यून थियो । छोरीलाई पढ्नका लाीग पनि त्यति प्ररित गरिदैनथ्यो । विद्यालय त पठाउने तर पढ्नमा प्रोत्साहन नगर्ने । लैङ्गिक भेदभाव एकदमै बढी थियो । महिला दमन महिला हिंसा पनि बढी थियो । गाउँ घरका पुरुषहरु कोही विदेशमा थिए कोहीभने गाउँमै त्यत्तिकै भौतारिदै दिभर डुल्दथे । घरको काममा सहयोग गदैनथे । खेतबारी जोत्ने बाहेक अरु काममा पुरुषको सहभागीता एकदमै न्यून थियो । महिलाले एकदमै धेरै परिश्रम गर्नु पर्दथ्यो तर तिनै महिलाहरुको आर्थिक अवस्था एकदमै दयनिय थियो । तर सहकारीमा आबद्ध भए पछि हाम्रो आफ्नो आर्थिक स्थिति अलि बलियो बन्यो भने नेतृत्व विकासको तालिमबाट हामीहरु समाजमा बोल्न सक्ने बानीको विकास भयो । घरमा हुने महिला हिंसामा आवाज उठाउन सक्ने भयौं । सामाजिक भेदभाव विरुद्ध आवाज उठाउछौं । त्यसै गरी हिजो सम्म घरभित्र खुम्चिएर बस्ने र घरभित्रका निर्णयहरुमा महिलालाई समावेश नै गरिदैनथ्यो भने अहिले घरपरिवारमा हुने निर्णयहरुमा महिलालाई समावेश हुने निर्णयमा हाम्रो सक्रिय सहभागीता छ । सामाजिक निर्णयमा पनि हाम्रो सहभागिता छ । अहिले हामीहरुले विभिन्न किसिमका तालिमहरु लिएका छौं । जसबाट हाम्रा आय आर्जनका धेरै बाटाहरु खुलेका छन् । हामीलाई मासिक बचत गर्नका लागि कसैसँग पनि हात थाप्न पर्दैन ।'

उपरोक्त स्थलगत तथ्याङ्क,मूख्य सूचनादाताको भनाइ तथा समुहगत छलफलको निष्कर्ष हेर्दा महिलाहरुले सहकारीमा आवद्ध भए पश्चात आफ्नो बालबच्चाको स्वास्थ्य र शिक्षामा उपलब्धी हासिल गरेको, परम्परागत खेति प्रणाली रहेका महिलाहरु व्यावसायीक खेति तथा पशुपालन तर्फ उन्मुख भएको, घरमा  परिवारबाट कार्यमा सहयोग पाउने गरेको, छरछिमेकमा जनचेतना वृद्धि भएको, बोल्ने बानीको विकास, बचत तथा लगानी गर्ने बानीको विकास भएको, समूहमा मिलिजुली बस्ने बानीको विकास भएको देखिन्छ । सहकारी संस्थामा आवद्ध भए पछि आम्दानीको स्रोतमा वृद्धि भएको देखिन्छ । आवद्ध भए पश्चात महिला साक्षरताको अवसर प्राप्त भएको स्वास्थ्य र सरसफाईमा वृद्धि भएको र समाजमा महिलाको हैसियतमा राम्रो हुँदै गएको देखिदा महिलाको जीवनस्तर बृद्धि र स्वनिपुर्णताका बृद्धि भएकोले देखिन आउछ ।

अन्तरवार्ताको क्रममा सोधिएको प्रश्नहरु र सहकारीमा आवद्ध महिलाको प्रतिक्रियाहरु विश्लेषण गर्दा अवसर प्राप्त भएतापनि उनीहरुको आम्दानी गर्ने अवसर धेरै सिमित देखिन्छ । सहकारी संस्थामा प्रति व्यक्ति प्रति महिना रु १०० नियमित रकम बचत गर्ने १०६८सदस्य रहेको र प्रति महिना १०६८०० मात्र जम्मा गर्ने गर्दा उनीहरुको नियमित आम्दानी धेरै न्यून देखिन्छ । सहकारी संस्थाको उद्देश्य महिला उद्यमी समेत रही उनीहरुलाई उद्यमी, व्यापार व्यावसाय गर्न सहयोग गर्ने रहेको र उनीहरुको उत्पादन समेत सहकारीले लिने गरी विक्री गर्नु पर्नेमा त्यो त्यति प्रभावकारी हुन सकेको देखिन्दैन । त्यसैले यस सहकारीले मात्र महिलाहरुको उच्च आर्थिक विकास गर्ने विषयमा उल्लेखिय भूमिका खेलेको देखिन्दैन । त्यस्तै सहकारी संगठनमा महिलामात्र सदस्य रहेको कारण संपूर्ण निर्णय महिलाले गर्नेहुदा पितृसत्तात्मक समाजको प्रभूत्वले निर्णय प्रकृयामा असर नगर्ने भएकोले यसले लैङ्गिक विभेदमा कमगर्न मद्दत पुर्‍याएको पाइन्छ । महिलाको राजनीतिक र प्रशासनीक सशक्तीकरणमा सहकारी संस्थाको भूमिका नगन्ने मात्रामा देखिन्छ । सहकारीबाट सामाजिक संरचनालाइ केहिमात्रामा रुपान्तरण गर्न सफल भएको देखिन्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

समाजमा महिलालाइ हृर्ने दृष्टिकोण गर्भाबस्था देखि मृत्यु प्रयत्न पनि विभेद रहन्छ भन्ने विश्वब्यापी रुपमानै सर्वमान्य तथ्य भइसकेको छ । समकालीन लैंगिक समताको समाजशास्त्रीय बहसमा पहिलो महिलाको विकास र दोश्रो महिला सशक्तीकरण गरी दुइटा दृश्टिकोणहरु देखा परेको पाइन्छ । सशक्तीकरणलाई विभिन्न विद्वानहरुले फरक ढंगले परिभाषित गरेको पाइन्छ । समग्रमा हेर्दा यसले कुनै ब्यक्ति वा समुहले आफ्नो मनलागेको कार्य गरी आषातित उपलब्धी हासिल गर्न उपयूक्त बिकल्प छनौट गर्ने र रोजेको कार्यलाइ  उपलब्धीमा रुपान्तरीत गर्ने क्षमता अभिबृद्धि गर्ने भन्ने बुझिन्छ । महिलाहरूको सशक्तीकरणमा सहकारी संस्थाको पनि महत्वपूर्ण भूमिका रहेको सन्धर्भमा यस अनुन्धानको लागि क्षेत्र छनोट गर्दा प्रज्वलित सामाजिकउद्यमी महिला सहकारी संस्था लिमिटेड भिङ्ग प्यूठानलाइ चयन गरिएको छ ।यस अध्ययनबाट निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिने छ ।

क)सहकारी संस्थामा आबद्ध महिलाहरुको सामाजिक सशक्तीकरणकालागि महत्वपूर्ण अन्तरसंबन्धित तत्वहरु श्रोत, एजेन्सी र उपलब्धीका  सुचा¤ के के हुन ?

ख) सामाजिक सशक्तीकरणबाट उनीहरुको जीवन निर्वाह तथा सामाजिक जीवनमा के प्रभाव पारेको छ ?

उपरोक्त प्रश्नहरुको उत्तरकोलागि महिलाहरुको सामाजिक सशक्तीकरणमा सहकारी संस्थाको भूमिका पत्ता लगाउने गरी यस अध्ययनको मूख्य उद्देश्य रहेका छ् ।

साथै नेपालको ग्रामिण क्षेत्रमा महिला सदस्यमात्र आबद्ध सामाजिकउद्यमी वा बचत तथा ऋण सहकारी संस्थाका सदस्यहरुको सशक्तीकरण सम्बन्धी सामाजशाश्त्रीय अध्ययन त्यति नभएकोले यो अध्ययन सान्दर्भिक छ ।

यस अध्ययनमासहकारी संस्थामा आबद्ध महिलाहरूबाट छलफल एवम् अन्तर्वाता लिई तथ्याङ्क सङ्कलन गरिएको छ। यस अध्ययनमा वर्णनात्मक र विश्लेषाणात्मक ढाँचा प्रयोग गरिएको छ। प्राथमिक र द्बितीय दुवै खालका तथ्याङ्कहरू उपयोग गरिएको छ ।

यस अध्ययनलागि आवश्यकश्रोत, समय र साधनको अभावको कारण सिमित परिधिमा गरिएको अध्ययन हो । तसर्थ यसको सिमा निम्नअनुसार निर्धारण गरिएको छ ।

- यो अध्ययन प्यूठान जिल्लाको भिङ्गमा रहेको प्रज्वलित सामाजिक उद्यमी सहकारी संस्थाको र यसको कार्यक्षेत्रमा मात्र सिमित रहेको छ ।
- यसमा उपलब्ध तथ्याङ्क नमुना छनोटमा परेका सहकारी संस्थाका सदस्यहरुमा आधारित रहेको छ ।

२०६८ सालमा स्थापना भएको प्रज्वलित उद्यमी सामाजिक महिला सहकारी संस्थाको कार्यक्षेत्र प्यूठान जिल्लाको स्वर्गद्वारी नगर पालीका वार्ड नं. ३, ४ र ६ देखि ९ मा रहेको र उक्त क्षेत्र पुरा जिल्लाको क्षेत्रफलको ८.८ प्रतिशत भुभाग, कुल जिल्लाको जनसंख्याको तुलनामा अध्ययन क्षेत्रमा घर धुरी ९.२ प्रतिशत र जनसंख्या ८.३ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तरगतको समग्र जातिगत वसोवासका दृष्टिले पहाडी ब्राह्मण, क्षेत्री, मगर, कामी, सार्की, दमाई, गुरुङ, नेवार, बादी, गाइने, कुमाल आदि रहेका छन् भने मगरको जनसंख्या सबभन्दा वढी ३३ प्रतिशत रहेका छन । धार्मिक हिसावले हेर्दा यँहा हिन्दु धर्माबलम्बीको बाहुल्यता रहेको पाइन्छ । यहाका सबै जातजातिहरुको मातृभाषा नै नेपाली भाषा धर्म हिन्दु भएको पाइयो ।

सहकारी संस्थामा आबद्ध उत्तरदाताहरूको पारिवारिक संरचनामा संयूक्त परिवारमा ५५ प्रतिशत रहने र ४५ प्रतिशत एकल परिवारमा रहेको देखियो । उत्तरदाताहरुको जातिय संलग्नता ब्राहमण क्षेत्री ८३ प्रतिशत रहेको छ । पेशागत संलग्नतामा हेर्दा अधिकाम्स महिलाहरू खेतीपातीमा तथा पशुपालनमा संलग्न रहेको देखिन्छ । शैक्षिक स्थितिमा १४ प्रतिशत शिक्षित,६७ साक्षर र १९ प्रतिशत निरक्षर रहेको देखिन्छ ।

सहकारी संस्थामा आबद्ध भए पछि महिलाहरुको सिप विकास भएको, बचत बृद्धि भएको, ऋणमा सहज पँहुच हुदा आर्थिकश्रोत उपलब्ध गराउन भूमिका खेलेको देखिन्छ । त्यस्तै सहकारीको सदस्य तथा अन्य आबद्धताको कारण सामाजिक संजालमा विस्तार हुन महत्वपूर्ण  भूमिका देखिन्छ । सहकारीले महिलाको सम्पत्तिमा स्वाममित्व कायम गराउन सहयोग गरेको नदेखिए पनि सम्पत्ति व्यबस्थापनमा यसले भूमिका खेलेको देखिन्छ ।

सहकारी संस्थामा आबद्ध भए पछि महिलाहरुको समुह बैठकमा भागलिने, कतिपय महिला यसको व्यबस्थापक भएको, व्यक्तिगत, पारिवारिक तथा छरछिमेकको सरोकारको निर्णय गर्न सक्षम भएका, सार्बजनिक क्षेत्रमा उपस्थित हुने अवसर दिलाएकोले महिलाहरुले आफ्ना रणनीतिकलक्ष्य परिभाषित गर्ने र त्यसलाइ कार्यान्वयन गर्ने क्षमता बृद्धि भएको देखिन्छ ।

सहकारी संस्थामा आबद्ध भए पछि महिलाहरुलाइ सकारात्मक रुपमा घरपरिवार तथा समाजले हेर्ने गरेको, जनचेतना, श्रोत तथा क्षमता बृद्धि भएको कारण शिक्षा, स्वास्थ्य तथा सामाजिक संरचनामा महिलाको संलग्नता बृद्धि भएको र ती क्षेत्रमा सकारात्मक परिबर्तन समेत देखिन्छ । यसबाट महिलामा स्वनिसक्षमता तथा आत्मसंमान, आत्म विश्वासमा बृद्धि भएको खेखिन्छ ।

## *६.२ निष्कर्ष*

प्रस्तुत शोधकार्यले प्रज्वलित सामाजिक उद्यमी सहकारी संस्थाले उसको सदस्यहरुलाइ कसरी सशक्तीकरण प्रकृयामा सहजीकरण गर्दछ भन्ने सम्बन्धमा खोजबिन गरेको छ । यसकोलागि नारीबादी दृष्टिकोण अबलम्बन गरी कबीरको अबधारणालाइ मूख्य सैद्धान्तिक नमुनाको रुपमा लिएको छ ।

विशेष परिस्थितिमा सहकारी संस्थाहरु महिलाहरुलाइ आर्थिकआम्दानीकोलागिआवश्यकश्रोत उपलब्ध गराउने संयन्त्रको रुपमा स्थापना भएका हुन्छन । सहकारीमा भएको लगानीको प्रतिफल तथा वित्तिय श्रोतमा सहज पँहुचको कारण महिलाहरु एक हद सम्म आफ्नो र आफ्नो परिवारको जीवनस्तर उकास्न सक्षम हुनुको साथै आर्थिक रुपमा स्वतन्त्र भएको देखिन्छ । यसको साथै यस सहकारी संस्थामा मात्र भर पर्दा यसमा उपलब्ध आर्थिक अवसर सिमित भएकोले उनीहरुलाइ अन्य आय आर्जनको श्रोतमा संलग्न भएको देखियो । सहकारी संस्थाको आबद्धताले उनीहरुको रणनीतिक विकल्पको छनोटको क्षमतामा फरक आउनुको साथै आत्म संमान र निर्णय क्षमतामा समेत बृद्धि भएको अध्ययनले देखाउछ ।

यस सहकारी संस्थाले निश्चितरुपले तालिमको अबसर दिएको, बचत र लगानीको बाताबरण कायम गरेको साथै ऋणमा पँहुच दिएकोले, सहकारी सदस्यहरुले आफ्नो व्यावसायबाट उत्पादित बस्तुको बजारीकरण गर्नुका साथै अन्य विभिन्न भौतिक, आर्थिक तथा शिक्षा र सिप जस्ता श्रोतमा पँहुच दिन सहजीकरण गरेको देखिन्छ । यी श्रोतको अतिरिक्त सहकारीमा आबद्धता पछि त्यसका सदस्यहरु वीच कायम भएको सामाजिकसंजालले समेतले उनीहरुको सहज जीवन यापनकोलागि महत्वपूर्ण योगदान दिन सक्ने कुरा स्वयं सहकारी सदस्यहरु विश्वास गर्दछन । यसबाट सहकारी एककाम गर्ने थलो मात्र नभएर एक अर्का बीच ऐकबद्धता तथा सम्बन्ध कायम गर्ने थलोको रुपमा समेत देखियो । यसले सामाजिक समावेशीकरण र अपनत्वको भाव समेत देखाउछ ।

यस अध्ययनले सशक्तीकरण प्रकृया कति सम्म जटिल र परिस्थितिजन्य छ भन्ने दर्साउछ । सहकारी संस्थाहरु विश्वब्यापीरुपमा प्रभावकारी माध्यम नदेखिएपनि सशक्तीकरण प्रकृया शुरु गर्ने एक संबाहन भएको तथ्य अध्ययनले देखाउछ । सशक्तीकरण प्रकृयालाइ सहजीकरण गर्नु भनेको रोजगारी दिलाउनु वा आय आर्जन क्रियाकलापमा पँहुच हुनु भन्दा धेरै बढी हुनु आवश्यक छ । यो प्रकृया आधारभूत आय आर्जन भन्दा अगाडी बढदो आर्थिक सुरक्षा, राजनीतिक र कानुनी, सामाजिक सांस्कृतिक तथा मनोबैज्ञानिक, र पारिवारिक वा अन्तरबैयक्तिकसशक्तीकरण रहेको हुन्छ । अध्ययनबाट महिलाहरु राजनीतिक र प्रशासनिक रुपमा सशक्तीकरण भएको तथ्य देख्न सकिदैन । सहकारीले यी सबै पक्षमा साथसाथै प्रभाव पार्दछ भन्ने कुरा सान्दर्भिक देखिदैन । तैपनि वास्तविकतामा सहकारी संस्थाहरुले महिलाहरुको सिप, ज्ञान र आत्मविश्वासका साथ साथै उनीहरुको श्रोतहरु, अभावको अबस्थामा सहयोगकोलागि सामाजिकसंजाल प्रभाव पारेको छ । त्यसतै संस्थाले महिलाहरुलाइ परिवर्तन गर्न चाहेको अबस्थामा हुन सक्ने गरी योग्य समेत गराएको देखिन्छ ।

सहकारी संस्थाहरु लैंगिक संबन्धलाइ रुपान्तरण गर्ने सकृय माध्यमको रुपमा नलिएता पनि महिला मात्र सदस्य रहेको सहकारी संस्था भएकोले लैङ्गिकरुपमा विद्यमान श्रमको बाडफाँडलाइ एक हद सम्म निरुत्साहित गरेको देखिन्छ । संस्थाको नेतृत्वमा सदैव महिला रहने निर्णय प्रकृयामा महिला मात्र संलग्न रहने परिस्थितिले नेतृत्व विकास र निर्णय क्षमताका विभेद कम गर्न यस संस्थाले महत्वपूर्ण योगदान दिएको कुरामा विश्वास गरिन्छ । सास्कृतिक रुपमा हुने महिला विभेद सम्बन्धको कुरा गर्दा नेपालमा सबै जसो महिला विभेद गर्ने परम्परागत कानुनहरु रुपान्तरण भई सकेको अबस्था रहेकाले

सांस्कृतिक र सामाजिक स्तरका विभेद निर्मुल गर्न महिला सचेतनाको आवश्यकता पर्दछ । यसकोलागि समेत यस संस्थाले सचेतना सम्बन्धी कार्यक्रम संचालन गरेको पाइन्छ । सहकारी संस्थामा आबद्ध महिलाहरुले महिला विभेद र महिला हिंसा विरुद्ध सशक्त आबाज उठाउने गरेको र ती आवाजहरु सामाजमा केहि हद सम्म सुनिने गरेको यस अध्ययनले पुष्टि गर्दछ ।

# सन्दर्भ सामग्रीहरु


Alsop, R., Heinson, N. (2005). Measuring *Empowerment in practice: structuring, analysis and Framing Indicators. World Bank Policy Research Working Paper.Worldbank.org/doi/abs/10.1596/1813-9450-3510*

Bhasin, K. (2003).*Understanding Gender. New Delhi India: Kali for Women.*

Birchall, J., & Ketilson, L. H. (2000). *Resilience of the cooperative business model in times of crisis.*

Dash, B. M. (2011). *Repositioning women through cooperatives and dynamics of social inclusion: An indian perspective. SAARC JOURNAL, , 23.*

Eyben, R., Kabeer, N., & Cornwall, A. (2008). *Conceptualising empowerment and the implications for pro poor growth. Institute of Development Studies at the University of Sussex, Brighton, , 12.*

Huppi, M., & Feder, G. (1990). *The role of groups and credit cooperatives in rural lending. The World Bank Research Observer, 5(2), 187-204.*

Kabeer, N.(1999).*Resources, Agency, Achievements: Reflection on the Measurement of Women's Empowerment, Development & Change vol 30.UK: Blackwell Publishers Ltd.*

Moser, Caroline, O.N.(1989).*Gender Planning in the Third Word: Meeting Practical &Strategic Gender Needs. World & Development vol 17*

Moser, C. & Moser, A. (2005).*Gender mainstreaming since Beijing: A review of success and limitations in international institutions. Gender & Development, 13(2), 11-22. Doi:10.1080/13552070512331332283*

Maguire, P. (1984).*Women in Development: An alternative Analysis. University of Massachusetts, USA:Center for International Education.*

Majurin, E. (2012).*How women fare in east africa cooperatives: The case of Tanzania, Kenya and Uganda, ILO.*

Malhotra, A., &Schuler, S. R. (2005).*Women's empowerment as a variable in international development.*

McPherson, M. A. (1996). *Growth of micro and small enterprises in southern africa. Journal of Development Economics, 48(2), 253-277.*

Mosse, J.C. (1993).*Why Development is a Gender Issue, Half the World, Half a Chance. UK: Oxford*

Nippierd, A. (1999). *Gender issues in co-operatives. Journal of Co-Operative Studies, 32(3), 175-181.*

Pandolfelli, L., Meinzen-Dick, R., & Dohrn, S. (2008). *Gender and collective action: Motivations, effectiveness and impact. Journal of International Development, 20(1), 1-11. Doi:10.1002/jid.1424*

Sen, G. (1993). *Women's Empowerment and Human Rights: The Challenge to Policy. Paper presented at the Population Summit of the World'sScientific Academies*

Shahaya, S. (1998). *Women and Empowerment: Approaches and Strategies. Delhi India: Discovery Publishing House.*

Warman, M., & Kennedy, T. L. (1998). *Understanding cooperatives: Agricultural marketing cooperatives. US: Department of Agriculture, Rural Business-Cooperative Service.*

थपलिया, उ. ।(२०७३) । *दार्शनिक विश्लेषणमा महिला ।काठमाण्डौः कान्तिपुरदैनिक २०७३।८।१६, कान्तिपुर पब्लीकेशन प्रा. लि.।*

बेनेट, लि., सिजापती, ब. र थापा दि. । (२०१३) । *नेपालमा लैङ्गिक विभेद र सामाजिक बन्चितिकरण अद्यतन विश्लेषण । काठमाण्डौः हिमाल किताब ।*

नेपाल सरकार । (२०७२) । *नेपालको संविधान, २०७२, काठमाण्डौःकानुन आयोग नेपाल ।*

नेपाल सरकार । (२०६८) । *जनगणना २०६८, काठमाण्डौः तथ्यांक विभाग ।*

राष्ट्रिय योजनाआयोग ।(२०७३) ।*चौधौ योजना आधार पत्र ।काठमाण्डौं : राष्ट्रिय योजना आयोगं ।*

सहकारी विभाग, (२०७३) । *नेपालमा सहकारी संघ संस्था सम्बन्धि तथ्याङ्कीय विवरण । काठमाण्डौं सहकारी विभाग, कृषि तथा सहकारी मन्त्रालय*http://www.deoc.gov.np/downloadfile/Coop_data_1451631974.pdf

प्रज्वलित सामाजिक महिला उद्यमी सहकारी संस्था लि., (२०६८) *। विधान, २०६८ । भिंगृ प्यूठानः प्रज्वलित सामाजिक उद्यमी महिला सहकारी संस्था लि. ।*

*https://en.wikipedia.org/wiki/Pyuthan_District*

# अनुसूचीहरु

*अनुसूची १. मख्य सूचनादातासंग अन्तरवार्ताकोलागि सोधिएको प्रश्नहरुः*

१. तपाईको बारेमा केही बताइदिनुहोस् ।

२. तपाई यो संस्था खोल्ने भन्ने विचार कसरी आयो ?

३. महिला समुहबाट यसलाई सहकारीता परिणत गर्ने सोच कसरी आयो ?

४. यो संस्था स्थापना गर्न समयमा कस्ता कस्ता चुनौतीहरु आए ?

५. यो सहकारी खोल्नुको उद्देश्य के हो ?

६. तपाईहरुको उद्देश्य अनुरुप काम भइराखेका छ त ?

७. यस संस्थाका सदस्यहरुमा कस्ता कस्ता परिवर्तनहरु आएको पाउनु भएको छ ?

८. तपाईहरुको भावि योजना के कस्तो छ ?

१०. तपाईहरुलाई कुन कुन संघ संस्थाहरुले कस्ता किसिमका सहयोग गरेका छन् ?

११. तपाईहरुले ऋण प्रवाह कसरी गर्नु भएको छ ?

१२. अन्तमा तपाईको भन्नु केही छ ?

*अनुसूची २. सहकारीमा आवद्ध महिलाहरुसँग भएको सामुहिक छलफल सम्बन्धी चेकलिष्ट*

प्रज्वलित सामाजिकउद्यमी महिला सहकारीका सहस्यहरुसँग सामुहिक रुपमा छलफलको लागि चेक लिष्टः

पूर्व तयाारी

१. उत्तरदाता सदस्यहरुमध्ये २० जनाको सहभागितामा १०।१० जनाको २ वटा समुह निर्माण गरि फरक समयमा एकैस्थानमा छलफल गरिएको ।

२. शुरुमा एक अर्का बीच परिचय आदान प्रदान गरेको ।

३. समुह छलफल गर्नुको उद्देश्य शोधकर्ता स्वयंले प्रस्तुत गरिएको

४. छलफलमा निम्नानुसार प्रश्नहरु शोधकर्ता स्वयंल प्रस्तुत गरि त्यसबाट लिन खोजेको उत्तर समबन्धमा प्रकास परिएको

क. तपाईहरु समुह वा सहकारीमा आवद्ध हुनुभन्दा अगाडी आफ्नो दैनिकीको बारेमा केही भनिदिनुहोस् ।

ख. समुह वा सहकारीमा आवद्ध भइसकेपछिको अवस्था कस्तो छ त ?

५. सोधकर्ताले उपरोक्त प्रश्नहरुको उत्तरको अन्तिम निष्कर्ष सहजरुपमा उनीहरुको आवाजबाट लिन सहजीकरण गरिएको । यसमा आफ्ना विचार प्रस्तुत गरिएको र समुह सदस्यहरुको सकारात्मक विचार टिपोट गरिएको ।

## *अनुसूची ३. छनोट भएका उत्तरदाताको अन्तरवार्ता प्रश्नाबली*

उत्तरदाताको नाम.....................................तथ्यांक संकलन मितिं...................................

तथ्यांक संकलन गरिएको ठाउँ...........................वार्ड नं.........

सहकारी संस्थाको नाम : प्रज्वलित बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भिंगृ प्यूठान

१. तपाइको परिवार कस्तो प्रकारको हो ?

क) संयुक्त ख) एकल

२. तपाईको परिवारमा को को हुनुहुन्छ ?

क)............................................ख).......................................

ग)............................................घ)......................................

३. तपाई कुन जात जातिमा पर्नु हुन्छ ?

क) बाहाडी बाहुन, क्षत्री ख) जनजाति (मगर, गरुङ्ग, नेवार, कुमाल आदि) ग) दलित

घ) अन्य

४. तपाईको शिक्षा कति छ ?

क) निरक्षर ख) साक्षर ग) उच्च शिक्षा घ) अन्य

४.१ उच्च शिक्षा नलिनुभएको भए शिक्षालाई निरन्तरता किन दिनु भएन ?

क) घर परिवारको सहयोग गर्न परेकाले

ख) आर्थिक अभावको कारणले

ग) छिटो विवाह भएकोले

घ) अन्य ........................

५. तपाइको छोरा छोरीको शैक्षिक अबस्था कस्तो छ ?

| क.स. | छोरावा छोरी | शिक्षा तह | स्कुल कलेज |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

६. छोरीलाई शिक्षा दिनुपर्छ भन्ने कुरामा तपाइको धारणा के छ ?

क) दिनुपर्छ ख) दिए पनि हुन्छ, नदिए पनि हुन्छ ग) दिनु पर्दैन

६.१ दिनु पर्छ भने किन दिनु पर्छ?

६.२ दिनु पर्दैन भने किन दिनु पर्दैन?

६.३ दिए पनि हुन्छ, नदिए पनि हुन्छ भने किन यसो भनेको हो ?

७. घरमा आफ्नो छोरीलाई पर्याप्त पढ्ने समय दिनुहुन्छ ?

क) दिन्छु  ख) दिन्नँ  ग) आफै समय मिलाउछन्

७.१ दिनु हुन्छ भने कति समय दिनु हुन्छ?

७.२ दिनु हुदैन भने के काम लगाउनु हुन्छ ?

७.३ आफै समय मिलाउछन भने किन ?

८. यस सहकारी संस्थामा कहिले देखि आबद्ध हुनु भएको हो ?

क) स्थापना काल देखि  ख) पछि

९. तपाई किन यो सहकारी संस्थामा आबद्ध हुनु भएको हो ?

१०. यस संस्थामा कसको प्रेरणाले लाग्नुभएको हो ?

क) स्वेच्छाले  ख) सहकारी सदस्य भएका साथीहरु  ग) पारिवारिक सदस्य

घ) अन्य ...........................

११. संस्था स्थापना कालमा के गाउँका पुरुषहरूले महिलाहरुलाई संगठित गर्न प्रेरित गरेका थिए ?

क) थिए  ख) थिएनन्

११.१ थिए भने कसरी ?

११.२ थिएन भने कसरी ?

१२. तपाइ सहकारी बाहेक अन्य संस्थामा आबद्ध हुनु हुन्छ कि हुनु हुदैन?

क) छु  ख) छैन

१२.१ हुनु हुन्छ भने कुन संस्थामा हुनु हुन्छ र कहिले देखि हुनु हुन्छ ?

क) संस्थाहरु १.................... सहकारीको सदस्य हुनु भन्दा पहिले देखि (  ) वा पछि (  )

२.................................. सहकारीको सदस्य हुनु भन्दा पहिले देखि (  ) वा पछि (  )

३............................... सहकारीको सदस्य हुनु भन्दा पहिले देखि (  ) वा पछि (  )

१३. तपाइ कुनै राजनीति दलमा आबद्ध हुनु हुन्छ वा हुनुहुन्छ ?

क) छु  ख) छैन

१३.१ हुनुहुन्छ भने कुन हैसियतमा हुनुहुन्छ र कहिले देखि हुनुहुन्छ ?

१३.२ हुनुहुन्न भने किन  हुनुहुन्न ?

१४. तपाइ कुनै जागिरमा आबद्ध हुनु हुन्छ वा हुनुहुन्छ ?

क) छु		ख) छैन

१४.१ हुनुहुन्छ भने कुन हैसियतमा हुनुहुन्छ ?

क) सहयोगि		ख) मध्यम तह		ग) निर्णायक तह

१४.२ हुनुहुन्न भने किन  हुनुहुन्न ?

क) योग्यता नभएर		ख) आवश्यकता नखेखेर		ग) जानकारी नभएर

ग) प्रतिसप्रधागर्न नसकेर		घ) अन्य कारण....................

१४. यस अघी तपाइको पेशा के थियो ?

क) खेतीपाती		ख) नोकरी		ग) व्यापार

घ) ज्याला मजदुरी		ङ) अन्य : .....................

१५. यस संस्थामा आबद्ध भए पछि तपाइको पेशामा के फरक भएको पाउनु भयो ?

१६. तपाइको परिवारको. जमिनको स्वामित्व को संग रहेको छ ?

क) श्रीमान्को नाममा		ख) श्रीमतीको नाममा		ग) दुवैको नाममा

घ) अन्य .................

१६.१. तपाइको नाममा या संयूक्त भएको भए के कारणले भएको हो ?

क) दाइजो

ख) अंश बन्डा

ग) नाम सारी

घ) तपाइको आम्दानीबाट खरिद

ङ) अन्य .........................

१७.तपाई सामूहिक वचत संकलन र ऋण लगानी कार्यक्रममा के तपाई सहभागी हुनुभएको छ ?

क) छु		ख) छैन

१७.१ हुनुहुन्छ भने कसरी हुनुहुन्छ ?

१७.२ हुनुहुन्न भने किन  हुनुहुन्न ?

१८. तपाईले यस सहकारी संस्थामा बचत गर्नु भएको भए के प्रयोजनको लागि गर्नुभएको हो ?

क) अनिबार्य भएकोले गरेको तर प्रयोजन थाहा छैन

ख) भविष्यमा परिवारको आवश्यकता पुरा गर्न काम लाग्छ भनेर

ग) भविष्यमा ब्यक्तिगत आवश्यकता पुरा गर्न काम लाग्छ भनेर

घ) ख र ग दुबैकोलागि

ङ) अन्य ............................................

१९. यस संस्थाबाट ऋण लिनु भएको भए के का लागि लिनुभएको हो ?

क) घरायसी खर्चको लागि

ख) सन्ततीको पढाइको लागि

ग) व्यापार तथा व्यवसायको लागि

घ) वैदेशिक रोजगारको लागि

ङ) अन्य ..................................................

२०. व्यापार गर्नको लागि भए कस्तो किसिमको व्यापार गर्नु भएको छ ?

क) किराना पसल

ख) कपडा पसल

ग) होटल

घ) पुस्तक पसल

ङ) व्यवसायिककृषि

च) अन्य ..........................................................

२१. व्यवसायिककृषिमा लगानी गर्नु भएको भए के मा लगानी गर्नु भएको छ ?

क) पशुपालन व्यवसाय　　　　ख) माछापालन

ग) तरकारी खेती　　　　घ) खुद्रा पसल

ङ) अन्य............................

२२. व्यापार तथा व्यवसायिककृषिबाट हुने आम्दानीले घर खर्च गर्न, संस्थालाई व्याज तिर्न र अतिरिक्त वचत गर्न पुग्छ कि पुग्दैन ?

क) पुग्छ　　ख) पुग्दैन

२३ उपरोक्त कार्यमा तपाइको परिवारका सदस्यहरुले सहयोग गर्छन् कि गर्दैनन् ?

क) गर्छन्　　　　ख) गर्दैनन्

२३.१ गर्छन भने कसरी गर्छन ?

२३.२ गर्दैनन भने किन गदैनन ??

२४. यस संस्थाको स्थापना भएपछि कुन कुन कार्यक्रमहरूमा तपाई सहभागि हुन भयो ?

क) सामाजिक समस्याको समाधान

ख) विकास निर्माणको काम

ग) जनचेतना अभिवृद्धि

घ) महिला साक्षरता कार्यक्रम

ङ) महिलाहरूको नेतृत्व विकास

च) महिलाहरूको आय आर्जनको काम

छ) वचन संकलन र लगानी

२५. उपरोक्त कार्यक्रमहरूमा तपाई भूमिका के हुन्थ्यो ?

क) सामन्य सहयोगि

ख) समुहको नेता

ग) मूख्य आयोजक

घ) ब्यबस्थापक

ङ) अन्य ................................

२६. तपाइ महिला सहकारी संस्थामा सदस्य बन्दा तपाइको परिवारले कस्तो महशुश गरेको पाउनु भएको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) तटष्थ

२६.१ सकारात्मक भए के के हुन ?

२६.२ नकारात्मक भए के के नकारात्मक पाउनु भयो ?

२६.२ तटष्थ भए किन ?

२७. तपाइ महिला सहकारी संस्थामा सदस्य बने पछि छर छिमेक तथा समुदायमा केहि परिवर्तन भएको पाउनु भएको छ ?

२९. तपाइले तपाइको ब्यावसाय संवन्धी कारोवार गर्दा महिला भएको कारण केहि समस्या भोल्नु परेको छ वा छैन ?

क.) छ ख.) छैन

२९.१ छ भने समस्या उल्लेख गर्नुहोस ।

३०. तपाई संस्थाको नियमित बैठकमा उपस्थित हुनुहुन्छ कि हुनुहुदैन ?

क) हुन्छु ख) हुँदैन

३०.१ हुनुहुन्छ भने किन हुनुहुन्छ ?

३०.२ हुनुहुन्न भने किन हुनुहुन्न ?

३१. सहकारी संस्थाको प्रशासनिक र आर्थिक गतिविधि बारेको जानकारी कसरी पाउनु भएको थियो ?

क) हरेक साधारण सभाबाट

ख) हरेक मासिक बैठकबाट

ग) आफैले सोधपुछ गरेर

३२. सहकारीले तपाईको आम्दानीको श्रोतमा वृद्धि गरेको छ, छैन् ?

क) छ ख) छैन

३२.१ छ भने कति प्रतिशत वृद्धि गरेको छ ?

३३. सहकारीको सदस्य भएपछि आफ्नो जीवन स्तरलाई कसरी तुलना गर्नु हुन्छ ?

क) धेरै राम्रो ख) राम्रो

ग) सन्तोषजनक घ) खासै फरक परेन

३४. यस संस्थामा लागेर तपाईले व्यवसायिकसिप सिक्ने मौका पाउनुभयो ? क) पाएँ

ख) पाइन

३४.१ यदि पाउनुभएको भए कस्तो सिप सिक्नुभयो ?

३५. संस्थाका नीति नियम, कार्यक्रम बनाउने कुरामा सरसल्लाह र सुझाव दिने गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

३५.१ दिनु हुन्छ भने कस्तो सुझाव दिनुहुन्छ ?

३५.२ नदिने भए किन दिनुहुन्न ?

क) केही थाहा नभएर ख) बोल्न लाज लागेर

ग) आफ्नो कुरा अरुले नसुन्ने भएर घ) अन्य ..............................

३६.तपाइको ब्यक्तिगत जीवन सम्बन्धी निर्णय दिन के तपाइ सक्षम हुनुहुन्छ ?

क) छु ख) छैन, अरुको सहयोग चाहिन्छ

३६.१ हुनुहुन्छ भने कुन कुन निर्णय अरुको सहयोग बिना आफै गर्नुहुन्छ ?

क) आफ्ना आम्दानीको लगानी गर्ने ख) ब्यक्तिगत चाहानाको बस्तु प्राप्त गर्ने

ग) आफुले चाहेको साथिलाइ सहयोग गर्ने घ) अन्य ........................

३७. के तपाइ सहकारीको कारण आफसलाइ आर्थिक तथा भौतिकरुपमा सुरक्षित हेर्नुहुन्छ (अर्थात अर्काको सहयोग बिना जीवन यापन गर्न सक्नुहुन्छ) ?

क) देख्छु ख) देख्दैन

३८. आर्थिक तथा भौतिकरुपमा सुरक्षित हेर्नुहुन्छ भने किन देख्नुहुन्छ ?

क) मेरो आफै आर्थिकश्रोतमा पँहुच भएकोले परिवार चलाउन सकिने भएको

ख) सिपमुलक क्षमता बृद्धि भएकाले रोजगारीमा समस्या नभएकोले

ग) साथि संगि संग संबन्ध बिस्तार भएकोले सहयोग प्राप्त हुने भएकोले

घ) अन्य.................................

३९.घरायसी कुराहरुको निर्णयमा तपाइको कस्तो भूमिका रहन्छ ?

क) सक्रिय सहभागिता ख) मध्यम सहभागिता ग) निष्क्रिय सहभागिता

३९.१ सक्रिय सहभागिता हुने भए तपाइको किन कुन कुन निर्णय परिवारकि निर्णय ठहर्छ ?

क) दैनिक खान पीन सम्बन्धी ख) बाल बच्चाको हेरचाह र शिक्षा दिक्षा

ग) लेन देन घ) ब्यापार ब्यबसायको छनौट सम्बन्धी

ङ) सबै जसो महत्वपूर्ण काममा च) अन्य.............................................

३९.२ निष्क्रिय सहभागिता हुने भए किन ?

क) निर्णय गर्न सक्षम नभएकाले ख) श्रीमान्ले निर्णय गर्ने भएकाले

ग) आफ्ना कूरा लागू नहुने भएकाले घ) अन्य .......................................

४०. सहकारीमा आबद्ध भए पछि तपाइको दैनिक घरमा काम गर्ने समय घटेको या बढेको के पाउनु भएको छ ?

क) घटेको ख) बढेको ग) फरक परेको छैन

४०.१ घटेको भए कति घटेको पाउनु हुन्छ ?

४०.१ बढेको भए कति बढेको पाउनु हुन्छ ?

४१. छर छिमेकमा हुने सामाजिककुराहरूको निर्णय प्रक्रियामा तपाईको भूमिका कस्तो रहन्छ ?

क) निष्क्रिय ख) मध्यम ग) सक्रिय

४१.१ निष्क्रिय भूमिका भए किन भएको हो ?.........................

४१.१ मध्यम वा सक्रिय भूमिका भए कस्तो कस्तो भूमिका निभाउनु हुन्छ ?

क) नेतृत्वदायी ख) सहयोगि ग) विज्ञ घ) अन्य

४२.सामाजिक र घरायसी कार्यको निर्णय प्रक्रियामा सहभागी हुने बानीको विकास कहिले देखि भएको हो ?

क) पहिल्यै बाट थियो ख) सहकारी संस्थामा आवद्ध भए पछि

ग) अन्य..................................

४३. समाजमा कहिले काहीँ हुने थिचो मिचो र अन्यायको विरोधमा आवाज उठाउनु हुन्छ कि हुँदैन ?

क) आवाज उठाउँछु ख) त्यति वास्ता गर्दिन

४३.१ आवाज उठाउँनु हुन्छ भने के विषयमा उठाउनु हुन्छ ?

क) लैङ्गिका विभेद ख) महिलामाथि हुने दमन ग) कुरुती विरुद्ध

घ) सामाजिक अन्याय ङ) अन्य....................................

४३.२ वास्ता नगर्ने भए किन गर्नु हुन्न ?

क) हाम्रो आवाज कसले सुन्छ र ?

ख) क्षमता र ज्ञानको कमिले

ख) अन्य.............................

४४. उठाउनु हुन्छ भने सामाजिककुरामा तपाइको आवाज सुनिन्छ ?

क) सुनिन्छ ख) कहिले काहीँ सुनिन्छ ग) सुनिन्न

४४.१ सुनिन्छ भने कुन कुन आवाज सुनिन्छ ?

४४.२ सुनिन्न भने किन सुनिन्न

क) लैंगिक विभेदको कारण

ख) पितृ सत्ताको कारण

ग) सही विषयमा आवाज नउठने भएकोले

घ) अन्य कारण....................

४५.तपाई यो संस्थामा आबद्ध भइसकेपछि समाजमा आफ्नो हैसियत कस्तो भएको महशुस गर्नुभएको छ ?

क) जस्ताको तस्तै ख) राम्रो हुँदै आएको ग) धेरै राम्रो भएको

४६.तपाई यो संस्थामा आबद्ध भइसकेपछि अन्य सदस्यहरुसंग संबन्ध कस्तो पाउनु हुन्छ ?

क) सहयोगि ख) जस्ताको तस्तै ग) असहयोगि

४६.१ सहयोगि संबन्ध भए एक आपसमा के के सहयोग गर्नु हुन्छ ?

क) सरसापटी ख) दुख सुखमा सहयोग ग) ब्यापार ब्याबसायमा

घ) सिप र ज्ञानको बाडफाड ङ) अन्य..........................

४६.२ असहयोगि संबन्ध भए किन असहयोगि ?

४७.तपाईको संस्था गठन भए पछि समाजमा महिला सशक्तीकरणका लागि कस्तो परिवर्तन भएको महसुस गर्नु भएको छ ?

क) महिला साक्षरताको अवसर

ख) स्वास्थ्य र सरसफाईमा वृद्धि

ग) सामाजिक विकृतिहरूको अन्त्य

घ) विकास निर्माणमा महिला सहभागिता

ङ) नेतृत्वको विकास

च) आय आर्जनमा विकास

छ) अन्य

४८. अन्तमा तपाईको केही भन्नु पर्ने भए कृपया उल्लेख गर्नु होला ।

......................................................................................................................

**तपाईको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धन्यवाद ।**